सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

saptahik.com.np

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

● वर्ष २५ ● FRIDAY, 17 JANUARY 2020 ● शुक्रबार, माघ ०३, २०७६ ● मूल्य रु. १५/-



मध्यपृष्ठमा सफ्टवेयर इन्जिनियरको स्कुवा मोह



## हातहातमै सवारी

### सहरमा राइडिङ एप्सको क्रेज



जुमइन



तस्बिर : नवराज वाग्ले

# इतिहास बुझ्ने
# बलियो आधार चित्र नै हो



***मुख्य तस्बिर :*** *कान्तिपुरका अन्तिम मल्ल राजा जयप्रकाश मल्ल । यिनी राजाहरूमा नेपालेश्वर उपनामले समेत चिनिन्छन् । जयप्रकाशको शासन कालमा कान्तिपुर राज्य स्वर्णयुगमा प्रवेश गरेको विश्वास गरिन्छ ।*

***इन्सेटमा :*** *मल्लकालीन समयमा भक्तपुरका राजा रञ्जित मल्लले पाटनको राजाको पद खाली भएपछि भक्तपुरसँगै पाटनको पनि विकास गर्ने र जनताहरूलाई कुनै किसिमको दुःख दिन्न भनेर मणि मण्डप गणेशलाई साक्षी राखेर खाएको शपथ पत्र ।*

**प्रकाश रानाभाट**

चित्रले कुनै पनि समाजको संस्कृति, सभ्यता र इतिहास बोल्न सक्छ । अझ ऐतिहासिक चित्र हुन् भने त तिनले आफ्नो समयको समाज नै अभिव्यक्त गर्छन् । इतिहासमा चित्रकलाको भूमिकाबारे कलाकार एकाराम सिंको बुझाइ पनि यस्तै छ । कलाकार सिं र चित्रकलाबीचको सम्बन्ध घनिष्ठ र बेजोड किसिमको छ । नजिकबाट नेपाली इतिहासको चित्रकला, समाज, सभ्यता तथा संस्कृति बुझ्नेहरू उनलाई यी चित्रकला र इतिहास अध्ययनका परिपूरक मान्छन् ।

सिंमा सानैदेखि नेपाली कला, इतिहास तथा भूगोलसम्बन्धी भोक थियो । उनी विद्यालयमा छँदै अर्थात् बाल्यकालदेखि नै चित्र कोर्थे । त्यसको भोकले उनलाई यतिसम्म बेचैन बनायो कि उनले त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तरसमेत इतिहास, कला तथा संस्कृति विषयमै गरे । उनको अध्ययनको भोक यतिमा मात्रै सीमित भएन । उनले विभिन्न नेपाली चित्रकलाहरूका बारेमा रिसर्चसमेत गरे । जहाँ उनलाई समय-समयमा नेपालबाट विदेश पुगेका नेपाली चित्रकलाहरूको बारेमा थाहा पाउने अवसर मिल्यो । उनले त्यही क्रममा नेपालका त्यस्ता चित्रहरूका बारेमा जानकारी पाए, जुन नेपाल र नेपालीले नबुझेको तर, विदेश र विदेशीले चिनेर विदेशसम्म पुऱ्याएका थिए । ती चित्रहरूको अध्ययन गर्दै जाँदा उनलाई ती चित्रले नेपालको धेरै महत्त्व बोकेको र त्यसलाई जसरी भए पनि हुबहु उतार्नुपर्छ भन्ने लाग्यो ।

नेपाली इतिहास र सभ्यता बोकेका ती चित्र हेर्नका लागि नेपालीहरू विदेश जान नसक्ने र त्यसको नेपालमै जर्गेना गर्नुपर्छ भन्ने उद्देश्यले उनले तिनै चित्रहरू बनाउन थाले । एकाराम विगत २० वर्षदेखि नेपाली इतिहास बोकेका चित्रहरूको अध्ययन, निर्माण, जर्गेना तथा सूचना दिने काममा सक्रिय छन् । यो बीचको अवधिमा उनले लिच्छविकालीन समय, मल्लकालीन समय, राणाकालदेखि शाह राजासम्मको चित्रका साथै विभिन्न देवीदेवताका चित्रहरू कोरेका छन् ।

उनका चित्रहरूमा केही शाह राजाहरू, मल्लकालीन समयका राजा भूपतेन्द्र मल्ल, खस प्रदेशका राजा रिपु मल्ल, ललितपुरको पाटनमा कृष्ण मन्दिर बनाउने सिद्धिनरसिंह मल्ल, राजाहरूमा नेपालेश्वरका नामले चिनिने राजा जयप्रकाश मल्ल, नेपाल एकीकरणका अभियन्ता पृथ्वीनारायण शाह र पहिलो राणा प्रधानमन्त्री जंगबहादुर राणासमेत अटाएका छन् ।

त्यस्तै उनले काठमाडौं उपत्यकाका नेवार समुदायले महत्त्वका साथ हेर्ने बिस्केट जात्रा, काठमाडौं उपत्यकामा आक्रमण गर्न आएका पाल्पाका राजा मुकुन्द सेन र उनका सैनिक, विभिन्न तान्त्रिक चित्रहरू, नेपालको सती प्रथा, बाइसे चौबीसे राज्यअन्तर्गतको कान्तिपुरको तत्कालीन समयको नक्सा, मल्लकालीन समयको शपथपत्र, केही वाल पेन्टिङ तथा केही देवीदेवताका चित्रहरू बनाएका छन् । ती चित्रहरू बनाउन उनले जीवनको ६ महिनादेखि ३ वर्षसम्म खर्चिएका छन् ।

> “हाम्रो इतिहासको कालखण्ड बुझाउने चित्र आज बेलायत, अमेरिका, अस्ट्रेलिया, ताइवान र विभिन्न मुलुकमा पुगेका छन्,

ती सबै चित्रले नेपालको विभिन्न समयको तत्कालीन समाज, चालचलन, परम्परा, रीतिरिवाज, संस्कृति तथा सभ्यताका बारेमा बुझ्न मुख्य भूमिका खेल्छ । माथि उल्लेख गरिएका चित्रहरूमध्ये केही मात्र नेपालमा रहेका तर प्रायःजसो सबै चित्र विभिन्न देशमा पुगिसकेको इतिहासविद् तथा कलाकार एकाराम सिं बताउँछन् । हाम्रो इतिहासको कालखण्ड बुझाउने चित्र आज बेलायत, अमेरिका, अस्ट्रेलिया, ताइवान र अन्य विभिन्न मुलुकमा छन्, ती चित्रहरूको राज्यले संरक्षण गर्न नसक्नु दुःखको कुरा भएको उनी बताउँछन् ।

'नेपाली समाजका हाम्रा केही त्यस्ता चित्रहरू थिए, जुन चित्रहरू केवल चित्र मात्र नभएर त्यो बेलाको इतिहास तथा सभ्यतालाई बोक्ने काम गरेका थिए । इतिहासका चित्रहरूलाई हामीले चिन्न सकेनौं, बरु विदेशीले चिन्यो, सिं भन्छन्- 'त्यही भएर आज हाम्रा मौलिकता बोकेका नेपाली चित्रहरू विदेशका संग्रहालयमा छन् । हाम्रोमा त एउटा चित्र राख्ने म्युजियमसम्म पनि छैन । एउटा छ भक्तपुरमा आर्ट म्युजियम, त्यहाँबाट पनि हाम्रा चित्रहरू चोरी भएका छन् । अहिले त्यहाँ (म्युजियम) बाहिर सस्तो मूल्यमा पाइने थान्काहरूले भरिएका छन् । आफ्नो देशको मौलिकता जोगाउने काममा राज्य नै अग्रसर भएर लाग्नुपर्ने हो, तर राज्य यस्तो कार्यमा चासो नभएको जस्तो देखिन्छ ।'

एकारामको मुख्य उद्देश्य चित्रको माध्यमबाट परापूर्वकालको इतिहास, त्यो बेलाको सभ्यता, चित्र लेखन, समाज, मौलिकता, लिपि, भाषा तथा राजा-महाराजाका बारेमा अहिलेको मानिसलाई बुझाउन खोज्नु तथा सूचना दिनु हो । उनी आफैं बिस्तारै आर्टसम्बन्धी एउटा म्युजियम बनाउने योजनामा छन्, जहाँ उनले आफूले बनाएका चित्रहरू राख्नेछन् । एकाराम नेपाल इतिहास झल्काउने कुनै पनि चित्र बेच्न चाहान्नन् । चित्रहरू आफूलाई आफ्नो सन्तानजस्तो लाग्ने कारणले पनि उनलाई त्यसमा रुचि लाग्दैन ।

राज्यले पनि इतिहास बुझाउनका लागि किताबको प्रयोग गर्ने गर्छ तर अझैसम्म पनि चित्रलाई पुरातात्त्विक विषय नभनेर संरक्षण गर्ने गरेको छैन । पहिला चित्र नै त्यो एउटा आधार थियो, जसले अहिलेको जस्तो क्यामेरा नभएको समयमा पनि इतिहासलाई जोगाउने, बुझाउने तथा चिनाउने काम गरेको थियो ।

वि.सं २०७१ मा भक्तपुरको काष्ठमण्डपमा माथि भनिएजस्तो २५ वटा चित्रलाई उनले प्रदर्शन गरे । पुरातत्त्व विभागले १५ दिनका लागि प्रदर्शन गर्न अनुमति दिए पनि मान्छेको उल्लेख्य भीड र काष्ठमाण्डपको पुरानो संरचनाका कारण उनले त्यो प्रदर्शनी ३ दिनभन्दा बढी देखाउन सकेनन् । उक्त मन्दिर ०७२ सालको भूकम्पले भत्कायो । त्यसयता उनले पनि विभिन्न कारणले इतिहास बोकेका आफ्ना चित्रहरू देखाउन पाएका छैनन्ध ।

पर्यटन/संस्कृति

# सहरभरि मुस्कुराइरहेका यती




तस्बिर : महेश प्रधान

प्रकृति दाहाल

चलचित्र हेर्न सुन्धारास्थित सिभिल मल पुगेका कोटेश्वरका दीपक अवालेको आँखामा अचानक मानवजस्तो देखिने ठूलो आकृति ठोक्किन्छ। अचम्म मान्दै उनी एकछिन रोकिन्छन्। मूर्तिको दायाँ-बायाँ नियाल्छन्। अलमलमा पर्छन्। केही बेरमा भेउ पाएपछि भन्छन्, 'भिजिट नेपाल-२०२० सँग सम्बन्धित मूर्ति पो रहेछ।'

न्युरोडकी सुमन श्रेष्ठ मलमा राखिएको मानव आकृतिसँग रमाइरहेको अवस्थामा भेटिइन्। आफूभन्दा अग्लो मूर्ति देखेर अचम्म मान्दै त्यसको तस्बिर लिइन्। र, एक सेल्फी पनि लिइन्। यो केको मूर्ति होला ? उनी अलमलिइन् र सोचेर भनिन्, 'बुद्ध हो कि ! चिनियाँ बुद्धजस्तो लाग्यो मलाई त।'

ललितपुरको लाबिम मल पुगेकी बानेश्वर बस्ने प्रतिमा केसीलाई पनि यो मानवजस्तो देखिने मूर्तिबारे स्पष्ट जानकारी रहेनछ। उनले यो मूर्तिबारे साथीहरूबीच चर्चा चल्ने गरेको र यो यती भएको सुनेको बताइन्। यसको वास्तविकताबारे बुझ्ने इच्छा भएको समेत सुनाइन्। ठमेलको चोकमा राखिएको यस्तो आकृतिले धेरैको ध्यान तानेको छ।

रंगीविरंगी अग्लो आकृति हेर्दै तस्बिर खिचाउने भीड नै लागेको छ। यो हो के ? भन्ने स्पष्ट नभए पनि यसको अनौठो शारीरिक बनोट, यसको शरीरमा कोरिएको कलाकारिता र यसबारे मानिसको फरक-फरक धारणाले धेरैबीच चर्चाको विषय बनेको छ। चर्चाको बीचमा खिचिएका तस्बिर सामाजिक सञ्जालमा भाइरल नै बनेको छ।

यतिबेला सिभिल मल, लाबिम मल, पाटन दरबार स्क्वायर, ठमेल एयरपोर्टजस्ता पर्यटकीय स्थलहरूमा यस्ता ठूला कलात्मक आकृति देख्न सकिन्छ। यसरी सहरका चोकहरूमा मुस्कुराइरहेका आकृति अरू केही नभएर हिममानव यतीका मूर्तिहरू हुन्। भिजिट नेपाल-२०२० लाई लक्षित गरी यतिबेला सहरमा यतीका मूर्तिहरू विस्तार भइरहेका छन्। हिममानवको सम्बन्ध हिमालसँग अत्यधिक हुने भएकाले यती पनि नेपालकै हो भनेर सावित गर्न यतीको मूर्ति विस्तार गरिएको बताउँछन्, भिजिट नेपाल-२०२० अन्तर्गत यती आर्ट कमिटीका संयोजक प्रेमप्रभात गुरुङ।




उनका अनुसार बुद्ध र सगरमाथाका नामले नेपालले चिनेझैं यतीको इतिहास पनि नेपाल नै हो भनेर प्रचार गर्न यतीको मूर्ति विस्तार गरिएको हो। अहिले १ सय ८ यतीका मस्कटहरू निर्माण भइरहेका छन्। मस्कटलाई १ सय ८ कलाकारहरूले नै कला भरिरहेका छन्। मूर्तिहरू शान्त, सुन्दर, हँसिलो देख्न सकिन्छ। यतीको क्यानभासलाई नेपालका सांस्कृतिक पक्षहरूले सजाइएको छ। यतीमा तराई, पहाड र हिमालका संस्कृतिहरूलाई दर्शाउन खोजिएको छ।

यती मस्कटको चित्र कोरेका हुन् कलाकार आङछिरिङ शेर्पाले। किंवदन्तीकै आधारमा यतीलाई परिभाषित गरेझैं उनले मस्कटको चित्र कोरेको बताउँछन् उनी। कहिल्यै नदेखेको यतीलाई चित्रमा उतार्न समस्या भएको सम्झन्छन् उनी। यती ठूलो डरलाग्दो भनेर सुनेकै आधारमा उनले चित्र कोरे। तर त्यो एकदमै ठुलो भयो। उनी भन्छन्- 'पेन्टिङ र मूर्ति बनाउनका लागि भने त्यसलाई पछि मोडिफाई गरियो।'

शेर्पाले कोरेको मस्कटलाई मूर्तिको आकार बनाउने काम गरेका हुन्, मूर्तिकार विजय महर्जनले। महर्जनलाई यतीका मास्टर पिस बनाउनका लागि पाँच दिन लाग्यो। उनका अनुसार मूर्ति बनाउन र पेन्टिङ गर्न सहज होस् भनेर दुई खुट्टाको बीचमा दुई हातसहितको यतीको मूर्ति निर्माण भएको हो। समूहको निष्कर्षअनुसार ७ फिटको यतीको मूर्ति निर्माण गरिएको उनी सुनाउँछन्।

उनी भन्छन्, 'ठूलो बनाउँदा सबैको ध्यान पुग्ने र तस्बिर खिच्नसमेत सहज हुने भएकाले ७ फिटको यतीको मूर्ति निर्माण गरिएको हो।' फाइबर ग्लासबाट निर्मित उक्त मूर्तिहरू ४५ देखि ५० केजीसम्म छन्। उनका अनुसार यतीको मूल्य भने पाँच लाख रुपैयाँ रहेको छ।

## पर्यटन प्रवर्द्धनका लागि यती



प्रेमप्रभाव गुरुङ, संयोजक, यती आर्ट कमिटी

**यती के हो ?**

हिउँमा बस्ने हिममानव नै यती हो। यो हिमालयमा बस्छ। यो यती थियो र छ भन्ने विषयमा संसारभर तर्क-वितर्क चलिरहेको छ। सत्य के हो पछि थाहा होला, तर यदि छ भने यती नेपालको हो। किनभने हिमालको देश नेपाल हो।

**भिजिट नेपाल-२०२० मा यतीको मस्कट निर्माण गर्नुको उद्देश्य के होला ?**

नेपाल हिमालयको देश हो। संसारभार यतीको विषयमा चर्चा छ। खोजी छ। महत्त्व छ। हामी सगरमाथाको देश, गोर्खालीको देश, खुकुरीको देश, बुद्धको देशजस्तै यतीको देश भनेर चिनाउन चाहन्छौं। यदि यती छ भने त्यो नेपालमा छ किनभने हिमाल भनेकै नेपालको हो भन्ने प्रचार-प्रसार गर्नका लागि मस्कट निर्माण गरिएको हो। नेपालीहरू पनि यतीका बारेमा जानकार हुनुपर्छ। विदेशीलाई पनि यतीमार्फत नेपालको परिचय दिन सक्नुपर्छ भन्ने हो। सन् १९५० तिर यती खोज्नका लागि नेपाल सरकारबाट मान्यता प्राप्त लाइसेन्स लिनुपर्थ्यो। विश्वभरबाट यती खोज्न नेपाल आउने विदेशीहरू थुप्रै हुन्थे, तर यतिबेला नेपालमा भने यो अवस्था छैन। भिजिट नेपाललाई प्रचार-प्रसार गर्दा यतीलाई पनि नेपालको पहिचान छ भनेर चिनाउन खोजिएको हो।

**भिजिट नेपाल-२०२० सुरु भइसकेको छ। प्रचार-प्रसारमा यतीको मस्कटले कसरी सहयोग पुर्‍याएको छ त ?**

अवश्य पनि पुर्‍याएको छ। अझै पुर्‍याउनेछ। यतीको मस्कट निर्माण भएसँगै छोटो समयमा धेरै चर्चा बटुलेको छ। १ सय ८ वटा मस्कट बनाउने हो। अहिलेसम्म ६० वटाको माग निश्चित भइसकेको छ। विदेशको कुरा गर्नुहुन्छ भने हालसम्म वासिङ्टन डिसीअन्तर्गत वर्ल्ड बैंक, न्युयोर्क रुबिन म्युजियम, भुटानको थिम्पुले खरिद गरिसकेको छ। अन्तर्राष्ट्रिय स्तरमा यतीलाई फैलाउन थप पहल गरिरहेका छौं।

**आममानिसको धारणाअनुसार यतीको स्वरूप बनेन भनिन्छ नि ?**

सही कुरा गर्नुभो। यतीलाई सधैंभर नकारात्मक रूपमा हेरियो। ऊ डरलाग्दो छ। रिसाहा छ। नराम्रो छ यस्तै-यस्तै। तर, यस मस्कटमा नेपालको यती शान्त र सुन्दर छ। बलियो र धैर्य छ भनेर देखाउन खोजेका छौं। यति मात्रै होइन बुद्धको देशमा रहेको यतीले ध्यान पनि गर्छ भन्ने सन्देश दिन खोजेका छौं।

**यती कहाँ-कहाँ राखिनेछ ?**

यती सार्वजनिक स्थानमा, मल, सपिङ सेन्टरहरूमा, विमानस्थलमा अहिले राखिएको छ। अब अन्नपूर्ण बेसक्याम्प र सगरमाथा बेसक्याम्पमा पनि राखिने योजना छ।

फेसन

# सेलिब्रेटीका फेभरेट डिजाइन

महेश तिमल्सिना

कलाकारिताको संसारमा फिटनेस र अभिनयको जति महत्त्वका साथ चर्चा गरिन्छ, त्यति नै उनीहरूको पहिरनशैलीबारे पनि चासो राख्ने गरिन्छ। पहिरन शैलीकै विषयमा ठूला समाचार र गसिपहरू बनिरहेका हुन्छन्। पहिरनशैलीले नै कहिलेकाहीँ वाहीवाही पाइरहेको हुन्छ भने कहिले सेलिब्रेटीलाई विवादमा पारिरहेको हुन्छ।

त्यसैले प्रायः सेलिब्रेटीहरू सदैव आफ्नो पहिरनप्रति सचेत हुने गर्छन्। उनीहरू विभिन्न सभा-समारोहमा पुग्दा क्यामेरा र दर्शकको ध्यान आफूतिर हुन्छ भन्नेमा सतर्क हुन्छन्, कति त दर्शकको ध्यान आफैंतिर तान्न प्रयासरत समेत रहन्छन्। त्यसका लागि आकर्षक शैलीका पहिरनमा सजिएर सभा/समारोह र सार्वजनिक स्थलमा पुगिरहेका हुन्छन्। अहिले सेलिब्रेटीलाई आकर्षण झन् उम्दा बनाउने डिजाइनहरूको पनि बजारमा उल्लेख्य चर्चा भइरहेको हुन्छ।

सेलिब्रेटीहरूको पहिरनशैलीलाई आकर्षक बनाउने फेसन डिजाइनहरूले समेत आफूलाई क्रियटिभ र फरक देखाउन खोजिरहेका हुन्छन्। धेरैजसो अभिनेत्री तथा गायिकाहरू आकर्षक पहिरन बनाउने यस्तै अब्बल डिजाइनरहरूका डिजाइन लगाउँछन्। नेपालका चल्तीका सेलिब्रेटीहरूका पनि आ-आफ्नै फेभरेट डिजाइनर छन्। त्यसो भए कसलाई आकर्षक देखाउन पर्दा पछाडिबाट कसले काम गरिरहेको छ त ?

अभिनेत्री ऋचा शर्माको पहिरनको डिजाइन शिवांगी प्रधानले गर्छिन्। एक महिनाअघि वैवाहिक जीवनमा बाँधिएकी ऋचाको बेहुलीको पहिरनको डिजाइन प्रधानले नै गरेकी हुन्। साथै विवाहपूर्वको ब्याचलर पाटी ड्रेसको डिजाइन पनि उनैले गरेको ऋचा बताउँछिन्। त्यसो त शिवांगी ऋचाको फेभरेट डिजाइनर हुन्।

स्वर्णिम राई र रविन परियार अभिनेत्री आँचल शर्माको फेभरेट डिजाइनरमा पर्छन्। सारी लेहेंगाको आवश्यकता पर्‍यो भने उनी स्वर्णिम राईकोमा पुग्छिन्। स्वर्णिमले गरेको सारी, लेहेंगाको डिजाइन आफूलाई मन पर्ने शर्मा बताउँछिन्। यस्तै शर्मा क्याजुअल ड्रेसको पहिरन भने रविन परियारको डिजाइनमा लगाउँछिन्। 'रविन परियारको क्याजुअल ड्रेस डिजाइनिङ असाध्यै मनपर्छ,' शर्मा भन्छिन्, 'डेढ वर्षयता उहाँको डिजाइनका कपडाहरू लगाउँदै आएकी छु।' फागुनमा विवाह गर्ने तयारीमा रहेकी शर्माको बेहुलीको पहिरन डिजाइन कसले गर्ला त ? उनी भन्छिन्, 'त्यो बारेमा सोचेको छैन। सायद उहाँहरू दुई जनामध्ये एकलाई जिम्मा दिन्छु होला।'

इन्दिरा जोशी फेसन कन्सस भएकी गायिकामा पर्छिन्। दामी बाई शरदका शरद केडिया, शुभेच्छा भँडेल र स्वर्णिम राई उनको फेभरेट डिजाइनर हुन्। दामी बाई शरद उनलाई मनपर्ने ब्रान्ड हो। उनले केडियाको डिजाइनका पहिरन लगाउनका थालेको करिब ६ महिना भयो। केडियाले डिजाइन गर्ने कपडाको फेब्रिक र फिनिसिङ आफूलाई मनपर्ने जोशी बताउँछिन्। यस्तै चार वर्षयता जोशीले क्रसरोड एपरेलकी शुभेच्छा भँडेलले डिजाइन गरेका ड्रेस पनि पहिरिँदै आएकी छिन्। 'मलाई उहाँको व्यवहारले नै अहिलेसम्म तानिरह्यो,' नेपाल आइडलकी जजसमेत रहेकी जोशी भन्छिन्, 'नयाँ पुराना कलाकार सबैलाई एउटै व्यवहार गर्नुहुन्छ, त्यो बानी मलाई मन पर्छ।'

> सेलिब्रेटीहरूको पहिरनशैलीलाई आकर्षक बनाउने फेसन डिजाइनहरूले समेत आफूलाई क्रियटिभ र फरक देखाउन खोजिरहेका हुन्छन्। धेरैजसो अभिनेत्री तथा गायिकाहरू आकर्षक पहिरन बनाउने यस्तै अब्बल डिजाइनरहरूका डिजाइन लगाउँछन्। नेपालका चल्तीका सेलिब्रेटीहरूका पनि आ-आफ्नै फेभरेट डिजाइनर छन्।

नेपाल आइडलको हरेक शृंखलामा जोशीलाई फरक-फरक पहिरनमा देखिन्छ। उनको उक्त पहिरनको डिजाइन केडिया र भँडेलले नै गर्छन्। साथै जोशीको फेभरेट डिजाइनर स्वर्णिम राई पनि हुन्। उनी सारी, लेहेंगाजस्ता परम्परागत पहिरन राईको डिजाइनिङमा लगाउने गर्छिन्।



■ वर्षा राउत, अभिनेत्री



■ इन्द्रिरा जोशी, गायिका



■ माल्भिका सुब्बा, मिस नेपाल, २००२

कुनै बेला पहिरनको अभावमा थुप्रै महत्त्वपूर्ण कार्यक्रममा नगएको तितो अनुभव अभिनेत्री तथा निर्देशक दीपाश्री निरौलासँग छ। 'अहिले बुटिक हाम्रो साथी भएका छन्,' उनी भन्छिन्, 'भोलि कुनै कार्यक्रममा जानु छ भने अघिल्लो दिन नै कुन ड्रेस लगाउने होला भन्ने चिन्ता लिनु पर्दैन।' रातारात डिजाइनरले उनलाई आवश्यक ड्रेस तयार गरिदिन्छन्। कायरा बुटिककी रोजिना श्रेष्ठ, काजल क्रियसनकी काजल थापा, अवानी बुटिककी अवानी, जुन्जेलीकी सुनिता उप्रेती उनका फेभरेट फेसन डिजाइनर हुन्। यिनैले उनलाई विभिन्न समारोहमा फरक-फरक गेटअपमा देखाउँछन्। दीपाश्रीलाई यी डिजाइनरमात्रै किन मनपर्छन् त ? उनी भन्छिन्, 'उनीहरूले म जस्तो छु त्यस्तै प्रकृतिको पहिरन लगाउन सुझाव दिन्छन्,' निरौला थप्छिन्, 'नयाँ फेसन आयो भन्दैमा मलाई भड्किलो हुन दिँदैनन्।'

दीपाश्रीले कायरा बुटिककी रोजिनाको डिजाइनका पहिरन लगाउन थालेको करिब १० वर्ष भयो। हाल मुन्द्रेको कमेडी क्लबमा उनले लगाउने पहिरनको डिजाइन रोजिनाले नै गर्छिन्। यस्तै गीतको भिडियो र विज्ञापनको अभिनयका लागि भने उनले काजल थापाले डिजाइन गरेको पहिरन लगाउँछिन्। अवानी बुटिककी अवानी सिंह पनि दीपाश्रीलाई मन पर्ने डिजाइनर हुन्। विशेष गरी गाउन, सिक्वेन्स सारीको डिजाइन सिंहले गर्ने गरेको निरौला बताउँछिन्। चलचित्र, विज्ञापनको आवश्यक



■ श्वेता खड्का, अभिनेत्री



■ रिमा विश्वकर्मा, अभिनेत्री



■ ऋचा शर्मा, अभिनेत्री

पहिरनका लागि उनले जुन्जेलीकी सुनिता उप्रेतीलाई सम्झन्छिन् । उप्रेती पनि उनलाई मन पर्ने फेसन डिजाइनर हुन् ।

करिश्मा मानन्धर पहिरनमा ध्यान दिने अभिनेत्रीमा गनिन्छिन् । उनलाई किरण राणाको कलेक्सन निकै मन पर्छ । 'विशेष गरी किरण राणाले कलेक्सन गरेको सारी लगाउँछु,' उनी भन्छिन्, 'किरणले सारी, लेहेंगाको राम्रो कलेक्सन ल्याउने भएकाले पनि मन पर्छ ।' किरणले भारतमा चलेका सारीहरू कान्जिपुरम, सत्य पललगायतका ब्रान्ड ल्याउँछिन् । यस्तै, तेन्जिङ भुटिया उनलाई मन पर्ने फेसन डिजाइनर हुन् । त्यसैले कुनै बेला उनी भुटियाको डिजानिङका पहिरन लगाउँछिन् । साथै कहिलेकाहीँ नयाँ-नयाँ फेसन डिजाइनरहरूलाई हौसला बढाउनका लागि नयाँ डिजाइनरका पहिरन लगाइदिने गरेको करिश्मा बताउँछिन् ।

गत जेठमा अस्ट्रेलियामा चलचित्र जात्रैजात्राको प्रिमियरमा अभिनेत्री वर्षा राउतले लगाएको पहिरनले सिने नगरीमा खुबै तहल्का मच्चाएको थियो । सिड्नीमा आयोजित उक्त कार्यक्रममा वर्षाले छातीको आधा भाग देखिने कालो र सेतो रंगको लामो खुलेको गाउन लगाएकी थिइन् । त्यही पहिरनको विषयलाई लिएर त्यतिबेला उनी हट टपिक बनेकी थिइन् । उक्त गाउनको डिजाइन उनको फेभरेट डिजाइनर सुनिता श्रेष्ठले तयार पारेकी हुन् । चलचित्रको कार्यक्रम र सुटिङका लागि पहिरन आवश्यकता पर्‍यो भने उनी श्रेष्ठलाई नै सम्झन्छिन् ।

'कुनै बेला हतारमा कुनै कपडा चाहियो भने सुनिता श्रेष्ठलाई भन्छु,' राउत भन्छिन्, 'उहाँले मलाई चाहिएकै समयमा तयार पारिदिनुहुन्छ, साथै उहाँको फिनिसिङ पनि राम्रो लाग्छ ।' यस्तै लेहेंगा र कुर्ता सुरुवालका लागि भने स्वर्णिम राई उनको रोजाइमा पर्छिन् । उनले इन्गेजमेन्टमा राईले नै डिजाइन गरेको पहिरन लगाएकी थिइन् । 'उहाँको डिजाइन युनिक लाग्छ,' उनी भन्छिन्, 'उहाँले डिजाइन गरेका पहिरनका फिटिङ पनि राम्रो हुने भएकाले मन पर्छ ।'

> सिड्नीमा आयोजित उक्त कार्यक्रममा वर्षाले छातीको आधा भाग देखिने कालो र सेतो रंगको लामो खुलेको गाउन लगाएकी थिइन् । त्यही पहिरनको विषयलाई लिएर त्यतिबेला उनी हट टपिक बनेकी थिइन् ।

राउतले स्वर्णिमको डिजाइनको कपडा लगाउन थालेको डेढ वर्ष भयो । यस्तै ओड्नी बुटिककी खुस्बु डंगोल पनि राउतको फेभरेट डिजाइनरमा पर्छिन् । उनले डंगोलको डिजाइनका कपडा लगाउन थालेको करिब ३ महिना भयो । 'उहाँको कपडाको गुणस्तर राम्रो हुन्छ,' उनी भन्छिन्, 'उहाँले ग्राहकसँग गर्ने व्यवहारले मलाई लोभ्यायो ।'

अभिनेत्री रिमा विश्वकर्मा पहिरनप्रति निकै सचेत छिन् । उनको पर्सनल स्टाइलिस सोनी सिन्जाली मगर हुन् । उनैको सुझावअनुसार पहिरनको छनोट गर्ने गरेको रिमा बताउँछिन् । उत्तम बनेपाली उनको फेभरेट डिजाइनरमध्येमा पर्छन् । संघर्षका दिनदेखि नै आफूले बनेपालीकै डिजाइनका ड्रेस लगाउँदै आएको विश्वकर्मा बताउँछिन् । 'उत्तम दाइको डिजाइनमा फिटिङ निकै मन पर्छ,' उनी भन्छिन्, 'उहाँमा क्यामेराको सेन्स राम्रो छ, त्यसैले बाहिर लगाउने र क्यामेरामा देखिने ड्रेसको डिजाइन त्यसैअनुसार गरिदिनुहुन्छ, त्यसैले उहाँसँग काम गर्न सजिलो लाग्छ ।' रिमालाई बनेपालीको डिजाइनले ध्यान खिच्नुको कारण यतिमात्र होइन, कहिलेकाहीँ हतारमा चाहिएको पहिरन पनि सहजै उपलब्ध गराइदिन्छन् । चलचित्र कोहलपुर एक्सप्रेसको गीत सीओडब्लू काउ र जोनी जेन्टलमेनको गीतको भिडियोमा उनले बनेपालीले डिजाइन गरेको पहिरन लगाएकी छिन् ।

यस्तै आरजु क्लोदिङकी आरजु श्रेष्ठ पनि उनलाई मनपर्ने डिजाइनर हुन् । हाल कमेडी च्याम्पियनमा उनले आरजुकै डिजाइनका पहिरन लगाएकी छिन् । 'आरजुकोमा प्रायः पार्टी वेयर छ,' रिमा भन्छिन्, 'मेरा लागि उहाँले सारी, लेहेंगाको पनि डिजाइन गर्नुहुन्छ ।' यस्तै तेन्जिङ छेतेन भुटिया पनि रिमाको फेभरेट डिजाइनरमा पर्छन् । चलचित्र भिसा गर्लमा भुटियाको डिजाइनको पहिरन लगाएकी थिइन् । रेडिमेड पहिरनका लागि भने रिमा केडिए स्टोर र मेरिलिन स्टोर नक्साल पुग्छिन् भने फर्मल वेयरका लागि कासा स्टायल जाने गरेको रिमा बताउँछिन् ।

पूर्व मिस नेपाल तथा सञ्चालिका माल्भिका सुब्बालाई शुभेच्छा भँडेल, आश्तिक शेरचन, तेन्जिङ भुटिया, मनिष राई मन पर्ने फेसन डिजाइनर हुन् । उनले शुभेच्छाको डिजाइनका पहिरन लगाउन थालेको करिब ९ वर्ष भयो । गाउन, कोटलगायतका पहिरन शुभेच्छाको डिजाइनिङमा लगाउने गरेको उनी बताउँछिन् । यस्तै आस्तिक शेरचनको डिजाइन पनि खुबै मन पर्ने सुब्बा बताउँछिन् । उनलाई आस्तिकले डिजाइन गरेको कुर्ता मन पर्छ ।

'आस्तिकले सफ्ट कलर प्रयोग गर्छन्,' सुब्बा भन्छिन्, 'मलाई उनको क्रिएटिभ मन पर्छ । तेन्जिङले एउटा फोटोसुटका लागि डिजाइन गरेको गाउन उनलाई असाध्यै मनपर्‍यो । 'तेन्जिङको अन्तर्राष्ट्रिय स्तरको डिजाइन हुन्छ,' उनी भन्छिन्, 'सन् २०१२ देखि तेन्जिङले डिजाइन गरेको पहिरन लगाउँदै आएकी छु ।' मनिष राई पनि माल्भिकाको मन पर्ने डिजाइनर हुन् । उनलाई मनिषको डिजाइनमा तयार भएको सारी ड्रेस मन पर्छ ।

अभिनेत्री श्वेता खड्कालाई मन पर्ने फेसन डिजाइनर थुप्रै छन् । मञ्जु ढकाल, रोबिन परियार, स्वर्णिम राई, सविना महर्जन, रोजिना श्रेष्ठलगायत उनका रोजाइका डिजाइनर हुन् । रोजिना उनको बाल्यकालकी साथीसमेत हुन् । यद्यपि उनले रोजिनाको डिजाइनका पहिरन लगाउन थालेको पाँच वर्ष भयो । 'जाडो/गर्मी दुवै मौसममा मलाई आवश्यक पर्ने पहिरनको डिजाइन रोजिनाले नै गर्छिन्,' उनी भन्छिन्, 'उनले डिजाइन गरेको ड्रेसमा मैले धेरै फोटोसुट गरेकी छु ।' यस्तै इभेन्टका लागि भने उनले रोबिनले डिजाइन गरेको ड्रेस लगाउँछिन् ।

'रोबिनसँग मेरो ट्युनिङ मिल्छ,' श्वेता भन्छिन्, 'त्यसैले उसको डिजाइनको ड्रेस लगाउँदा मन ढुक्क हुन्छ ।' श्वेताको पछिल्लो चलचित्र कान्छीमा रोबिनले नै फेसन डिजाइनिङ गरेका छन् । सारी, लेहेंगाका लागि भने उनी फेसन डिजाइनर मञ्जु ढकालकहाँ पुग्ने गर्छिन् । 'उहाँको डिजाइन फरक लाग्छ,' उनी भन्छिन्, 'मञ्जुको डिजाइनको ड्रेस लगायो भने जहाँ पनि तारिफ मिल्छ ।' श्वेतालाई स्वर्णिम राईको डिजाइन फलो गर्ने तरिका मनपर्छ । त्यसो उनी सारी लेहेंगा, रिजनल वेयरका लागि स्वर्णिमलाई रोज्छिन् । सविना महर्जनको कलर कम्बिनेसनले श्वेताको ध्यान खिच्छ । सविनाको सारी, लेहेंगा डिजाइन मनपर्ने श्वेता बताउँछिन् ।

समाचार

# थिएटर मलमा १३ कलाकारका चित्र प्रदर्शनी



कीर्तिपुर रंगमञ्चमा 'क्यानभास एट थिएटर' शीर्षकको सामूहिक चित्र प्रदर्शनी सुरु भएको छ । राराहिल कीर्तिपुरस्थित थिएटर मलको नाटकघर परिसरमा समकालीन कलाका युवा कलाकारहरूको सिर्जना प्रदर्शनीमा राखिएको हो । प्रदर्शनीमा इचिङ र पेन्टिङ गरी दुई विधाका ३० वटा चित्रको प्रदर्शनी सुरु भएको हो । प्रदर्शनीमा रहेका चित्रमा समकालीन नेपाली समाजप्रतिको चिन्ता र चासो अभिव्यक्त गरिएको छ । युवा कलाकारहरूले आफ्नो सिर्जनामा चेनतशील मानव सभ्यताका विकृति, कुसंस्कार, उत्पीडनलाई प्रतिरूपस्वरूप उतारेका छन् । त्यस्तै मानवीयता, लैंगिकता, भूमण्डलीकरण प्रकृति, आशा र संघर्षलाई रंगका माध्यमबाट अभिव्यक्त भएका चित्र सिर्जनाहरू प्रदर्शनीमा रहेका छन् । प्रदर्शनीमा भिजिट नेपाल-२०२० को लोगोका सिर्जनाकारदेखि विभिन्न विश्वविद्यालयबाट दीक्षित सक्रिय १३ जना कलाकारका सिर्जना राखिएको छ । कलाकारहरू उद्धवराज रिमाल, टीकादत्त दाहाल, दीपमाला महर्जन, नारायणप्रसाद बोहजू, भीषण राजभण्डारी, मनीषा मानन्धर, रुकुमणि श्रेष्ठ, विद्यमान तामाङ, सन्तोष सिग्देल, सुजिता महर्जन, सुमन महर्जन, सुवास तामाङ तथा सोनी राईको सामूहिक प्रदर्शनीलाई 'क्यानभास एट थिएटर' नाम दिइएको हो ।

सहभागी कलाकारहरूले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सेमिनार तथा प्रदर्शनीहरूमा सहभागिता जनाइसकेका छन् । कलाका माध्यमहरू आफैं पृथक् र एक-अर्काका परिपूरक रहेको औंल्याउँदै प्रिन्ट मेकिङ कलाकार सुजिता महर्जनले थिएटरमा कला प्रदर्शनीको संयोजन गरेकी हुन् ।

प्रदर्शनीको उद्घाटनमा थिएटर मलका कलाकारहरूले 'हामी बोल्छौं' शीर्षकको बिम्वात्मक प्रस्तुति पनि दिएका थिए, जसमा रंगकर्मीहरू मनिष ब्याञ्जू, स्नेहा रसाइली, कञ्चन संग्रौला, रोशन केसी, अनिल थपलिया, कुमार थापा, सरोज राई र शंकर भण्डारीको अभिनय थियो भने शक्ति पाखिनले निर्देशन गरेका थिए । थिएटर, कलाका विविध माध्यमको संगम रहेको बताउँदै थिएटर मलका कला निर्देशक केदार श्रेष्ठले कला-संस्कृतिको अभियानमा समन्वय र सहकार्यको अत्यावश्यकतामाथि बहसको आशा गरेको उल्लेख गरे । प्रदर्शनी भोलि शनिवारसम्म जारी रहनेछ । साथै नाटक 'जामुनको रूख : सेमलेस भल्गारिटी' पनि माघ ४ सम्म मञ्चन हुनेछ ।

# माघे संक्रान्तिमा जुधे २२ हलगोरु





विष्णु तारुके

नुवाकोट तारुकामा बफाडी राजा जयपृथ्वीबहादुर सिंहले मावली जाँदा सुरु गरेको मानिने गोरुजुधाई पर्व यस वर्षको माघे संक्रान्तिमा पनि २२ हल गोरु जुधाएर मनाइयो । मेलामा भिडाइएका विजेता गोरुधनीलाई १० हजार नगद र प्रमाणपत्र प्रदान गरिएको छ । उपविजेता गोरुधनीलाई ५ हजार नगद र प्रमाणपत्र दिइएको छ । पर्यटन बोर्डले भ्रमण वर्ष-२०२० को सन्दर्भमा यस खेललाई व्यवस्थित गर्न सहयोग गरेको छ ।

# पैदलयात्रुको लस्कर



रमेशचन्द्र अधिकारी

चार दशकयता गाउँमा छिटपुटबाहेक नयाँ अनुहार पुग्दैनथ्यो । तर, वर्षौं पछि गाउँ ठोक्किने गरी लामबद्ध मानिसको लस्कर देखेपछि सर्वसाधारण अचम्मित नै बने ।

गायिका तारादेवीको चर्चित 'साँगुरी पारि नि हौ, त्यो धारापानी' बोलको गीतको उद्गम स्थान धारापानी गाउँका स्थानीय शनिबार अनौठो मान्दै दृश्य नियाल्दै थिए । उक्त गाउँमा एकै दिन ३ सयभन्दा बढीले पैदलयात्रा (हाइकिङ) गरेका छन् । गाउँ ढाक्ने गरी मानिसको ओइरो देखेका स्थानीयले जब वास्तविकता बुझे, तब फूलमाला र टीका लगाएर पाहुनाको स्वागतसमेत गरे ।

कोसी राजमार्गको धरान-धनकुटा सडक बन्नुअघि वि.सं. २०३६ सालअघि धरानदेखि धनकुटासम्म भरियालाई बोकाएर दैनिक उपभोग्य वस्तु लैजाने गरिन्थ्यो । उक्त बाटोलाई पुनः पैदलयात्राको गन्तव्य बनाइएको छ, जसमा पहिलो पटक पैदलयात्रा गरिएको थियो । गाउँमा धेरै मान्छे एकै पटक देख्दा सुरुमा त अनौठो लागेको स्थानीय मनश्वरी राईले बताइन् । 'पहिले त राजा, मन्त्रीदेखि अरू ठूला मान्छे पनि पैदल हिँडेर हाम्रो गाउँ आएका थिए,' उनले भनिन्, 'फेरि हिँडेरै धेरै मान्छे गाउँमा आउँदा औधी खुसी लाग्या छ ।' उनले पाहुनालाई आफ्नो घरअगाडि रातो टीका र फूलले स्वागतसमेत गरिन् । धारापानी गाउँकी धनजी राई पनि वर्षौं पछि चहलपहल देखेर दंग थिइन् । 'पहिले दिनदिनै भरियाले खुट्टा टेक्ने ठाउँ हुँदैनथ्यो,' उनले भनिन्, 'यति धेरै पाहुना हिँडेर गाउँमा आउँदा टीका लगाएर स्वागत गरें ।'

नेपाल भ्रमण वर्ष-२०२० भित्रिएसँगै पहिलो पटक जिल्लामा यस प्रकारको कार्य गरिएको पैदल मार्गको आयोजक वरख गण सल्लेरीका प्रमुख सेनानी भगवान थापामगरले बताए । करिब १० किलोमिटरको हाइकिङ तीन घण्टामा सम्पन्न गरिएको छ । प्रमुख गन्तव्य भेडेटार नजिकको ऐतिहासिक साँगुरीगढी भन्ज्याङदेखि फेदीसम्म उक्त सामूहिक पैदलयात्रा गरेको थियो । पृथ्वीनारायण शाहले पूर्वी पहाड एकीकरण गर्ने क्रममा प्रयोग गरेको किल्ला साँगुरीगढीमा भेला भएर यात्रा टोलीले खोला, बगर, वनजंगल, भीरपाखा छिचोल्दै अन्तिम गन्तव्यका रूपमा रहेको फेदीसम्म यात्रा गरेको थियो । साँगुरीगढीकी तीर्थमाया राईले भ्रमण वर्षमा आफ्नो गाउँसमेतलाई पैदलयात्राको गन्तव्य बनाएकोमा उत्साह जागेको बताइन् ।

सोही स्थानलाई एकीकरण मार्ग नामकरण गरेर पैदलयात्रा थालिएको छ । पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्दा उक्त मार्ग भएर पूर्वी पहाडमा प्रवेश गरेका कारण एकीकरण मार्ग नामकरण गरिएको जनाइएको छ । धनकुटा नगरपालिकाका उपप्रमुख शकुन्तला बस्नेतले पैदलयात्रा गर्ने गन्तव्यका रूपमा विकास गर्न तथा ऐतिहासिक स्थलको संरक्षणमा स्थानीय तहले साथ दिने बताइन् । भेडेटार-साँगुरीगढी-फेदीसम्म उपप्रमुख बस्नेत, साँगुरीगढी गाउँपालिकाका अध्यक्ष कुमारजंग याखा, प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर घिमिरे, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, रेडक्रसकर्मी, पत्रकार, सेवक समूह, नागरिक समाज, उद्यमी, राजनीतिक दल, लेडी जेसिसलगायत विभिन्न संघसंस्थामा आबद्ध व्यक्ति यात्रामा सहभागी थिए । 'एकीकरण पदमार्गको संरक्षण, समृद्ध धनकुटाका लागि पर्यटन' भन्ने नाराका साथ यात्रा थालनी गरिएको छ । साँगुरीगढी गाउँपालिकाले यात्रीलाई स्वागत तथा भोजन गराएको छ । नेपाल रेडक्रसले प्राथमिक उपचारको टोली व्यवस्थापन गरेको रेडक्रस मन्त्री हरि राईले बताए । साँगुरीगढी किल्ला र पृथ्वीनारायण शाहको एकीकरण मार्गबारे इतिहासविद् ठाकुर बरालले जानकारी गराएका थिए ।

## हाइकिङमा चासो बढ्दै

विगतमा गाडी नचल्दा पैदलयात्रा गर्दाका पुराना बाटोमा यति बेला सर्वसाधारणको चासो बढ्दै गएको छ । खासगरी पछिल्लो पुस्तामा हाइकिङको नाममा पैदलयात्रा गर्नेको आकर्षण बढेसँगै धनकुटाका अधिकांश स्थानका पुराना मार्ग खोजी गर्न थालिएको हो ।

नेपाल भ्रमण वर्ष-२०२० भित्रिएसँगै यस्ता मार्गको खोजी गर्ने र समूहगत रूपमा हाइकिङ गर्नेको संख्या बढ्दै गएको लामो समयदेखि यस क्षेत्रमा सक्रिय मनोजनारायण श्रेष्ठ बताउँछन् । खासगरी छोटो दूरीमा पनि सवारी साधनमा यात्रा गर्ने र हिँड्न अल्छी गर्दा मोटोपन बढ्ने तथा कलिलै उमेरमा जटिल स्वास्थ्य समस्या उत्पन्न हुन सक्ने भन्दै सावधानी अपनाएर पैदलयात्राको क्रम ह्वात्तै बढेको उनको तर्क छ । 'विगतमा पैदल हिँड्ने समूह जुटाउनै मुस्किल थियो', उनले भने ।

फिचर

# भक्का स्वाद



बीस वर्षअधिसम्म घरघर पुगेर बेचिने भक्का अब भने चोकचोकमा पाइने लोकप्रिय खाजा भएको छ ।

**अर्जुन राजवंशी**

झापा- २०५० को दशकसम्म राजवंशी महिलाहरू भक्का लिएर एकाबिहानै घरघर डुल्थे । खान इच्छुकहरूले सट्टामा धान दिन्थे र भक्काले भोक मार्थे । भक्कासँग साटेर ल्याएको धान घरमा भात खान र भक्काका लागि चामलको पिठो बनाइन्थ्यो । न्यून आर्थिक अवस्था भएका राजवंशी महिलाहरूले यसरी नै परिवार चलाउँथे ।

दुई दशक बित्दानबित्दै भक्का यसरी फैलियो, अब घरघरमै आउँदैन, भक्का खान चाहनेहरू नै चोक-बजारसम्म धाउनुपर्ने भएको छ । चिसो मौसम सुरु भएपछि तराईमा विशेष गरी झापा र मोरङ जिल्लाका चोक-बजारमा भक्का खानेको भीड देख्न सकिन्छ । अचेल भक्काको व्यापार निकै फस्टाएको छ । बिहान मात्रै होइन, बेलुका पनि भक्काको मौसमी व्यापारले ग्राहक राम्रै बटुल्ने गरेको छ । बिहान तीन-चार घण्टामै राम्रो आम्दानी हुने भएकाले आदिवासी महिलाहरूमा भक्काको व्यापार निकै जमेको छ । परम्परागत 'खान्की' भएकाले राजवंशी र ताजपुरिया जातिबाहेकका महिलाले भक्का बनाउन जान्दैनथे । तर अचेल, राजवंशी, ताजपुरियासँगै माझी, श्रेष्ठ, राई, लिम्बू, मुस्लिम, ठाकुर, यादवलगायतका समुदायका महिलाले भक्काको व्यापार राम्रो चलाएका छन् ।

यतिबेला झापाका सहर, बजार र चोकहरूमा झिसमिसेमै भक्का खान पाइन्छ । भक्का बनाउनेहरूलाई ग्राहकले बेहुलीझैं चारैतिरबाट घेरेका हुन्छन् । चिसो मौसममा ताजा पाइने भक्का बिहानको खाजामा उत्कृष्ट मानिन्छ यता । कुनै मिसाउट हुँदैन । शुद्ध चामलको पीठोलाई पानीको बाफमा पकाइने भएकाले भक्का अर्ग्यानिक र स्वस्थकर पनि हुन्छ । नुन-खुर्सानीको धूलो र टमाटरको अचारमा भक्का खान्की जाडोमा न्यानो खाजा खोज्नेको पहिलो रोजाइमा पर्ने गरेको छ ।

भक्का चामलको पीठोबाट बनाइन्छ । मात्राअनुसार चामललाई करिब दुई घण्टासम्म पानीमा भिजाउनुपर्छ । पानीबाट निकालेर थिग्राउनुपर्छ । ओखली, ढिकी वा मिलमा कुट्नुपर्छ । पीठोलाई मसिनो चाल्नीले चाल्नुपर्छ । त्यसपछि थोरै पानी हालेर मुछ्नुपर्छ । पानीले मुछेर पीठोलाई नरम बनाउनुपर्छ । एउटा भाँडामा पानी उमाल्नुपर्छ । भाडामाथि माटोबाट बनाइएको दुलो परेको डकन राख्नुपर्छ । उक्त डकनलाई भाँडाभित्रको बाफ कतैबाट ननिस्किने टाल्नुपर्छ । उम्लिएको पानीबाट निस्किने बाफमाथि भक्का पकाइन्छ । पानीले मुछेर नरम बनाएको पीठोलाई बट्कामा हालेर नरम सुतीको कपडाले बेरेर बाफ निस्किँदै गरेको डकनमा राखेपछि भक्का पाक्छ । बाफमा भक्का पाक्न करिब दुई मिनेटको समय लाग्छ ।

भक्काको लोकप्रियता बढ्दै गएपछि झापाका आदिवासी राजवंशी समुदायले 'राष्ट्रिय भक्का दिवस' मनाउन थालेका छन् । भ्रमण वर्ष-२०२० सँगै जोडेर पुस २९ गते बिर्तामोडमा सांस्कृतिक कार्यक्रमसहित राजवंशीहरूले भक्का खाएर दिवस मनाए । परम्परागत खान्की भक्काको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले पुस २९ लाई भक्का दिवसका रूपमा मनाउन थालेको कोचिला गाभुर फ्रन्टका केन्द्रीय अध्यक्ष अभय राजवंशीले जानकारी दिए । राजवंशी जातिमा जाडो सिजनमा भक्का खाने पुरानो चलन छ । छोरी-चेलीलाई चिसो मौसममा माइती बोलाएर मीठामीठा परिकारसँग भक्का खुवाउने चलन रहेको छ ।

मंगलबार भक्का दिवसमा एक कार्यक्रम आयोजना गरी राजवंशी जातिले अधिकांश गैरराजवंशी समुदायलाई निःशुल्क रूपमा माछा तरकारी, भान्टा-कोपी-मुलाको तरकारी र टमाटरको अचारसँग भक्का खुवाए । 'आममानिसले भक्कालाई सामान्य खाजाका रूपमा मात्र बुझेका छन् । तर, हाम्रो जातिभित्र यसको महत्त्व धेरै छ' कोचिला गाभुर फ्रन्टका अध्यक्ष अभय राजवंशीले भने । भक्का दिवस कार्यक्रम पनि फ्रन्टले नै आयोजना गरेको थियो । शुद्ध चामलको पीठोबाट बनाइने तथा कुनै मिसावट नहुने भएकाले भक्का राजवंशीको मात्र नभई सबै जातजातिको खाजा बन्न सकेको बिर्तामोड-२ का वडाध्यक्ष नगेन्द्रप्रसाद संग्रौलाले बताए । 'परम्परागत खानाको संरक्षण र प्रवर्द्धनमा राजवंशी जाति आफैं लागेपछि खुसी लागेको छ । अर्ग्यानिक र स्वस्थ्यकर खाना जुनसुकै जाति समुदायको भए पनि राज्यले प्रोत्साहन गर्नुपर्छ,' प्रमुख जिल्ला अधिकारी उदयबहादुर रानामगरले भने । भक्का दिवस मनाउन भारतको मेघालय, असाम, पश्चिम बंगाल र बिहारका राजवंशीहरूसमेत बिर्तामोड आएका थिए । भारतबाट आएका राजवंशी युवतीहरूले जातीय पहिरनमा च्याम्प समेत प्रस्तुत गरेका थिए ।





प्रविधि

# सन् २०२० मा निर्माण हुने प्रविधिहरू



## आकाशमा उड्ने कार

दक्षिण कोरियाली अटो कम्पनी हुन्डाई र एपमा आधारित ट्याक्सी सेवा कम्पनी उबरले उड्ने कार बनाउनका लागि साझेदारीको घोषणा गरेका छन् । अमेरिकाको लस भेगासमा भएको कन्ज्युमर इलेक्ट्रोनिक शो (सीईएस)- २०२० मा यी दुई कम्पनीले एयरक्राफ्टको अवधारणा सार्वजनिक गरेका थिए । यी कम्पनीहरूले बनाउन लागेको फ्लाइङ कारको कन्सेप्ट नासाबाट प्रेरित डिजाइनमा आधारित छ, जुन इलेक्ट्रिक हुनेछ । उक्त शोमा कम्पनीहरूले निर्माण गर्न लागेको कारको नमुनासमेत सार्वजनिक गरिएको थियो । हाल यो कार निर्माणका लागि यी दुवै कम्पनी मिलेर काम गरिरहेका छन् । अहिले हुन्डाईले उबरसँग मिलेर पर्सनल एयर भेइकल मोडल एस-११ मा काम गरिरहेको छ । यो कार निर्माण भइसकेपश्चात् करिब २ हजार फिटसम्मको उचाइमा उडान र २ सय ९० किलोमिटर प्रतिघण्टाको स्पिडमा १ सय किलोमिटरसम्म यात्रा गर्न सकिनेछ । इलेक्ट्रिक डिजाइनअनुसार बनेको यो कार चार्ज गर्नका लागि ५ देखि ७ मिनेट समय लाग्नेछ । प्रारम्भमा पाइलटको व्यवस्थासहित निर्माण हुने यो कारलाई बिस्तारै बिना पाइलटको बनाउने कम्पनीहरूले बताएका छन् । यो कारको क्याबिनमा ४ जनासम्मले यात्रा गर्न सक्नेछन् । यात्रुहरूको सुरक्षालाई मध्यनजर गर्दै कम्पनीले आपत्कालीनका लागि प्यारासुटको समेत व्यवस्था गर्ने बताएको छ । यी दुई कम्पनीले यो विमानलाई सन् २०२० को अन्त्यमा सार्वजनिक गर्ने योजना बनाएका छन् ।

## पानीमा चल्ने बाइक






अमेरिकाको लसभेगासमा भएको कन्ज्युमर इलेक्ट्रोनिक्स शोमा पानीमा पनि चलाउन सकिने इलेक्ट्रिक बाइकको लन्च गरिएको छ । न्युजिल्यान्डको स्टार्टअप मन्टा-५ कम्पनीले निर्माण गरेको यो बाइकलाई हाइड्रो फोइलर एक्सई-१ नाम दिइएको छ । स्टार्टअप मन्टा-५ ले बताएअनुसार यो इलेक्ट्रिक बाइकलाई नदीनाला, तालतलैया तथा समुद्रमा चलाउन सकिन्छ । पानीमा मात्र चल्ने यो बाइकलाई कार्बन फाइबर, ४ सय ६० वाटको इलेक्ट्रिक मोटर, एयरक्राफ्ट ग्रेड आल्मुनियम तथा टायरको स्थानमा हाइड्रोफाइल जडान गरी निर्माण गरिएको छ । यो बाइक पानीमाथि १९ किलोमिटर प्रतिघण्टाको स्पिडमा चलाउन सकिन्छ भने यसको स्पिडलाई राइडरले प्याडलको माध्यमबाट बढाउन र घटाउन सक्नेछन् । बाइक हल्का भएकाले यसलाई सजिलै एक स्थानबाट अर्को स्थानमा लैजान पनि सकिन्छ । यो बाइक जून महिनादेखि बेलायतमा बिक्री वितरणमा आउनेछ । करिब ८ हजार पाउन्ड मूल्य निर्धारण गरिएको बाइकको नेपाली मूल्य करिब ९ लाख रुपैयाँ पर्नेछ ।



## एमआई ब्यान्ड-५

शाओमी कम्पनीको एमआई ब्यान्ड ४ गत वर्ष सर्वाधिक बिक्री भएपछि कम्पनीले यो वर्ष आफ्नो नयाँ प्रोडक्टका रूपमा एमआई ब्यान्ड-५ लन्च गर्ने भएको छ । यो कम्पनीले निर्माण गरेको एमआई ब्यान्ड-४ सन् २०१९ मा फिटनेस ट्र्याकरहरूमध्ये सबैभन्दा धेरै बिक्री हुने डिभाइस बनेको थियो । शाओमी कम्पनी र यसको सहायक कम्पनी हुआमी अहिले एमआई ब्यान्ड-५ निर्माण कार्यमा लागिरहेका छन् । यो डिभाइस चीनमा आगामी जून महिनामा लन्च हुने अपेक्षा गरिएको छ । अब आउने फिटनेस ट्र्याकर डिभाइसमा १ दशमलव २ इन्चको डिस्प्ले हुनेछ, जुन एमआई ब्यान्ड-४ को तुलनामा ठूलो हो । एमआई ब्यान्ड-५ अघिल्लो मोडलको तुलनामा बढी विकसित र टिकाउ हुने बताइएको छ । यो ब्यान्डको चिनियाँ मूल्य १ सय ७९ चिनियाँ युआन तोकिने अनुमान गरिएको छ, तर इन्टरनेसनल भर्सनको मूल्य भने त्योभन्दा बढी हुने कम्पनीले बताएको छ ।



## आईफोनको एसई-२

एप्पल कम्पनीको मोबाइल फोन आईफोन-११ प्रो बजारमा आएसँगै अहिले आईफोन एसई-२ को चर्चाले आईफोन लभरहरूलाई तरंगित बनाएको छ । कम्पनीले यो फोनलाई सन् २०२० भित्र लन्च गर्ने तयारी गरेको छ, जुन आईफोन एसईको अपग्रेड भर्सनका रूपमा लन्च हुने बताइएको छ । एप्पलले यस्तै प्रकृतिको फोन चार वर्षअघि सन् २०१६ मा पनि सार्वजनिक गरेको थियो । केही समयअघि कम्पनीले यसको मोडलको फोटो तथा भिडियो पनि सार्वजनिक गरेको थियो । उक्त सार्वजनिक आईफोनको फोटो र भिडियो हेरेपछि धेरैले यसलाई आईफोन-८ को जस्तो डिजाइनमा आउला भन्ने आँकलन गरेका छन् । आईफोन प्रयोगकर्ताहरूले एप्पलले आईफोन-९ को नामले समेत सार्वजनिक गर्न सक्ने अनुमान गरेका छन् । आईफोन एसई-२ मा आईफोन-११ प्रोको जस्तै फ्रस्टेड ग्लास र स्टेन लेस स्टिल फ्रेम हुनेछ भने सिंगल रियर क्यामरा, थिक बेजल्स तथा टच आइडी बटन राखिनेछ । ४ दशमलव ७ इन्चको आईपीएस एलईडी रेटिना डिस्प्ले हुने मोबाइलमा सिंगल क्यामरा सेटअप हुनेछ । यसका साथै एसई-२ मा थिक बेजल्स, सर्कुलर बटन तथा फिंगरप्रिंट सेन्सर पनि राखिने बताइएको छ । त्यस्तै यो फोनमा ए-१३ बायोनिक प्रोसेसर र ३ जीबी ऱ्याम हुनेछ । आईफोन एसईको तुलनामा यो आईफोन मोटो र ठूलो हुने अनुमान गरिएको छ । यो आईफोनको पछाडिको भाग सिसाले बन्ने हुनाले यसमा वायरलेस चार्जिङ फिचर्सको सुविधा हुने अपेक्षा गरिएको छ ।

## टुथब्रस टेक



कोलगेटको प्लाक्लेस प्रो कम्पनीले मानिसको दाँत १० सेकेन्डमै सफा गर्न मिल्ने टुथब्रस टेक निर्माण गर्ने भएको छ । यो ब्रसले मात्र १० सेकेन्डमै मानिसका सबै दाँत सफा गर्ने काम गर्छ । यो ब्रस बक्समा माउथगार्डका रूपमा लगाउन मिल्ने किसिमको छ, जुन ब्रिस्टलले भरिएको हुनेछ, जसले एकै समयमा मानिसको दाँतमा भएको फोहोर सफा गर्ने काम गर्छ । यो ब्रसले ५ सेकेन्डसम्म मानिसको अगाडिको दाँतलाई र बाँकी ५ सेकेन्ड फेरि दायाँ-बायाँ दाँत भएको स्थानलाई सफा गर्छ । कम्पनीले यो ब्रसको मूल्य १ सय ९ युरो तोकेको छ । नेपालमा यो ब्रसको मूल्य भने १३ हजार ७ सय ५ रुपैयाँ पर्नेछ । यो ब्रस मार्चको अन्तिममा उपलब्ध हुने कम्पनीले बताएको छ ।

स्रोत : एजेन्सीहरु

## टेकइन्फो



# प्रोओलगको प्रतीक्षा

विश्वभर लोकप्रिय मानिएको अनलाइन गेम पब्जीको निर्माता कम्पनी टेनसेन्टले फेरि अर्को नयाँ गेम ल्याउने भएको छ । पब्जीका निर्माता ब्रेन्डन ग्रिनले पब्जीबाट आफूहरूले सकारात्मक तथा नकारात्मक टिपण्णी पाएपछि नयाँ गेम प्रोओलग ल्याउने तयारी गरिरहेको बताएका छन् । टेनसेन्टले आफ्नो नयाँ गेम यस्तो हुनेछ भनेर गेमका बारेमा टिजर पनि सार्वजनिक गरेको छ । एक पुरुष पात्रलाई केन्द्रित गरेर सार्वजनिक गरिएको टिजरले अबको नयाँ गेम सर्भाइभल गेम हो कि भन्ने अनुमान गरिएको छ । आफ्नो नयाँ गेमको सम्पूर्ण जानकारी दोस्रो टिजरमा सार्वजनिक गर्ने कम्पनीले बताएको छ । टेन्सेन्टको यो गेम जस्तोसुकै स्मार्टफोनमा पनि खेल्न सकिनेछ । यो फोन सन् २०२० को मध्यतिरदेखि प्रयोगमा आउने अनुमान गरिएको छ ।

# गुगलमा सबैभन्दा धेरै खोजिएका स्मार्टफोन




गुगलले गत वर्ष शाओमी कम्पनीको रेडमी सिरिजको स्मार्टफोनलाई सबैभन्दा धेरै खोजिएको फोनको पहिलो स्थानमा राखेको छ । गुगलले रेडमी नोट-७, रेडमी नोट-७ प्रो तथा नोट-८ प्रोलाई गुगलमा धेरै खोजिएको स्मार्टफोन भनेर बताएको छ । नेपालमा नोट-७ को मूल्य १७ हजार ५ सय रुपैयाँ छ भने नोट ८ को मूल्य २४ हजार छ । त्यस्तै गुगलले दक्षिण कोरियाली कम्पनीको सामसुङ ग्यालेक्सीको सिरिजलाई दोस्रो स्थानमा राखेको छ । ग्यालेक्सीका सिरिजहरूमा पनि एम-२० लाई धेरै खोजिएको छ । यो फोनको मूल्य नेपालमा १७ हजार ५ सय रुपैयाँ पर्छ । भिभोको एस-१ तथा जेड-१ पनि गुगलमा धेरै खोजिएको मोबाइल भएको गुगलले जनाएको छ । यी स्मार्टफोनहरूको नेपालमा २८ हजारदेखि ३० हजार रुपैयाँसम्म पर्छ । गुगलले एप्पल कम्पनीको आईफोन-११ लाई पनि धेरै पटक सर्च गरेको फोनका रूपमा समावेश गरेको छ । यो फोन लन्च भएको छोटो समयमै धेरै बिक्री भएको फोनमा पनि पर्छ, जसको नेपाली मूल्य १ लाख ५ हजार रुपैयाँ छ । त्यस्तै सन् २०१९ मा इन्टरनेटमा धेरै खोजिएका स्मार्टफोनमध्ये वान प्लसलाई पनि गुगलले आफ्नो तालिकामा राखेको छ । वान प्लसको स्मार्टफोनहरूमा पनि वान प्लस-७ लाई मानिसहरूले धेरै खोजेका थिए । यो फोनलाई नेपालमा ५३ हजार रुपैयाँ पर्छ ।









# अमेरिकी सेनालाई टिकटक निषेध

जासुसीको खतराका कारण संयुक्त राज्य अमेरिकाले आफ्ना सेनालाई चिनियाँ कम्पनीको मोबाइल एप टिकटकको प्रयोग गर्नबाट निषेध गरेको छ । अमेरिकाले सुरक्षा चुनौतीको कारण देखाउँदै सेनालाई टिकटक चलाउन रोक लगाएको हो । केही समयअघि अमेरिकी सञ्चारमाध्यमहरूसँग कुरा गर्दै अमेरिकी सेनाकी प्रवक्ता तथा प्रमुख सेनानी रोबिन ओचोआले यो एप साइबरका दृष्टिले खतरनाक रहेको बताएकी थिइन् । प्रवक्ता ओचोआले सैन्य अधिकारीहरूलाई सरकारी स्वामित्वमा रहेका फोनहरूमा सन् २०१९ को डिसेम्बरको तेस्रो साताबाट टिकटक प्रयोग नगर्न बताएकी थिइन् । त्यस्तै अमेरिकी सिनेटर चक शुमरले अमेरिकी विदेशमन्त्री रायन म्याकार्थीलाई चीनमा बनेको टिकटक एपले आफ्नो देशको सुरक्षा व्यवस्थामा असर पार्न सक्ने चिन्ता व्यक्त गर्दै पत्रसमेत लेखेका थिए । चीनले टिकटकको माध्यमबाट संवेदनशील व्यक्तिगत जानकारी, आईपी ठेगाना र प्रयोगकर्ताको स्थानको जानकारी लिने काम गरेको सिनेटर शुमरले पत्रमा उल्लेख गरेका थिए । चिनियाँ कम्पनी बाइट डान्सको स्वामित्व रहेको यो एपमाथि अमेरिकासहित अन्य केही मुलुकले पनि कडा निगरानी गरिरहेका छन् । संसारभर आधा अर्बभन्दा बढी प्रयोगकर्ता रहेको यो एपले १५ सेकेन्डसम्मको भिडिओ बनाउनका लागि सहयोग गर्छ ।

# माइक्रोसफ्टको विन्डोज-७ सफ्टवेयर बन्द




माइक्रोसफ्ट कम्पनीको कम्प्युटर सफ्टवेयर विन्डोज-७ बन्द भएको छ । यो कम्पनीले विन्डोज-७ को सफ्टवेयरलाई बन्द गर्नका लागि सन् २०१५ देखि नै यसको मेनस्ट्रिम सपोर्ट सर्भिस बन्द गरेको थियो । माइक्रोसफ्टले गत मंगलबारदेखि यो सेवालाई बन्द गरेको हो । योसँगै अबदेखि प्रयोगकर्ताले आफ्नो कम्प्युटर अपरेटिङ सिस्टममा विन्डोज १० अपडेट गर्नुपर्ने भएको छ । माइक्रोसफ्टले केही समय अघिदेखि प्रयोगकर्तालाई भाइरस तथा अन्य जोखिमबाट बच्नका लागि आफ्नो कम्प्युटरमा विन्डोज १० अपग्रेड गर्नका लागि आग्रहसमेत गरेको थियो ।

माइक्रोसफ्टको अनुसार विन्डोज-७ को सफ्टवेयर प्रयोग गर्ने प्रयोगकर्ताको कम्प्युटरमा त्यो सफ्टवेयरले काम नै नगर्ने भन्ने होइन तर, ती कम्प्युटरहरू भाइरस र साइबर सेक्युरिटीको उच्च जोखिममा पर्नेछन् । हामीले प्रयोगकर्तालाई मध्यनजर गरेर नै विन्डोज १० लाई मुख्य प्रायोरिटीमा राखेका हौं । यसले प्रयोगकर्ताले अक्सर झेल्ने भाइरस र साइबर आक्रमणको समस्यालाई राहत प्रदान गर्ने काम गर्छ ।

स्रोत : एजेन्सीहरु

श्रद्धाञ्जली

# निशानको अवसान



“ स्टेजमा गीत गाउँदा हासेर एक्सप्रेसन दिन्थे । उनमा एकपटक गीत गाएपछि अर्को पटक त्यो गीत नहेरी गाउने खुबी थियो ।

मृत्यु अकाट्य सत्य हो । अकाट्य सत्य भए पनि असमयको मृत्युवरण बाँच्नेहरूका लागि पीडादायी नै हुन्छ । कतिपय मृत्युसँग त दुर्लभ संयोगहरू जोडिएका हुन्छन् । मंगलबार बिहान सडक दुर्घटनामा परी ज्यान गुमाएका गजल गायक निशान भट्टराईको जीवन त्यस्तै संयोगमय दुर्घटनामा बिलायो । त्यो संयोग थियो, सडक दुर्घटनाको । निशानजस्तै उनका पिता र निशानकी ताइवानी प्रेमिकाको पनि गाडी दुर्घटनामै ज्यान गएको थियो ।

दरबारमार्गमा ५० प्रतिशत सेयर लगानी रहेको वान थाई रेस्टुराँमा नियमित गायन प्रस्तुति सकेर घर फर्किने क्रममा निशान दुर्घटनामा परेका थिए । ट्राफिक प्रहरी प्रमुख एसएसपी भीमप्रसाद ढकालका अनुसार कार दुर्घटनापछि गम्भीर अवस्थाका भट्टराईलाई ट्रमा सेन्टर पुऱ्याइएको थियो । त्यहीँ उपचाररत अवस्थामा उनले अन्तिम सास फेरेका थिए । ४० को दशकमा उदाएका निशान विशेषत: गजल गायनमा रुचि राख्थे । ‘नसा पिएर’, ‘मलाई माफ गरिदेऊ’, हेर धर्ती’लगायत उनका रुचाइएका गीतमा पर्छन् । ‘कामनाले भरिएको’ भट्टराईले रेकर्ड गरेको पहिलो गीत हो । दीर्घसिंह बमको रचनामा उनले यो गीत रेडियो नेपालमा गाएका थिए । उनले अर्को गीत ‘माया गर माया गर’मा यसमा गायिका सुकमित गुरुङसँग सहकार्य गरेका थिए । निशानले २०४१ देखि २०४४ सालसम्म रेडियो नेपालमा गायकका रूपमा काम गरेका थिए ।

निशानसँगै सांगीतिक संघर्ष सुरु गरेका संगीतकार तथा नेपाल सांगीतिक संघका अध्यक्ष मिलन मोक्तानका अनुसार गजल गायनमा निशानको शैली फरक किसिमको थियो । ‘म सोल्टी होटलमा गिटार र बासुरी बजाउँथें । निशान गीत गाउँथे,’ मिलनले सम्झिए, ‘हामी २०४० सालदेखिकै साथी थियौं । उनी निकै मिलनसार थिए । स्टेजमा गीत गाउँदा हासेर एक्सप्रेसन दिन्थे । उनमा एकपटक गीत गाएपछि अर्को पटक त्यो गीत नहेरी गाउने खुबी थियो । सायदै त नेपालमा गजल रेस्टुराँ स्थापना गर्नमा उनको महत्वपूर्ण योगदान छ ।’

गजल गायन करियरमा निशानले अधिकांश समय गजल रेस्टुराँमै बिताए । उनले नोर्लिङ, गोल्डेन गेट, कोहिनुर, रानीमहल जस्ता रेस्टुराँमा गजल गाएका थिए । ‘निशानको जिन्दगी नै दरबारमार्गमा बित्यो । उनले साथीसँग मिलेर रानीमहल गजल रेस्टुरेन्ट खोलेका थिए । निकै लामो समयसम्म त्यहाँ सहकार्य गरेपछि साथीसँग उनको सम्बन्ध बिग्रियो । त्यसपछि ५० प्रतिशत सेयर हालेर वान थाइ रेस्टुराँमा गजल गाउन थाले’, मिलनले भने ।

मिलनका अनुसार दैनिक रूपमा गजलमा गाउनुपर्ने भएपछि त्यसको तयारीकै कारण उनले रचनात्मक काम गर्न पाएका थिएनन् । दरबारमार्गको अम्बर रेस्टुराँमा गाइरहँदा उनको गजल सुन्न आइरहने एक ताइवानी युवती (जो निशानकी फ्यान थिइन्)सँग अफेयर शुरु भयो । एकदिन दरबारमार्गमा गायन सकाएर सोल्टी होटल पुगी खाना खाएर फर्किंदै गर्दा कालिमाटीमा कार दुर्घटना परी ताइवानी प्रेमिकाको निधन भएको थियो । ‘त्यो दुर्घटनापछि उनी विचलित भएर झन्डै १० वर्षसम्म डिप्रेसनमा परे । त्यो समयमा उनको मद्यपान आदत यति बढ्यो कि उनलाई सम्हाल्नै नसक्ने अवस्था आयो । डिप्रेसनका बेला उनी गायिका दिदी लोचन भट्टराईकोमा बस्थे । मद्यपानको लतले अन्तिम अवस्थामा पुगेपछि लोचन दिदीको आग्रहमा मैले उनलाई घरमा लगेर राखें’, मिलन खुल्छन्, ‘मैले उनलाई घरमा मेरो परिवारजस्तै मानेर नौ महिना राखें । त्यो नौ महिनामा उनलाई रक्सीको लत छुटाएर पुरानै काममा फर्काउन सफल भएँ ।’

जडीबुटीमा बस्दै आएका निशानका साथी अमेरिका जाने भएपछि जडीबुटीको घर हेर्ने गरी चार महिना अघि मात्र निशान परिवारका साथ त्यहाँ गएका थिए । ‘हाम्रो परिवारसँग उनको परिवार निकै नजिक थियो । उनको अर्को साथीले मलाई मामा भन्ने भएकाले निशानले पनि मलाई मामा नै भनेर बोलाउँथे । राजेश हमाल र आशा भोषले तथा रन्जित गजमेरलाई समर्पित कार्यक्रममा पनि उनले गीत गाएका थिए’, पछिल्लो भेट स्मरण गर्दै मिलनले भने, ‘गत जनवरी १ तारिखमा उनकै रेस्टुराँमा हामीले नयाँ वर्ष मनाएका थियौं । उनले ‘आज धेरै वर्षपछि मामासँग एकपटक चियर्स गर्न मन लाग्यो’ भनेर गिलास ठोकाएका थिए ।’ निशानको मंगलबार नै पशुपति आर्यघाटमा अन्तिम संस्कार गरिएको थियो । उनको शवमा सांगीतिक संघको झन्डा ओढाइएको थियो । उनका छोरा, छोरी र श्रीमती छन् ।

## भ्वाइसका विजेताको वर्ल्ड टुर




गायनमा आधारित रियालिट शो द भ्वाइस अफ नेपाल सिजन-२ का विजेता तथा फाइनलिस्टहरू सांगीतिक कार्यक्रम लिएर वर्ल्ड टूर गर्ने भएका छन् । नेपाल भ्रमण वर्ष-२०२० को समेत प्रचार-प्रसार गर्ने उद्देश्यले भ्वाइसका विजेता राम लिम्बू तथा उपविजेताहरू सनिष श्रेष्ठ, अनु रानामगर तथा यनी यल्मोले वर्ल्ड टुर गर्न लागेका हुन् । उनीहरूले युरोपका विभिन्न देशका साथै बेलायत, क्यानडा तथा इजरायलमा आफ्नो प्रस्तुति दिनेछन् । उनीहरूको वर्ल्ड टुर मार्च ३ देखि प्रारम्भ हुने आयोजक ब्ल्यू बर्ड इन्टरनेसनल इभेन्टका अध्यक्ष रोशन पराजुलीले बताएका छन् ।

## शिवलाई पुरस्कार



गायक शिव परियार अमेरिकामा पुरस्कृत भएका छन् । गायक परियार अमेरिकाको न्युजर्सी राज्यको जर्सी सिटी काउन्सिलद्वारा स्थापित ‘ह्यामलेट म्यानजुएटा एवार्ड इन आर्ट्स’ बाट पुरस्कृत भएका हुन् । गायक परियार अमेरिकी सरकारको कला पुरस्कारबाट सम्मानित हुने सम्भवत: पहिलो नेपाली कलाकार भएको बताइन्छ । गायक परियारले आफ्नो दुई दशकभन्दा लामो सांगीतिक करियरमा ५ सयभन्दा बढी गीत गाइसकेका छन् भने १० वटा एकल गीति एल्बम पनि प्रकाशित गरिसकेका छन् । गायक परियार यतिबेला सांगीतिक कार्यक्रमको क्रममा अमेरिकामा छन् ।

## विवेकको अभियान




सांगीतिक समूह कन्दराका गायक विवेक श्रेष्ठले नयाँ अवधारणाको सांगीतिक कार्यक्रम प्रस्तुत गर्ने घोषणा गरेका छन् । प्रवासमा आयोजना हुने सांगीतिक कार्यक्रमहरूको स्तर घटिरहेको अवस्थामा आफूले नयाँ अवधारणासहितको सांगीतिक कार्यक्रम आयोजना गर्न लागेको गायक श्रेष्ठको भनाइ छ । अस्ट्रेलियाका विभिन्न सहरमा हुने उक्त कार्यक्रम शृंखलाको नाम ‘युफोनिक, क्लोज टु माइ हार्ट’ राखिएको छ । आगामी फेब्रुअरी १५ का दिन सिड्नीको वेज्ली कन्फरेन्स सेन्टरमा आयोजना हुने उक्त कार्यक्रम गायक श्रेष्ठलाई उनकै ब्यान्डका संगीतकर्मीहरूले साथ दिनेछन् । मेलबर्नमा समेत आयोजना हुने उक्त कार्यक्रमको तयारीका लागि गायक श्रेष्ठ यसै साता अस्ट्रेलिया प्रस्थान गरिसकेका छन् । कन्दरा ब्यान्डका लागि गायक श्रेष्ठले गाएका गीतहरूमध्ये हङकङ पोखरा, लेककी हे माया, तिमी पारि, बिदेसिएर गइन् उनी आदि लोकप्रिय छन् ।

केवल एक प्रश्न

# तपाईंले पछिल्लो समय हेरेको चलचित्र कुन हो ? कस्तो लाग्यो ?







नेपाली चलचित्र 'पोइ पर्‍यो काले' र हिन्दी चलचित्र 'दबङ-३' हेरेको थिएँ। दुवै चलचित्रले मन जिते।

**किरण केसी, अभिनेता**

'छ माया छपक्कै' हेरेको थिएँ। चलचित्र राम्रो लाग्यो, त्यसैले हेरुन्जेल भरपुर मनोरञ्जन लिएँ।

**शंकर बीसी, मोडल तथा निर्देशक**

'साली कसको भेनाको' हेरेको थिएँ। त्यो चलचित्र निकै रमाइलो लाग्यो।

**रेश्मा भण्डारी, खेलाडी**

'छ माया छपक्कै' हेरेको थिएँ। समग्रमा रमाइलो लाग्यो। तर, सोही ब्यानरमा पहिला बनेका चलचित्रजत्तिको राम्रो अलि लागेन।

**रमेशराज भट्टराई, गायक**

नेपाली चलचित्रमा 'कबड्डी कबड्डी कबड्डी' हेरेको थिएँ। यो चलचित्र निकै मन पर्‍यो। साथै केही दिन पहिले मात्र बलिउड चलचित्र 'दबङ-३' हेरेको थिएँ। ठीकै लाग्यो, अब चलचित्र 'आमा' को पर्खाइमा छु।

**बिनु शाक्य, मोडल**

गत वर्ष 'प्रसाद' हेरेको थिएँ। त्यो चलचित्रले मन छोयो।

**लक्ष्मण शेष, संगीतकार**

एउटा आर्टिकल लेख्नुपर्ने भएकाले जापानिज भाषाको 'मानोगातरी' हेरेको थिएँ, जुन हामीमध्ये धेरैले अत्यन्तै कम हेरेको चलचित्र हो। यो चलचित्र सन् १९८७ मा बफादार कुकुर हाचीको माथि बनेको थियो। पछि यसैको अंग्रेजी भर्सन सन् २००९ मा 'हाची अ डग्स टेल' बन्यो। हाचीको मानोगातरीले मालिकप्रतिको प्रेम, बफादारिता र अनन्त पर्खाइको पीडादायक कथा बोल्छ। मेरा उत्कृष्ट फिल्मको सूचीमा एउटा यो पनि पर्छ।

**मीनराज वसन्त, साहित्यकार**

'घामड शेरे' हेरेको थिएँ। ठीकै लाग्यो।

**सुमन कार्की, हास्यकलाकार**

'माछा माछा' हेरेको थिएँ। राम्रो लाग्यो।

**भोलाराज सापकोटा, कलाकार**

हिन्दी फिल्म 'पतिपत्नी और वो' हेरेकी थिएँ। एकदमै कमेडी लाग्यो। फिल्म हेरुन्जेल एकछिन पनि हाँसो रोकिएन।

**पूजन घिमिरे, मोडल**

'सरौतो' हेरेको थिएँ, जसमा हरि हुमागाईंको काम मन पर्‍यो।

**अर्जुन तिवारी, छायाँकार**

'जात्रैजात्रा' हेरेको थिएँ। राम्रो लागेर दुई पटक हेरें।

**मुकुन भुसाल, अभिनेता**

'घामड शेरे' हेरेको थिएँ। म निश्चल बस्नेतको फ्यान हो। तर, जति सोचेर गएको थिएँ त्यो पाइनँ।

**दिनेश काफ्ले, हास्यकलाकार**

'गुड न्यूज' हेरेकी थिएँ। निकै राम्रो लाग्यो।

**दीपिका प्रसाई, अभिनेत्री**

मैले पछिल्लो पटक हिन्दी चलचित्र 'बाला' हेरें। अत्यन्तै राम्रो लाग्यो। चलचित्र हेरुन्जेल मात्र होइन, हलबाट बाहिर निस्किसकेपछि पनि चलचित्रले प्रभाव जमाइराख्यो।

**महेश काफ्ले, गायक**

गुड न्युज हेरेको थिएँ। कमेडी रहेछ राम्रो लाग्यो।

**टेकेन्द्र शाह, भिडियो एडिटर**

पछिल्लो पटक हलमा पुग्दा त्यहाँ कुनै नेपाली चलचित्र नभेटेपछि 'गुड न्युज' भन्ने बलिउड चलचित्र हेरें।

**राजाराजेन्द्र पोखरेल, हास्यकलाकार**

मैले पछिल्लो पटक हेरेको चलचित्र 'जात्रैजात्रा' हो। चलचित्रमा मित्र कृष्ण भारद्वाजको पनि संगीत रहेकाले उहाँको ठाडो निर्देशनमा चलचित्र हेर्न पुगेको थिएँ। समग्रमा चलचित्र राम्रो लाग्यो।

**बादल घिमिरे, संगीतकार**

'गुड न्यूज' हेरेकी थिएँ। राम्रो लाग्यो।

**लक्ष्मी बर्देवा, अभिनेत्री**

'चच हुई' हेरेको थिएँ। राम्रो होला भन्ठानेको थिएँ, तर खासै राम्रो लागेन।

**राजनराज शिवाकोटी, गायक तथा संगीतकार**

'छ माया छपक्कै' हेरेको थिएँ। राम्रो लाग्यो।

**हेमन्त शर्मा, गायक**

अनुराग काश्यपको हिन्दी फिल्म 'ग्याङ अफ वासेपुर– १ र २' अनुराग काश्यपको हेरेको थिएँ। यी चलचित्र शताब्दीकै उत्कृष्ट चलचित्र मध्येका हुन्। चलचित्र हेरिसकेपछि कसरी चलचित्रलाई जीवन्त बनाउन सकेको होला भन्ने सोचेर म धेरै दिनसम्म नराम्ररी बिथोलिएको थिएँ।

**प्रकाश सपूत, गायक**

मैले पछिल्लो पटक हेरेको चलचित्र 'प्रसाद' हो। दिनेश राउतद्वारा निर्देशित तथा बिपिन कार्की, नम्रता सापकोटा, निश्चल बस्नेतको मुख्य भूमिकामा तयार भएको उक्त चलचित्र समग्रमा उत्कृष्ट थियो। एउटा दम्पतीमा सन्तान नहुँदा जिन्दगीमा आउने उत्तारचढावलाई चलचित्रमा कुशल ढंगले उठान गरिएको छ।

**याम क्षेत्री, गायक**

सूचना र मनोरञ्जनको सँगालो साप्ताहिक
सूचना तथा मनोरञ्जनको सँगालो साप्ताहिक पत्रिकाको आधिकारिक वेबसाइट
www.saptahik.com.np
GET IT ON Google Play
Available on the App Store



# फ्लपपछिको उत्साह

अभिनेत्री मिरुना मगरले हालसम्म चारवटा चलचित्रमा अभिनय गरिन् । दुःख लाग्दो कुरा के छ भने, ती चारै चलचित्र व्यावसायिक रूपमा असफल भए । उनले अभिनय गरेका चलचित्रहरू लालपूर्जा, रोज, साइनो तथा चचहुई चलेनन् । सौगात मल्ल, विपिन कार्की, प्रदीप खड्का, आर्यन सिग्देल जस्ता चल्तीका अभिनेतासँगको साथले पनि मिरुनाको करियरलाई माथि उठाउन सकेन । यतिबेला उनले अभिनेता दयाहाङ राईसँग चलचित्र जारीमा अभिनय गरेकी छिन् । यो उनको पाँचौं चलचित्र हो । यो चलचित्रबाट उनी निकै नै आशावादी छिन्, त्यसअघि यस अघिका चारवटै चलचित्रबाट पनि उनी आशावादी नै थिइन् । बेलायतबाट अभिनेत्री बन्नका लागि काठमाडौं आएकी मिरुना चारवटा चलचित्रको असफलतापछि पनि निराश भने छैनन् । त्यसैले त अहिले फुर्सदको समयमा उनी देश दौडाहामा छिन् । सामाजिक सञ्जालमा सक्रिय रहने यी अभिनेत्री अहिले जहाँ-जहाँ पुग्छिन्, नेपाल भ्रमण वर्षको प्रवर्द्धनसमेत गरिरहेकी छिन् ।



# रोमान्टिक जोडी

दीपकराज गिरी र दीपाश्री निरौला चलचित्र क्षेत्रका सेलिब्रेटी जोडी हुन् । रेडियो कार्यक्रम रामविलाश-धनियाँदेखि बाँधिएको उनीहरूको जोडीलाई हास्य श्रृंखला तीतोसत्यले स्थापित गरायो । उक्त श्रृंखलामा उनीहरू श्रीमान्-श्रीमतीको भूमिकाबाट प्रस्तुत भएका थिए । त्यही श्रृंखलाका कारण अधिकांश दर्शकलाई दीपक र दीपा वास्तविक जीवनकै जोडी हुन् भन्ने पर्‍यो । चलचित्र 'छ एकान छ' मार्फत उनीहरूको जोडी चलचित्र निर्माण, निर्देशन तथा अभिनयमा समेत सक्रिय रहयो, जुन पछिल्लो चलचित्र 'छ माया छपक्कै'सम्म आइपुग्दा समेत उत्तिकै सुमधुर छ । दर्शकहरूले उनीहरूलाई वास्तविक जोडी माने पनि उनीहरू वास्तविक जोडी होइनन् । दीपकको आफ्नो घर-संसार छ, दीपाश्री भने सिंगल छिन् । रोचक कुरा चाहिँ के छ भने सामाजिक सञ्जालमा समेत दीपक र दीपाले आफूलाई जोडीकै रूपमा प्रस्तुत गर्दै आइरहेका छन् । पछिल्लो समय त दीपक र दीपाले आ-आफ्ना टिकटकमार्फत रोमान्टिक गीतहरूमा जोडीकै रूपमा अभिनय र नृत्य गर्दै आइरहेका छन् । टिकटक भिडियोमा रोमान्टिक शैलीमा प्रस्तुत भइरहने यो जोडीलाई दर्शकहरूले उनीहरूलाई वास्तविक जोडी नै ठान्ने गर्छन् ।

## फिल्मीखबर



● आगामी माघ २४ गतेबाट प्रदर्शन हुने चलचित्र 'सेल्फी किङ'ले हाम्रो पात्रो एपसँग सहकार्य गर्दै 'हाम्रो सेल्फी किङ कन्टेस्ट' ल्याएको छ । ह्युमर र कमेडी हाउभाउमा खिचिएको सेल्फीमा आफ्नो तस्बिर खिचेर इच्छुक सहभागीहरूले हाम्रो कम्युनिटीमार्फत आफ्नो सेल्फी पोष्ट गर्न सक्नेछन् । विपिन कार्कीको प्रमुख भूमिकामा अभिनय रहेको चलचित्रमा विशाल सापकोटाको निर्देशन छ ।

● तेलुगु सफल चलचित्र 'अर्जुन रेड्डी'को नेपाली रिमेक भर्सन बन्ने भएको छ । नेपाली चलचित्र निर्माण कम्पनी एवं वितरक युवा फिल्म्सका केशव खड्का र 'अर्जुन रेड्डी'को निर्माण कम्पनी भद्रकाली पिक्चर्सको तर्फका प्रणय रेड्डीबीच अमेरिकामा चलचित्र निर्माणको सम्झौता भएको हो ।

● गोपीकृष्ण मुभिजले १३ वर्षअघि निर्माण गरेको चलचित्र 'पर्खि बसें'को नयाँ सिरिज 'पर्खि बसें-२' दर्शकमाझ आउने भएको छ । गोपीकृष्ण मुभिजकी निकिता पौडेल र हिमालयन मुभी स्टुडियोबीच निर्माणको सहमति भएको हो । चलचित्रमा सौरभ चौधरीको निर्देशन हुनेछ ।

● अभिनेत्री तथा निर्मात्री रेखा थापाको नयाँ अनटाइटल चलचित्रमा अभिनेताद्वय दयाहाङ राई र सौगात मल्ल अनुबन्धित भएका छन् । सविर श्रेष्ठले निर्देशन गर्ने चलचित्र आगामी वर्षको लक्ष्मीपूजामा रिलिज हुनेछ ।

● पत्रकार डीबी खड्काको पुस्तक 'नियत' सार्वजनिक भएको छ । उनको पुस्तकलाई अभिनेत्रीत्रय रेखा थापा, स्वस्तिमा खड्का र लक्ष्मी बर्देवाले सार्वजनिक गरेका हुन् ।

● आगामी फागुन २ गते रिलिज हुने चलचित्र 'लभ डायरिज'को टिजर दर्शकमाझ आएको छ । सौरभ चौधरी निर्देशित चलचित्रको टिजरमा सुशील श्रेष्ठ र रुविना थापाको प्रेम, विछोडलाई स्थान दिइएको छ ।



# २५ का हमाल

विकिपेडियालाई विश्वास गर्ने हो भने अभिनेता राजेश हमाल ५५ वर्षका भए । सन् १९६४ को जून ९ मा जन्मिएका उनी नेपाली चलचित्रमा आउँदा नै २५ वर्षका थिए । हमालले अभिनय गरेको पहिलो चलचित्र 'भाग्य रेखा' हो, जुन सन् १९८९ मा निर्माण भएको थियो । ३१ वर्षअघि नै २५ वर्षका अभिनेता हमालले अघिल्लो साता काठमाडौंमा आयोजित एक समारोहमा आफ्नो उमेर २५ वर्ष नै भएको सुनाएर उपस्थित व्यक्तिहरूलाई हँसाए । हमालले आफ्नो उमेर बताइरहँदा प्रेक्षालयमा हाँसोको फोहोरा छुट्यो । समारोहमा हमालको उमेरको चर्चा भए पछि उनले मुख खोले, 'मेरो उमेर ३०-३२ वर्षको भयो भनेर त मैले भनें तर मेरो उमेर २५ वर्ष नै हो है ।' वास्तवमा हमालले आफ्नो उमेर २५ वर्ष भन्न खोजेका नहुन सक्छन्, चलचित्रमा आएको चाहिँ २५ वर्ष भएको हुनसक्छ । हामीले मिलाएर बुझ्े भै'गो नि !

बलिउड








## प्रियंकाको पहिरन चर्चा

बलिउड अभिनेत्री प्रियंका चोपडा हालैमात्र गोल्डेन ग्लोब एवार्डमा निकै ग्ल्यामर लुक्समा उपस्थित भइन् । प्रियंका भारतमा आफ्नो नेटफ्लिक्स चलचित्र 'द हवाइट टाइगर' को सुटिङ पूरा गरेर अमेरिका पुगिसकेकी छन् । यही अवस्थामा हालै मात्र प्रियंकाको एक तस्बिर सामाजिक सञ्जालमा भाइरल छ । भाइरल हुनुपर्ने कारण प्रियंकाको रूप नभई उनले लगाएको पहिरन हो । केही समयअघि प्रियंका श्रीमान् निकसँग लसएन्जल्सस्थित एक सैलुनबाट बाहिर आएकी थिइन् । त्यहाँ उपस्थित फोटोग्राफरको ध्यान प्रियंका र निकभन्दा पनि प्रियंकाले लगाएको पहिरनमा थियो । निक छोटो चेक सर्ट र कालो ट्राउजरमा थिए भने प्रियंकाले स्लिट पहिरन र त्यसमाथि ओभरकोट लगाएकी थिइन् । प्रियंकाले लगाएको यो पहिरनको मूल्य १ लाख ५० हजार रुपैयाँ आसपास छ । बारोको रोडियो प्रिन्टवाला यो पहिरनमा प्रियंका निकै आकर्षक देखिएकी थिइन् ।

## सलमानसँग रोमान्स

अभिनेता सलमान खानको चलचित्र 'दबंग-३' लाई दर्शकले खासै मन पराएनन् । हाल उनी नयाँ चलचित्र 'राधे : योर मोस्ट वान्टेड भाइ' को काम गरिरहेका छन् । यो चलचित्र सन् २०२० का इदमा रिलिज हुँदैछ । यही बीचमा उनले अर्को एक चलचित्र 'कभी इद कभी दिवाली' को घोषणा गरिसकेका छन् । सलमान यो चलचित्र 'किक' का निर्माता साजिद नाडियाडवालासँग मिलेर बनाउँदैछन् । फरहाद सामजीले निर्देशन गर्ने चलचित्रमा कृति सेनन फाइनल भइसकेकी छन् । कृतिले साजिदकै ब्यानरबाट निर्माण भएको चलचित्र 'हिरोपन्थी' बाट बलिउडमा पाइला चालेकी हुन् । कृति यो समयमा साजिद र फरहादका साथ 'बच्चन पाण्डे'मा व्यस्त छिन् । यो चलचित्रमा उनको अपोजिटमा अक्षय कुमार छन् ।



## महँगी दीपिका

बलिउड अभिनेत्री विद्या बालनले केही समयअघि महिलाप्रधान चलचित्रले २ सयदेखि ५ सय करोडसम्म कारोबार गर्ने दिन आउने समय धेरै नभएको बताएकी थिइन् । बलिउडमा महिलाप्रधान चलचित्रको संख्या उल्लेख्य बढिरहँदा विद्याको यो भनाइ आएको हो । बलिउडमा हाल प्रदर्शनरत अभिनेत्री दीपिका पादुकोणको चलचित्र 'छपाक'का अलावा 'पंगा', 'शकुन्तला देवी' र 'सायना'सहित ७ चर्चित महिला केन्द्रित चलचित्र रिलिज हुँदैछन् । बलिउडमा अभिनेत्रीले पाउने पारिश्रमिकको अनुपात पनि बढ्दै गएको छ । यो बढ्दो पारिश्रमिकमा अग्रपंक्तिमा दीपिका पादुकोण छिन् । उनी एक चलचित्रका लागि २६ करोड पारिश्रमिक लिन्छिन् । त्यस्तै चलचित्र 'थलाइवी'का लागि कंगना रनावतले २५ कराड पारिश्रमिक लिएकी छन् । बलिउडमा पछिल्लो समय रिलिज भएका महिलाप्रधान बायोपिकले महिलाको परम्परागत छविलाई अस्वीकार गरिसकेको छ ।



## तब्बुसँग सहज

अभिनेता इशान खट्टर चाँडै नै दर्शकमाझ चलचित्र 'अ सुटेबल ब्वाइ' मार्फत आउँदैछन् । यो चलचित्रमा उनले अभिनेत्री तब्बुसँग रोमान्स गरेका छन् । तब्बुसँग पहिलो पटक स्क्रिन सेयर गरेका इशानले तब्बुसँगको अनुभवलाई निकै सहज रूपमा लिएका छन् । 'किनभने उनी तब्बु हुन् । उनीसँग काम गर्दा तपाईंको काम आधा हुन्छ । मेरा लागि पागल प्रेमीको भूमिका निर्वाह गर्न निकै सजिलो छ । किनभने ऊ आकर्षक छ । मेरो चरित्रलाई दर्शकले पक्कै रुचाउनुहुनेछ', उनले भनेका छन् । उनले अभिनेत्री तब्बुलाई 'दबास्को' उपनाम दिएका छन् । इशान अभिनेता साहिदका भाइ हुन् । उनले चलचित्र 'बियोन्ड द क्लाउड्स' बाट बलिउडमा डेब्यु गरेका थिए । यो चलचित्रलाई दर्शकले निकै रुचाएका थिए । यो चलचित्रपछि उनी जाह्न्वी कपुरसँग चलचित्र 'धडक' मा देखिए ।

हलिउड




# वन्डर वुमनको प्रतीक्षा

आगामी जून महिनामा हलिउडमा एउटा चलचित्र प्रदर्शन हुँदैछ, जसको शीर्षक छ, 'वन्डर वुमन-१९८४'। उक्त चलचित्रको केही साताअघि सार्वजनिक भएको एक्सन तथा इनर्जीले भरिएको ट्रेलरले दर्शकको मन जितिसकेको छ। यो सुपर हिरो चलचित्रको ट्रेलरलाई समेत दर्शकहरूले व्यग्रताका साथ प्रतीक्षा गरिरहेका थिए। ट्रेलरपछि अहिले दर्शकहरू चलचित्रकै प्रतीक्षामा व्यग्र भएका छन्। डीसी कमिकका चर्चित सुपर हिरो चरित्र वन्डर वुममा आधारित यो चलचित्रमा अभिनेत्री गल गाडोटले मुख्य भूमिका निर्वाह गरेकी छिन्। चलचित्रमा उनलाई डायना प्रिन्सको चरित्रमा देख्न सकिन्छ। चलचित्रमा प्रिन्सले आफ्नो सुपरपावर मार्फत शत्रुहरूविरुद्ध लडिरहेको देखिनेछ। यही चलचित्रमार्फत वन्डर वुमनले एउटा नयाँ सुरुवात गर्दैछिन्। सन् १९८४ को पृष्ठभूमिमा बनेको यो चलचित्रमा वर्तमान तथा भविष्यको मिलनलाई देखाइएको छ। यो चलचित्र दुई वर्षअघि प्रदर्शन भएको वन्डर वुमनको सिक्वेल हो। उक्त चलचित्रले बक्स अफिसमा समेत उत्कृष्ट व्यवसाय गर्न सफल भएको थियो। चलचित्रमा गल गाडोट, क्रिस पाइन, क्रिस्टिन विग आदिले मुख्य भूमिका निर्वाह गरेका छन्।

# जस्टिनलाई गम्भीर रोग

पप स्टार जस्टिन बिबर आफ्नो लुक्स तथा व्यक्तिगत जीवनका कारण प्रायः चर्चामा आइरहन्छन्। यद्यपि, पछिल्लो पटक जस्टिन आफ्नो स्वास्थ्यका कारण चर्चामा आएका छन्। हालै मात्र यी गायकले सामाजिक सञ्जालमा आफ्नो रोगका बारेमा खुलासा गरेका छन्। उनको बिरामीको खबरले प्रशंसकहरू स्तब्ध भएका छन्। वास्तवमा जस्टिन बिबर कुनै सामान्य रोगबाट होइन, 'लाइम डिजिज' नामको एउटा दुर्लभ रोगको सिकार भएका छन्। उपचारै नहुने उक्त रोगका कारण उनी अहिले दुःखीसमेत भएका छन्। जस्टिनले इन्स्टाग्राममार्फत उक्त रोगका बारेमा खुलासा गर्दै भनेका छन्, 'धेरै जना मानिसले जस्टिन बिबर निकै फोहोरी देखिएका छन् भनिरहेका थिए, यद्यपि उनीहरूलाई म बिरामी छु भन्ने थाहै छैन। हालै मात्र मेरो शरीरमा लाइम डिजिज भएको पत्ता लागेको छ। यति मात्र होइन, क्रोनिक मोनाको पनि गम्भीर समस्या थियो, जसका कारण मेरो छाला, दिमाग, शरीरमा एलर्जी भयो भने सम्पूर्ण स्वास्थ्य नै प्रभावित भयो।' जस्टिनले आफूलाई लागेको रोगका बारेमा एउटा वृत्तचित्रमार्फत सम्झाउने आश्वासनसमेत दिएका छन्, जुन युट्युबमा अपलोड हुनेछ। 'तपाईंहरूले पनि थाहा पाउनुहुनेछ, म कुन कुरासँग जुधिरहेको थिएँ, उनले भनेका छन्, 'पछिल्ला केही वर्ष मेरा लागि अप्ठ्यारा थिए। यद्यपि एउटा राम्रो उपचार पाएर म चाँडै नै यो बिरामीबाट मुक्त हुनेछु। त्यसबाट छुटकारा पाएपछि म चाँडै नै फर्किनेछु।'



# गिरफ्तार भइन् अभिनेत्री

हलिउडको सफल चलचित्र 'क्याप्टेन अमेरिका : द फस्ट एभेन्जर' मा अभिनय गरिसकेकी अभिनेत्री मोली फिजगेराल्टलाई आमा पेट्रिसिया फिजगेराल्डको हत्या गरेको आरोपमा प्रहरीले गिरफ्तार गरेको छ। अघिल्लो साता मोलीलाई प्रहरीले सेकेन्ड डिग्री मर्डरअन्तर्गत मुद्दा दर्ता गरेको छ। मोली अभिनेत्रीका साथै निर्देशक तथा निर्मात्रीसमेत हुन्। क्याप्टेन अमेरिकामा स्टार्क गर्लको चरित्र निर्वाह गरिसकेकी मोलीमाथि ६८ वर्षीया आमालाई अत्यधिक कुटपिटपछि हत्या गरेको आरोप छ। पेट्रिसियाको लास उनकै घरबाट डिसेम्बर २० का दिन बरामद गरिएको थियो। प्रहरीले त्यही दिन उक्त स्थानमा कुटपिटको घटना भएको खबर पाएको थियो। प्रहरी उनको घरमा पुग्दा पेट्रिसिया गम्भीर रूपले घाइते थिइन्। मोलीले यसअघि 'ट्रबल इज माइ बिजनेस', 'द लफुल ट्रुथ', 'अबसर्ड इल्युजन'जस्ता चलचित्रमा अभिनय गरेकी छिन्।

सामाजिक सञ्जाल

# 'मुटु नभएका सम्पादक !'

**रामेश@RaameshKoirala**
भ्याट ठगबाट पैसो उठाओस्, बालुवाटारको जमिन फिर्ता ल्याओस्, एनसेलको कर उठाओस्, यातायात सिन्डिकेट यथार्थमै हटाओस्, यसै हुने विकासबाहेक सिन्को भाँचोस्, मेडिकल माफियाबाट मेरै पैसो फिर्ता दिलाओस्, नियम मिलाएर नआखोस्, यति गरोस्, यति नगरोस्, सम्पादक त के, सब जनताले नै प्रशंसा गर्छन् सरजी ।

**Yadab Devkota@gaunkomanchhey**
सम्पादक/पत्रकारहरूलाई सत्ताको दास बनाउन सकिएन भनेर अरिंगालका सेनापतिलाई कत्रो चिडचिडाहट ! कामैको कुरो गर्दा अरिंगाल सेनापति नेतृत्वले यति काम गरिरहेको छ कि, त्यसको नीलडामले जनता भन्न बाध्य छन्– मलाई नसोध कहाँ दुख्छ घाउ, महँगी, अन्याय, धूलो, धूवाँ, अविकास, मनलाग्दीले चिथोरेको !

**Bhisma@Bhismak1962**
रोज रोज आँखों तले, इक ही सपना पले, हमे कोई एक मुटुवाला सम्पादक मिले ।

**Umesh Nepal@HyperNephroma_**
भनेपछि अब सबै राष्ट्रिय दैनिकको एकै सम्पादक बनाउनुपर्छ, मुटुवालाश्री ।

**अनिल गिरी@anilkathmandu**
चाहियो, चाहियो, चाहियो । मन र मुटु दुवै भएका सम्पादक चाहियो ।

**Khagendra Sangroula@belakoboli**
'राम्रो कामको प्रशंसा गर्ने मुटु भएका सम्पादक नै छैनन्' भन्दै ओली सरले थोक भाकामा ठोकिदिएछन् । भनेसि बुझ्नुपरो– युवराज घिमिरे, सुधीर शर्मा, कृष्णज्वाला देवकोटा, हरिबहादुर थापा, गुणराज लुइँटेल, अमित ढकाल, अरुण बराल, ओम शर्मा, प्रतीक प्रधान आदि पाषाणहृदयी सम्पादक हुन् । हैट्, खतरा ।

**गुलेली मास्टर@gulelimaster**
क्या मज्जाले चाकु, लड्डु, तरुल, शखरखण्ड अनि चिची र एक पानी माघीमा खाउँला भन्याथे होलान् विचरा सम्पादकज्यूहरूले, मुटु छैन तिमीहरूको भन्देर सबै बित्यास ।

**Gajendra Budhathoki@gbhudhathoki**
आवश्यकता– मन र मुटु भएका सम्पादक (मस्तिष्क नभए पनि हुन्छ) । मिडिया– श्री सर्कार सञ्चार लि., तलब– बैंक तथा अन्य सरकारी निकायमा पत्राचारबाट निर्धारण हुनेछ । विशेष सर्त– मुठी उठाएर कसम खान सक्ने, त्यस्तै परे मुठीलाई मुड्की बनाउन सक्ने । सम्पर्क– श्री बालुवाटार दरबार ।

**Deepak kc@dpak_kc**
किन र ? बालुवाटरमा मुठी बटार्ने त टन्नै थे त ! त्यहाँबाट नि भेटिएन र ? राम्रो कामको प्रशंसा गर्ने मन-मुटु भएका सम्पादक छैनन्–प्रधानमन्त्री ।

**Janakraj Sapkota@janakrasa**
अरिंगालपछि विरुदावली जान्ने सम्पादक खोजिरहेको सरकार ।

**मिन राई@Minbahing**
यसो भनिरहँदा पोस्टखबरका सम्पादकमाथि अन्याय हुँदैन र ?

**Shiva Dahal@dahalshivaji**
नयाँ उखान : मुटु नभएका सम्पादक ।

**Ravi Pandey@bijaypandey74**
गुटे हनुमानहरूको प्रशंसा र त्यसैको आत्मरतिमा रमाउने बानी परेका प्रम ओलीले आजको कान्तिपुरमा ठूलै दुखेसो गरेछन् र भनेछन् राम्रो गरेको देख्ने र त्यसको प्रशंसा गर्ने कोही पत्रिका र सम्पादक भएनन् । कठै यिनको दुःख पनि ।

**Nirmal Prasai@NirmalPrasai5**



तारिफ गर, गुणगाण गा, भजन कीर्तन गर, भक्तिभाव गर, सम्पादकहरू, लेखकहरू, बुद्धिजीवीहरू, खबरदार । सत्य लेख्ने हैन, ढाकछोप गर । धेरै बोल्ने होइन, मुख बन्द गर । नत्र, सूचना विधेयक कानुन । ५ वर्ष जेल । १५ लाख जरिवाना । आजीवन पनि हुनसक्छ । मुटु समाल ।

**सेतेमान तामाङ@Sete_Man**
सरकारले जतातातै यति राम्रो स्मरणीय कार्य गर्दा पनि पत्रिकाका सम्पादकज्यूहरूले किन प्रशंसा गर्न नसकिएको होला । यति समूहले गोकर्ण रिसोर्ट, दरबारमार्ग, लुम्बिनी, सेक्युरिटी प्रेस, बालुवाटार, कर छली, मेलम्ची, बुढी गण्डकीलगायत क्षेत्रको भ्रष्टाचार/घुसरहित कार्यको खुलेर प्रशंसा गर्ने बानी गरौं ।

**Keshab sawad@Sawad_keshab**
राम्रो काम छाप्ने मन-मुटु भएका सम्पादक छैनन्– ओली । ज्या !

**Rajan Dhakal@Rajan722928**
सरकारको प्रशंसा गर्ने समाचार लेख्ने सम्पादकलाई मुटु चाहिन्छ रे । आफ्नो पाषाण हृदय पगाल्न धारा तोरीको तेल खानुस् सम्पादकज्यूहरू ।

**Kishan Chhetri@KishanChetri3**
एकाध कथित बुद्धिजीवि अनि कान्तिपुर, सेतोपाटी, बाह्रखरीका सम्पादकबाहेक सबै दंग नै छन् । अब कान्तिपुर, सेतोपाटी, बाह्रखरीले पनि बानी पार्नुपर्छ ।

**तर्कशास्त्री@factmail**
सरकारको कामको प्रशंसा गर्ने मुटु भएको सम्पादक भेटिएन– प्रम ओली । सपथ खाने पत्रकारहरू कुनै मूलधारको मिडियाको सम्पादक रहेनछन् कि क्या हो ?

**Praju Panta@praju_panta**
अबदेखि सम्पादक, रिपोर्टर माग्दा आवश्यक शैक्षिक योग्यतासहित मन-मुटु भएको भनेर माग्नु पर्ने भो ।

**Amrit Paudel@amritpaudel1989**
मेरा प्रम । मेरो प्रेरणा । चिन्ता नगर्नुस् प्रधानमन्त्रीज्यू, सम्पादक नै नभए पनि म छु । अरु केही काम नभए नि आफ्नो उपचार गर्नुभएको छ । म त्यसको खुलेर समर्थन गर्छु । जनता साथमा छन्, सम्पादकसँग टाउको नदुखाउनुहोस् ।

**उत्तमप्रसाद ढकाल@dhakalut**
मृगौला नभएका प्रधानमन्त्री । मुटु नभएका सम्पादक । इमान नभएका नेता । धैर्य नभएका जनता ।

**अशोकराज अधिकारी@AshokRaj**
गुटे हनुमानहरूको प्रशंसा र त्यसैको आत्मरतीमा रमाउने बानी परेका प्रम ओलीले आजको कान्तिपुरमा ठूलै दुखेसो गरेछन् र भनेछन् राम्रो गरेको देख्ने र त्यसको प्रशंसा गर्ने कोही पत्रिका र सम्पादक भएनन् । कठै यिनको दुःख पनि ।

**Jugal Bhurtel@JugalBhurtel**
पत्रिकामा कविता पठाउँदा– पठाउँदा पनि नछापिएर हैरान भएको अप्रकाशित कविले सम्पादको निधनमा पठाएको समवेदना (भावानुवाद) : असमय निधन भयो सम्पादकजीको, रोगले उहाँलाई बाँच्नै दिएन । निश्चय नै उहाँको शरीर मात्र गयो, आत्मा त त्यसभित्र पहिले पनि थिएन ।

**सोझो चोर@sojhochar**
प्रधानमन्त्रीको गुनासो- राम्रो कामको प्रशंसा गर्ने मुटु भएका सम्पादक नै छैनन् । म त वर्षौंदेखि यही भन्दै आइरहेको छु । पत्रकार संघको निर्वाचन भए वामपन्थी खेमा जित्छन् । प्रेस चौतारी बालुवाटार पुगेर मुठी उज्याएर शपथ खान्छन्, तर धरातलमा सरकारविरुद्ध भ्रम मात्रै छरपस्ट छ ।

**Chyaban Ghimire@chghimire**
सम्पादकको आवश्यकता । ह्याकुला बाबाले किड्नीलाई ह्याकुलाले थिचेर तह लाए जस्तै आफ्नो मुटुलाई ह्याकुलाले थिचेर बलियो बनाई नराम्रो कामको रफू गर्ने र राम्रो कामको मात्रै प्रशंसा र प्रचारप्रसार गर्ने खुबी भएका सम्पादकलाई बालुवाटारमा मुठी कसेर शपथ खान आउन हतु हिवप जारी गरिन्छ ।

**Kabin Adhikari@Kabiniam**
ओली– राम्रो कामको प्रशंसा गर्ने मन-मुटु भएका सम्पादक नै छैनन् । बूढा धारा तेलमा कर धेरै लगायौ अनि मुटु कमजोर भो ।

**Madhukar@madhukar308519**
कोमल हृदय भएका सम्पादक कस्ता हुने रैचन्, जान्न मन लाइच ।

**Dinesh Sunr@dineshgrk**
मुटु नभएका सम्पादक । प्रमले सडकमा माग्ने मुक्त भयो भन्थे मुटु नभा सम्पादकले लेखेनन् रे भन्थे ।

**Suresh Joshi@Suresh_PSFN**
ओली सर भन्नु हुन्छ, राम्रा काम छाप्ने मन-मुटु भएका सम्पादक छैनन् ।

**Rupnarayan Shrestha@RupnarayanS**
सबै सम्पादक राम्रो कामको प्रशंसा नगर्ने मन मुटु नभएका नै हुन् त ?

**yam bimali@YamBimali**
प्रशंसा गर्ने मन-मुटु भएका सम्पादक छैनन् । यदि कसैले छ्यास्स-छुस्स लेखिहाल्यो भने पनि गाली खान्छन् । राम्रा कुरा गर्न थालिस्, सकारात्मक कुरा गर्न थालिस्, बिग्रिन्छस् भन्छन् । प्रधानमन्त्रीको गुनासो : राम्रो कामको प्रशंसा गर्ने मुटु भएका सम्पादक नै छैनन् ।

**Shankar Dahal@Dahal_Shankar**
अलिकति के बौरिन्छन्, तारिफ खोज्न थालिहाल्छन् । साँच्चै मृत्यु जितेका सिपाही रै'छन् । शपथ खाएका मुड्के सम्पादकले काम नगरेपछि प्रम ओली धारा तोरीको तेल खाएको सम्पादक खोज्दै ।

**बलिहाङ्ग स्वामी@Limbu_keto30**
सम्पादक चाहियो । योग्यता– राम्रो मन मुटु भएको ।

**नीराजन शर्मा@davils_advocate**
आफैं सम्पादकहरू सिन्डिकेट चलाउँछन्, आफैं सरकारलाई एकै पटक प्रहार गर्ने रणनीति बनाएर लेख छपाउँछन् अनि हेर जनता हो, सबै पत्रिकामा विरोध भएको छ, त्यसैले सरकार गलत छ भन्ने स्थापित गर्न खोज्छन् ।

**Suresh Joshi@Suresh_PSFN**
छाडेर सारा काम, यो देशमा म एउटा मन भएको सम्पादक खोजिरहेछु- प्रम ओली ।

**Nimesh@nimeshregmi**
सरकार बत्तीसपुतलीको होटलको सिसिटिभी जाँच गर । यदि चिकित्सा सेवा आयोगका अध्यक्ष त्यहाँ गएका रहेछन् भने तिनलाई ठामका ठाम कारबाही गर, भद्रगोल जेलमा कोचिदेऊ । सम्पादक चाहिँदैन, म फेसबुकमै प्रशंसाका शब्दहरू बर्साउँला ।

**केदार शर्मा@kedar_sharmaa**
'अभिव्यक्ति स्वतन्त्रताको कदर गर्ने मनमुटु भएका नेता नै छैनन् । अरू त अरू भइहाले, प्रधानमन्त्रीलाई समेत आफ्नो प्रशंसा गर्ने मात्र स्वतन्त्र पत्रकार, अरु सबै विरोधी जस्तो लाग्छ,'–हामी केही ।

**Kumar Sharma@Sharmapangeni**
लाग्थ्यो प्रेम गर्न मन चाहिन्छ अनि बहादुर हुन मुटु चाहिन्छ । प्रम अनुसार त एक कुशल सम्पादक हुन मन र मुटु दुवै चाहिने रहेछ । पृथ्वी नारायण शाहको दिव्योपदेश पुरानो र असान्दर्भिक हुँदै गइरहेका बेला यस्तो समय सान्दर्भिक दिव्योपदेश दिन प्रमले यत्तिका दिन चैं किन कुराएको होला जनतालाई ?

**हाइवे@Highwaynep**
प्रधानमन्त्री ओलीको गुनासो– सरकारमा राम्रा कामको समाचार नै बन्दैनन् । हाइवे– अस्ति समाचार लेख्ने सबैले बालुवाटारमा मुठी कसेको फोटो देखेथें, लेख्नै छाडेछन् ।

**ताहाचल, काठमाडौंकी** श्रद्धा सिलवाललाई गत वर्ष 'लक्की' सावित भयो । पेसाले सफ्टवेयर इन्जिनियर श्रद्धाले यही वर्ष मिस ग्रान्ड स्कुवा इन्टरनेसनल नेपालको उपाधि जितिन् । समुद्रको पींधमा तैरिने एडभेन्चर्ससँग सम्बन्धित अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता स्कुबा इन्टरनेसनल–२०१९ मा भाग लिन उनी मलेसिया पुगिन् । त्यहाँ उनलाई समुद्रमुनिको विचित्र संसारको अलग जीवन नियाल्ने अवसर जुऱ्यो ।

स्कुवा ड्राइभिङ गर्नेहरूका लागि ड्रिम डेस्टिनेसन मानिने मलेसियाको सिपादान आइल्यान्डको 'मरिन वर्ल्ड' मा जब तैरिइन्, समुद्रमुनिको अपार सौन्दर्यले उनलाई भुतुक्कै बनायो । श्रद्धा भन्छिन्, 'एकदमै क्लियर पानीमा सामुद्रिक जीवहरु आफ्ना परिवारसँग हिँडिरहेको र सार्क तथा रंगीचंगी माछाहरु आँखै अगाडि देखिने विचित्र र विछट्टै सुन्दर संसार हुँदो रहेछ ।'

समुद्रसँग नजोडिएको भूपरिवेष्टित मुलुककी श्रद्धाले 'मरिन वर्ल्ड'मा तैरिनकै लागि तालिम लिइन् । 'सुरुमा त निकै जोखिमपूर्ण लागेको थियो, पछि त १५ किलोको अक्सिजन सिलिन्डर बोकेर तैरिँदा पनि अर्कै मज्जा अनुभव भयो,' उनले अनुभव सुनाइन् । 'सामुद्रिक जीवहरूको संरक्षणार्थ' आयोजना हुने उक्त साहसी सौन्दर्य प्रतियोगितामा यसपटक २३ देशका सुन्दरीहरूले प्रतिस्पर्धा गरेका थिए, जसमा श्रद्धा १२ औं स्थानमा रहन सफल भइन् । व्यक्तिगत जीवनमा गत वर्ष मात्रै उनले अर्को ठूलो उपलब्धि पनि हात पारिन् । ब्रुनेल युनिभर्सिटीबाट आईटीमा मास्टर्स सकिन् ।

हरेक क्रियाकलापमा अब्बल भएपछि युनिभर्सिटीले उनलाई ब्रुनेप्लस गोल्ड एवार्डले सम्मान गऱ्यो । सफ्टवेयरलाई 'लक्ष्य' र सौन्दर्य प्रतियोगितालाई 'लगाव' मान्ने यी २४ वर्षीया सुन्दरीले काठमाडौं विश्वविद्यालयबाट स्नातक पूरा गरेकी हुन् ।

सौन्दर्य प्रतियोगिताप्रतिको लगावकै कारण उनले सन् २०१३ मा आयोजना भएको मिस टिनमा भ्युअर्स च्वाइस एवार्ड जितिन् । ५ फिट ५ इन्च अग्ली श्रद्धाका लागि सौन्दर्य प्रतियोगिता सम्भावना एक्स्पोलर गर्ने, नेटवर्किङ बढाउने उपयुक्त प्लेटफर्म हो । सानोतिनो कुरालाई ब्युटिफाइ गर्न अधिक मन पराउने उनी स्कुवा ड्राइभिङ, नृत्य, स्वीमिङ मन पराउँछिन् । बुवाआमाको आफूलाई सदैव सपोर्ट रहेको बताउने उनी केही समय सफ्टवेयर इन्जिनियरका रूपमा अनुभव जुटाउन काम गर्ने र त्यही अनुभवका आधारमा भविष्यमा सफ्टवेयर कम्पनी खोल्ने बताउँछिन् । भन्छिन्, 'मलाई जब सिकर होइन, जब क्रिएटर हुन मन छ ।'

जनक तिमिल्सिना








सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक

Berger

# Glamor icon of the week

## श्रद्धा सिलवाल, सफ्टवेयर इन्जिनियर

तस्बिर : महेश प्रधान

Log on to :
facebook
www.facebook.com\kantipursaptahik

तस्बिर : कक्टस टेङ/मिस स्कुवा इन्टरनेसनल टिम

आवरण

# हातहातमै सवारी

## सहरमा राइडिङ एप्सको बढ्दो क्रेज




तस्बिर : नवराज बार्ले

■ कृष्ण आचार्य

हालैको एक दिन कलाकार मनोज गजुरेल कालिमाटीमा थिए । उनलाई कमलादी जानु थियो । उनले आफ्नो गाडी बनाउन दिएका थिए । 'ढुक्क हुनुस्' कार्यक्रमका लागि अतिथि २० मिनेटमा आइपुग्दै थिए । काठमाडौंको जाम सबैलाई थाहै छ । यस्तोमा अब के गर्ने ? गजुरेललाई फसाद पर्‍यो । तत्कालै उनले आफ्नो मोबाइलमा केही समयअघि डाउनलोड गरेको पठाओको एप खोले । आफू रहेको र पुग्नुपर्ने ठाउँ राखे । तत्कालै उनको मोबाइलमा फोन आयो । एक मिनेटभित्रै एक युवक मोटरसाइकलमा उनलाई पिकअप गर्न आइपुगे र समयमै कमलादी पुर्‍याइदिए । भाडा उठ्यो, १ सय २० रुपैयाँ ।

> पछिल्लो समय मोबाइल एपमार्फत दुईपाङ्ग्रे यात्रुवाहक सेवाप्रदायक सवारीको यात्रा गर्नेहरूको संख्या लाखमा छ । पठाओ, टुटल, सरर हुँदै यस्ता सेवाप्रदायक कम्पनी खोल्नेहरूको जमात बढिरहेको छ।

'ट्याक्सीमा गएको भए भाडा पनि महँगो पर्थ्यो र समय पनि बढी लाग्थ्यो । त्यस हिसाबले यस्ता मोबाइल राइडिङ एपहरूले हाम्रो यात्रालाई सहज बनाइदिएका छन् । युवाहरूले रोजगारी पाएका छन्' गजुरेल भन्छन्, 'तर, यसलाई सरकारले कानुनी दायरामा ल्याउन सकेको छैन । यसतर्फ ध्यान दिँदै सबै श्रमजीवीको उत्तिकै सम्मान र सुरक्षामा ध्यान दिनुपर्छ ।'

गजुरेलमात्र होइन, पछिल्लो समय मोबाइल एपमार्फत दुईपाङ्ग्रे यात्रुवाहक सेवाप्रदायक सवारीको यात्रा गर्नेहरूको संख्या लाखमा छ । पठाओ, टुटल, सरर हुँदै यस्ता सेवाप्रदायक कम्पनी खोल्नेहरूको जमात बढिरहेको छ । एकातर्फ यातायात तथा सवारी व्यवस्था ऐनमा रहेको तगारो त अर्कातर्फ सर्वसाधारणको बढ्दो आकर्षणका बीच विभिन्न उतार-चढाव र बहसका बीच दुईपाङ्ग्रे सवारीले सर्वसुलभ सेवा प्रदान गर्दै आइरहेका छन् ।

यस्ता सवारीको मुख्य आकर्षण दुई पक्षमा देखिएको छ । एउटा चालक र अर्को यात्री । चालकले आफूसँग लाइसेन्स भएकै भरमा रोजगारी प्राप्त गरेका छन् भने यात्रुले सस्तो र छिटो-छरितो सेवा प्राप्त गरिरहेका छन् । विशेष गरी विदेशबाट फर्किएका, देशमै बेरोजगार रहेका, युवा पिँढी, एउटै कामले रोजिरोटी नचलेकाहरू र रोजगारीको सिलसिलामा राजधानी पसेकाहरूका लागि यस्ता दुईपाङ्ग्रे सेवाप्रदायक सवारी आम्दानीको राम्रो स्रोत बनेका छन् ।

राजधानीको एक कम्पनीमा सेक्युरेटी गार्डका रूपमा काम गरिरहेका सनत अधिकारीले आफ्नो मोबाइलमा टुटल, पठाओ र सररको एप इन्सर्ट गरेका छन् । आफ्नो ९-५ को कार्यालय समयबाहेक उनी तीनवटै कम्पनीका लागि राइडरका रूपमा काम गर्छन्, जुन एपमा यात्रुले गरेको रिक्वेस्ट आउँछ, उनी अनुकूलताअनुसार मोटरसाइकल स्टार्ट गरेर हुइँकिन्छन् ।

'सेक्युरिटी गार्डको जागिरबाट कति नै आम्दानी हुन्छ र, त्यही १०-१२ हजार त हो नि ! छोराछोरी पढाउनुपर्छ, परिवारको सबै खर्च हेर्नुपर्छ, काठमाडौंको बसाइ । हामीजस्तालाई यी एपहरूले ठूलो राहत दिएका छन्,' तीन वर्षदेखि काठमाडौं बसिरहेका धादिङका अधिकारी भन्छन्, कहिलेकाहीँ त राइड गर्दागर्दै बिहानको १ बजेको समेत

आवरण

> पठाओ, टुटल र सरर, हुपजस्ता दुईपाङ्ग्रे सवारीमार्फत दैनिक ४५ हजारको हाराहारीमा सर्वसाधारणले यात्रा गरिरहेका छन् । यो सेवा प्रयोगका लागि एप डाउनलोड गर्नेको संख्या भने ११ लाखको हाराहारीमा छ ।


तस्बिर : नवराज बाग्ले

पठाओको कार्यालयमा तालिम लिइरहेका नयाँ राइडर ।

थाहा पाउँदिनँ ।' रातको समयमा प्रायः रेस्टुराँमा काम गर्ने, पसले, मापसे गरेका र केही समस्यामा परेका यात्रुहरूलाई आफूले गन्तव्यमा पुर्‍याएको अनुभव उनीसँग छ ।

पर्यटनमन्त्री योगेश भट्टराईका स्वकीय सचिव प्रेम गुरागाईं पनि आजभोलि पठाओ र टुटलजस्ता एप प्रयोग गर्छन् । एक दिन उनलाई मैतीदेवीबाट त्रिभुवन विमानस्थल जानु थियो । ४ बजे विमानस्थल पुग्नुपर्ने थियो, तर ३ बजेर ४५ मिनेट त्यहीँ भइसकेको थियो । ट्याक्सी पाइरहेका थिएनन् । त्यत्तिकैमा उनले डाउनलोड गरेर राखेको तर प्रयोगमा नआएको पठाओको एप खोले र लोकेसन हाने । एक मिनेटमै मोटरसाइकल उनलाई लिन आइपुग्यो । 'त्यतिबेला अन्तिम बोर्डिङ हुने समयमा म पुगेँ र जहाज छुट्नबाट बचेँ,' गुरागाईं आफ्नो पहिलो दुईपाङ्ग्रे सवारीको यात्रा अनुभव सुनाउँछन्, 'त्यसदिन बाटो निकै जाम थियो । ट्याक्सी प्रयोग गरेको भए मेरो विमान छुट्ने रहेछ । त्यसपछि मैले प्रायः यो एप प्रयोग गर्दै आएको छु ।'

यसरी एकातर्फ काठमाडौंको दिक्कलाग्दो ट्राफिक जाम त अर्कातर्फ भरपर्दो र पहुँचयोग्य सवारी साधनको अभावमा सस्तो र छरितो सेवा दिने दुईपाङ्ग्रे सवारीको लोकप्रियता दिनप्रतिदिन बढ्दै गइरहेको छ । दुईपाङ्ग्रे सवारी र लाइसेन्स भएका विद्यार्थी, बेरोजगार युवा, गृहिणी, विभिन्न संघसंस्थामा कार्यरत प्रतिनिधि, विदेश गएर फर्किएका व्यक्ति, चिकित्सक, वकिल, पत्रकार, कलाकारले फुल र पार्ट टाइम राइडिङ एपमार्फमा यात्रु बोक्ने काम गरिरहेका छन् । तर, सबै राइडरका रूपमा खुलेर बाहिर आउन भने चाहँदैनन् । राइडरको भनाइलाई आधार मान्ने हो भने दुईपाङ्ग्रे सवारीमार्फत यात्रु बोक्ने काम गर्नेहरूले मासिक ३० हजारदेखि ५० हजारसम्म आम्दानी गर्ने गर्छन् । दिनमा अफिस आउँदा र जाँदामात्र यात्रु बोक्नेहरूले पनि मासिक १० हजारसम्म आम्दानी गर्ने गरेको पाइएको छ ।

### दैनिक ४५ हजार यात्रु

पठाओ, टुटल र सरर, हुपजस्ता दुईपाङ्ग्रे सवारीमार्फत दैनिक ४५ हजारको हाराहारीमा सर्वसाधारणले यात्रा गरिरहेका छन् । यो सेवा प्रयोगका लागि एप डाउनलोड गर्नेको संख्या भने ११ लाखको हाराहारीमा छ । तर, यसको कुनै यकिन तथ्यांक कुनै निकायसँग छैन । हाल चर्चामा रहेका दुईपाङ्ग्रे सवारी कम्पनीका जिम्मेवार व्यक्तिले दिएको तथ्यांकका आधारमा यो आँकडा आएको हो ।

नेपालको सबैभन्दा पहिलो दुईपाङ्ग्रे सेवाप्रदायक कम्पनी टुटलको एप ४ लाख प्रयोगकर्ताले डाउनलोड गरेका छन् । उसका ३० हजार राइडर छन् । दैनिक ३० जनाको हराहारीमा नयाँ राइडर र ५० जनाको हाराहारीमा यात्रु थपिइरहेका छन् । आफ्नो एपमार्फत दैनिक ८ हजारले सेवा लिइरहेको टुटलका सहसंस्थापक शिक्षित भट्ट बताउँछन् । यो कम्पनीमा हाल २० जनाले प्रत्यक्ष रोजगारीसमेत पाइरहेका छन् भने दैनिक २५ सय राइडरले यात्रुलाई सेवा दिइरहेका छन् ।

त्यस्तै, बंगलादेश हुँदै नेपाल प्रवेश गरेको पठाओ ब्रान्डको एप ६ लाख प्रयोगकर्ताले डाउनलोड गरेका छन् । उसका ४५ हजार राइडर छन् । ३२ हजार यात्रुले दैनिक सेवा लिइरहेका छन् । दैनिक ७ हजार राइडरले प्रत्यक्ष आम्दानी गरिरहेका छन् । पठाओले ५७ जनालाई प्रत्यक्ष रोगजारीसमेत दिएको छ । 'हामीकहाँ दैनिक सयदेखि डेढ सय नयाँ राइडर नाम दर्ता गर्न आउनुहुन्छ । यो क्रेजले नै पछिल्लो अवस्था प्रस्ट पार्छ,' पठाओका क्षेत्रीय निर्देशक असिम मान सिंह बस्नेतले भने ।

त्यस्तै, दुई महिनाअघिदेखि सञ्चालनमा आएको सररको एप ८ हजार प्रयोगकर्ताले डाउनलोड गरेका छन् । उसका ४ हजार ५ सय राइडर छन् भने दैनिक ९ सयले सेवा लिइरहेका छन् । हाल सररमा ६ जनाको टिम छ । उसको काठामाडौंबाहिर पोखरा, विराटनगर र धरानमा २ हजार प्रयोगकर्ता र ५ सय राइडर छन् । दैनिक सयको हराहारीमा यात्रुहरूले सेवा लिइरहेको प्रमुख संचालक सन्तोष कुमारले जानकारी दिए ।

पछिल्लो समय हुपराइड पनि नेपालको दुईपाङ्ग्रे राइडिङ सेवामा प्रवेश गरेको छ । त्यस्तै, फिलिली पनि केही समयपछि सेवा दिने तयारीमा छ । हाल १० भन्दा धेरै यस्ता कम्पनीहरू आएको आफूले सुनेको पठाओका असिम बताउँछन् । खुल्ने र केही समयमै बन्द हुने कारणले गर्दा यस्ता एप चर्चामै नआउने उनको भनाइ छ ।

### कसरी लिइन्छ यात्रुसँग पैसा ?

पठाओ, टुटल र सररमार्फत यात्रा गर्दा यात्रुले फलानो ठाउँबाट फलानो ठाउँसम्म जाने भनेर एपमा लेखेर पठाउँछन् । त्यसपछि एपले आफैं सो ठाउँसम्म यात्रा गर्दा लाग्ने भाडा देखाइदिन्छ । यात्रुले हुन्छ भनेपछि यात्रु चढ्ने सबैभन्दा

## ट्याक्सी चालकको आम्दानी खोसेका छैनौं


शिक्षित भट्ट, सहसंस्थापक, टुटल

**दुईपाङ्ग्रे राइडिङ एपलाई आम मानिसले बुझ्ने भाषामा परिभाषित गरिदिनुस् न ?**

एक ठाउँबाट अर्को ठाउँमा स्वतन्त्र रूपमा सुरक्षित र सहज यात्रा गर्ने यात्रुको स्वतन्त्रताको एक साथी हो हामीले ल्याएको राइडिङ एप । हाम्रो देशमा त्यस्तो स्वतन्त्रता छैन । यात्रा गर्न कि त हामीले ट्याक्सीसँग झगडा गर्नुपर्छ कि बस या ट्याम्पोमा झुन्डिएर जानुपर्छ । व्यक्तिको त्यही आभारभूत आवश्यकता पूरा गर्न हामी आएका हौँ । बाहिरबाट हेर्दा यो एउटा एप हो । तर, यसले व्यक्तिको स्वतन्त्रताको रक्षा गर्ने काम गर्छ । हामीसँग यात्रा गर्नुस्, स्वतन्त्र रूपमा आफ्नो गन्तव्यमा पुग्नुस् । त्यसपछि धेरै कुरा आफै थाहा पाइनेछ ।

**यातायात व्यवस्था ऐनमा निजी प्रयोगका लागि दर्ता भएका सवारी साधनले भाडामा यात्रु बोक्न नपाउने भन्ने प्रस्ट लेखिएको छ । तर, तपाईंहरू कानुभन्दा बाहिर गएर यात्रु बोक्दै हुनुहुन्छ । किन ?**

कसैसँग दुईपाङ्ग्रे सवारी छ भने त्यसलाई प्रयोग गरेर एउटा व्यक्तिले रोजगारी र अर्को व्यक्तिले यातायातको सेवा पाइरहेको छ । संविधानमा प्रत्येक व्यक्तिको रोजगारीप्रतिको अधिकार सुनिश्चित गरिएको छ । प्रत्येक व्यक्तिलाई स्वतन्त्र रूपमा एक ठाउँबाट अर्को ठाउँमा जाने अधिकार छ । हामीले त्यो संवैधानिक अधिकारको प्रयोग गरेको मात्र हो । अब यसलाई ऐन, कानुन र नियममार्फत कसरी व्यवस्थित र सुरक्षित गर्ने हो, त्यो सरकारको जिम्मेवारी हो । उसले कसैको अधिकार खोस्न मिल्दैन र मलाई जहाँसम्म लाग्छ केही समयपछि यो समस्या पनि समाधान हुन्छ ।

**ट्याक्सी व्यवसायीहरूले त हाम्रो रोजगारी चौपट भयो भन्दै विरोध गरिरहनुभएको छ त ?**

नयाँ काम गर्दा कुनै न कुनै पक्षबाट विरोध हुनु स्वाभाविक हो । उहाँहरूको समस्या आफ्नै छ । उहाँहरूको जुन मापदण्ड छ त्यसलाई परिमार्जन गर्न सरकारसँग पहल गर्नुपर्छ न कि हाम्रो विरोध । काठमाडौंको जनसंख्या हेर्नुहुन्छ भने अहिले पनि काठमाडौंमा मानिसहरू बस, ट्याम्पुमा झुन्डिएरै यात्रा गरिरहेका छन् । यहाँको बजार आफैंमा ठूलो छ । हामीले यात्रुलाई सुविधा दिनमात्र खोजेका हौँ । ट्याक्सी चालकका दाजु-भाइ, छोरा-छोरीलाई पनि त मोटरसाइकल चलाउन आउँछ भने रोजगारीको अवसर प्राप्त हुने भयो नि । उहाँहरूले यसरी पनि हेर्नुपर्छ । नाइटमा ट्याक्सी चलाउने चालकले दिउँसोमा राइडिङ गर्न पनि पाउँछ । हामीले रोजगारी सिर्जना गरेका छौँ, उहाँहरूको आम्दानी खोसेका छैनौँ ।

**यात्रुको बिमाको कुरा पनि उठिरहेको छ । यसतर्फ तपाईंहरूले कुनै कदम चाल्दै हुनुहुन्छ ?**

नीति आएपछि बल्ल बिमाको प्रक्रिया सुरु हुने हो । कानुनी अभावमा बिमा कस्तो हुने, के हुने भन्ने कुरा स्पष्ट भइसकेको छैन । त्यसैले हामी बिमामा जान नसकेका हौँ । हाम्रो सेवालाई नीतिगत रूपमा समेटेर कानुनी मान्यता दिनासाथ हामी बिमामा जान्छौँ ।

**टुटल राइडरलाई शतप्रतिशत मुनाफा दिइरहनुभएको छ । तपाईंहरूलाई आम्दानीचाहिँ कसरी हुन्छ ?**

अहिले हामी बजार विस्तारको क्रममै छौँ । यो भनेको हामीले अझ लगानी गर्नुपर्ने समय हो । हामी नेपालमा सबैभन्दा पहिला जन्मिएको कम्पनी भएको नाताले राइडरहरूप्रति हाम्रो उत्तरदायित्व बढी छ । उहाँहरूको सेवा-सुविधामा हामी केन्द्रित हुनैपर्छ । हजारौँ, लाखौँले आम्दानी गरेपछि त्यसबाट सानो भाग हामीले लिने हो । अहिले भने हामी आफ्नै गोजीबाट लगानी गरिरहेका छौँ । कुनै पनि उद्योग स्थापना गर्दा त्यसमा लगानी आवश्यक छ । अहिले हामीले त्यही गरिरहेका छौँ ।

आवरण



तस्बिर : नवराज बराल

नजिकको लोकेसनमा रहेका राइडरको एपमा सूचना जान्छ । उसले सो सूचनाका आधारमा यात्रुलाई फोन गर्छ र उसलाई गन्तव्यसम्म पुऱ्याइदिन्छ ।

यी सेवाप्रदायक कम्पनीको यात्रुसँग पैसा लिने आ-आफ्ना छुट्टाछुट्टै मापदण्ड छन् । सरररले १ दशमलव ६ किलोमिटर (किमि) सम्म यात्रा गरेको ४५ रुपैयाँ लिने गर्छ । त्यसपछि प्रतिकिमि १५ रुपैयाँका दरले जोडिँदै जान्छ । यसरी राइडरले प्राप्त गरेको अन्तिम रकमको ५ प्रतिशत कम्पनीलाई बुझाउनुपर्ने हुन्छ ।

त्यस्तै, टुटल प्रयोगकर्ताले तीन किमिसम्म यात्रा गरेको न्यूनतम ६० रुपैयाँ तिर्नुपर्छ । त्यसपछि प्रत्येक किमि १८ रुपैयाँको दरले जोडिँदै जान्छ । टुटलमा भने राइडरले कुनै पनि रकम कम्पनीलाई तिर्नु पर्दैन । यात्रुबाट प्राप्त गरेको शतप्रतिशत रकम नै राइडरले आफ्नो खल्तीमा राख्न पाउँछ ।

पठाओमा यात्रा गरेको एक किलोमिटरको ४५ रुपैयाँ (न्यूनतम) भाडा लाग्छ । त्यसपछि प्रत्येक किलोमिटरको १५ रुपैयाँका दरले बढ्दै जान्छ । पठाओले राइडरबाट २० प्रतिशत कमिसन लिने गर्छ ।

यी तीनवटै एपले धेरै यात्रा गर्ने यात्रु र सबैभन्दा बढी ट्रिप गर्ने राइडरलाई विशेष स्किमको पनि व्यवस्था गरेका छन् । यात्रुहरूले यी एपमार्फत कुनै बेला सित्तैंमा समेत यात्रा गर्न पाउँछन् । अर्थात्, आफू रहेको ठाउँ र पुग्नुपर्ने ठाउँको लोकेसन राख्दा लाग्ने भाडा शून्य हुन आउँछ ।

### मासिक ३० देखि ५० हजारसम्म

### आम्दानी

मोटरसाइकल या स्कुटरको लाइसेन्स भएका जुनसुकै नेपाली नागरिक राइडिङ कम्पनीसँग आबद्ध हुन पाउँछन् । लाइसेन्स, ब्लू बुक र नागरिकताको प्रमाणपत्रसहित आफ्नो पूर्ण विवरण सम्बन्धित कम्पनीलाई उपलब्ध गराएपछि कुनै पनि व्यक्तिले यात्रु बोक्ने अधिकार पाउँछ । उसले यो प्रक्रिया सम्बन्धित एपको कम्पनीमा पुगेर या इन्टरनेटमार्फत घरमै बसेर पनि पूरा गर्न सक्छ । त्यसपछि राइडिङ एपमार्फत उसले यात्रुलाई सेवा दिन सुरु गर्छ ।

आफ्नो समय र रुचिअनुसार फुल टाइमर र पार्ट टाइमरका रूपमा राइडिङ सेवा दिन सकिन्छ । कम्पनीले दिएको जानकारीअनुसार फुल टाइमरले बिहान ७ देखि साँझ ७ बजेसम्म काम गर्दा २५ देखि ३० ट्रिपसम्म यात्रु ओसार्न सक्छ । यो भनेको उसले ३ हजारसम्म आम्दानी गर्नु हो ।

एक कम्पनीमा सेक्युरेटी गार्डका रूपमा काम गरिरहेका सनत अधिकारी पार्ट टाइम राइडर हुन् । उनले अफिस समय (९-५) बाहेकको समयमा यात्रुलाई राइडिङ सेवा दिने गर्छन् । यसरी पनि उनले दैनिक १ हजारका दरले आम्दानी गरिरहेका छन् । भन्छन्, 'कहिलेकाहीँ त राति १२ बजेसम्म पनि काम गर्छु । यसो गर्दा दिनमा १५ सय कमाउँछु, नत्र सामान्यतः १ हजार त कहिल्यै टुटेको छैन ।' मासिक १० हजारको जागिर खाइरहेको सनत जागिरबाट भन्दा तीन गुणा बढी आम्दानी राइडिङ सेवामार्फत गरिरहेका छन् । शनिबार ३५ ट्रिपसम्म गर्न भ्याउने र तेलको पैसा कटाएर २ हजारसम्म बचत हुने गरेको उनको अनुभव छ ।

पुरुषमात्र नभएर महिलाहरूको पनि राइडिङ एपप्रति आकर्षण बढ्दो छ । लक्ष्मी गौतम गृहिणी हुन् । उनका दुई बालबच्चा छन् । घरको काम र बच्चाको हेरचाह गर्नुपर्ने भएकाले जागिर गर्न सम्भव थिएन । काठमाडौंको बसाइ श्रीमान्को मात्र कमाइले गाह्रो पर्दै गइरहेको थियो । यत्तिकैमा उनले एक दिन समाचारमा मोबाइल राइडिङ एपबारे सुनिन् । सबै कुरा बुझेर श्रीमान्सँग सल्लाह गरिन् । श्रीमान्ले घरमा त्यत्तिकै बस्नुभन्दा काम गरेको राम्रो भन्ने सुझाव दिए । त्यसपछि लक्ष्मीले स्कुटरमा यात्रु बोक्न थालिन् । 'नियमित रूपमा दैनिक ५-६ ट्रिप गर्छु । समय भएको बेला त १० ट्रिपसम्म पनि भ्याउँछु । १० ट्रिप गर्दा १२ देखि १५ सय रुपैयाँ आम्दानी हुन्छ । बिदाको दिन प्राय राइडिङ गर्दिनँ,' लक्ष्मी भन्छिन् । यसरी उनले मासिक ३० हजार रुपैयाँको दरले नियमित आम्दानी गरिरहेकी छन् । हालसम्म महिला भएकै कारण त्यस्तो कुनै समस्या नआएको समेत उनले बताइन् ।

काठमाडौंको एक कलेजमा क्यान्टिन चलाइरहेका ४३ वर्षीय अच्युत दुलाल पार्ट टाइमर राइडर हुन् । उनले दैनिक ७-८ ट्रिपसम्म मान्छे बोक्छन् । यसरी उनले दैनिक १ हजार रुपैयाँका दरले आम्दानी गरिरहेका छन् । 'क्यान्टिनको कामबाट फुर्सद मिल्नासाथ एपमा अनलाइन बसेर राइडिङ सेवा दिन्छु,' अच्युत भन्छन्, 'दुई-ढाई लाखको मोटरसाइकल किनेर फुल टाइम काम गर्ने हो भने त ५०-६० हजार आम्दानी गर्न निकै सहज छ । राइडिङ कम्पनीहरूले बेरोजगारलाई रोजगारीको राम्रो अवसर प्रदान गरेका छन् । खुसी छु ।'

पत्रकार अनुप ओझा ८ बजे अफिस सकिएपछि दुई घण्टा राइडिङ गर्थे । गीत निकाल्न ४० हजार रुपैयाँ जुटाउने उद्देश्यले राइडिङ सुरु गरेका उनले दैनिक एक-दुई घण्टा काम गर्दा पनि तीन महिनामा १८ हजार रुपैयाँ कमाएका थिए । ओझा भन्छन्, 'सरकारले कारबाही गर्ने भनेपछि तीन महिना गरेर काम छाडेँ । नत्र थप दुई महिनामा त्यति पैसा जम्मा गर्थें ।'

पूर्वशिक्षक हितलाल मुखिया हिजोआज पढाउन छाडेर राइडिङ सेवामा लागेका छन् । आफूले मासिक ५० हजार आम्दानी गरिरहेको र कामबाट आफू सन्तुष्ट रहेको उनी बताउँछन् ।

डेढ वर्ष कतार बसेर तीन महिनाअघि नेपाल आएका २३ वर्षीय सागर नेपाली अविवाहित छन् । उनले राइडिङ गरेरै काठमाडौंको खर्चमात्र धनेका छैनन्,

> कम्पनीले दिएको जानकारीअनुसार फुल टाइमरले बिहान ७ देखि साँझ ७ बजेसम्म काम गर्दा २५ देखि ३० ट्रिपसम्म यात्रु ओसार्न सक्छ । यो भनेको उसले ३ हजारसम्म आम्दानी गर्नु हो ।

## नीतिगत बाधा हटाउन ऐन बन्दै छ



वसन्त नेम्वाङ, भौतिक पूर्वाधार तथा यातायातमन्त्री

दुईपाङ्ग्रे निजी सवारी साधनहरूले कानुनभन्दा बाहिर गएर मोबाइल एपको प्रयोगमार्फत मानिसहरू ओसार-पसार गरिरहेका छन्, जुन सेवालाई सर्वसाधारणले पनि निकै रुचाएको पाएको छु । त्यसैले यसलाई कानुनी रूपमा नियन्त्रण गरेर व्यवस्थित गर्न मैले यातायात व्यवस्था विभागलाई निर्देशन दिएको छु । उहाँहरूले वर्कआउट गरिरहनुभएको छ । यो सेवा समयको माग र आवश्यकता दुवै हो । छोटो समयमै लोकप्रिय पनि भइरहेको छ । अब हामीले कानुनी रूपमा रहेका बाधा-अड्चन हटाइदिएर यस्ता सेवा प्रदायकलाई कानुनी दायरामा ल्याउनुपर्ने हुन्छ । करको दायरामा ल्याएपछि कर तिरेर चालकहरूले पनि देशका लागि सहयोगी भूमिका निर्वाह गर्ने वातावरण बन्ने कुरामा दुईमत नै छैन । अहिले यातायात व्यवस्था विभागले संघीय सवारी ऐन बनाउने तयारी गरिरहेको छ । यसलाई पनि त्यसमै समेटेर जाने कुरा पनि भइरहेको छ । हाल रहेको कानुन संशोधन गर्ने कुरामा पनि छलफल भइरहेको छ । के गर्दा ठीक हुन्छ सोहीअनुसार हामी अघि बढ्छौं । यसमा यातायात मन्त्रीका हिसाबले मेरो समर्थन छ । तर, कानुनी दायरामा भने आउनैपर्छ । हामी छिट्टै ल्याउँछौं ।

## आवरण



तस्बिर : नवराज वाग्ले

विदेशमा भन्दा धेरै पैसा बचाइरहेका पनि छन् । भन्छन्, ‘हाम्रो उमेरका युवाहरू भविष्यको सपना बोकेर मासिक ३०-४० हजारका लागि विदेशमा मजदुरी गर्न जानुपर्छ। तर, त्यति कमाइ नेपालमै हुने भएपछि विदेश किन जानु ? अब म यहीँ बसेर मोटरसाइकलमा यात्रु बोक्ने काम गर्छु।’

### के हो बिमाको समस्या ?

दुईपाङ्ग्रे सवारी साधनको लोकप्रियता बढेसँगै यात्रुको सुरक्षाको विषयले पनि उत्तिकै महत्त्व पाएको छ । हाल मोबाइल एपमार्फत सेवा लिइरहेका यात्रुको दुर्घटना भएमा उनीहरूका लागि कुनै पनि रूपमा आर्थिक सहायता प्राप्त हुँदैन । यातायात व्यवस्था ऐनमा ‘तोकिएको बाटोमा यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले यात्रा गर्ने प्रत्येक यात्रीको तोकिएको रकमको दुर्घटना बिमा गराउनुपर्छ’ भनिएको छ । तर, दुईपाङ्ग्रे सवारी कानुनी दायरामै नआएकाले बिमा गर्ने आधार नै तयार भएको छैन ।

एप सञ्चालक कम्पनीहरू कानुनी अड्चन नफुकाउँदासम्म बिमा गर्न सम्भव नभएको बताउँछन् । नियम आएको खण्डमा मात्र बिमामा जाने बाटो खुल्ने उनीहरूको भनाइ छ । पठाओका क्षेत्रीय निर्देशक असीम भन्छन्, ‘यात्रुको बिमाका लागि हामीले बिमा कम्पनीहरूसँग कुरा गरेका थियौं । उहाँहरूले तपाईंहरूको कानुनी दायरा नै प्रस्ट नभई हामीले बिमा गर्न मिल्दैन भन्नुभयो । विदेशी बिमा ल्याउँदा धेरै नै महँगो पर्न जान्छ । कानुनी रूपमा समस्या हल हुनासाथ बिमाको समस्या

## दैनिक प्रयोग गर्छु, छिटो र सस्तो छ

मैले दुई वर्षदेखि टुटल एपमार्फत राइडिङ सेवा लिइरहेकी थिएँ । कलाकार भएकाले यताउता गइरहनुपर्ने, सधैं हतार । यस्तोमा टुटल एपको प्रयोग गरेर दुईपाङ्ग्रे सवारीमा यात्रा गर्दा एक त समयमै पुगिने भयो, अर्को ट्याक्सीभन्दा सस्तो पनि भयो । यसरी दुई वर्ष नियमित मैले टुटलको प्रयोग गरेँ । पछिल्लो समय डाक्टर बनेपछि चाबहिलबाट बिहान ८ बजे नेपाल मेडिकल कलेज (जोरपाटी) आउनुपर्ने भयो । त्यसपछि बिहान सहजै उपलब्ध हुने भएकाले पठाओ प्रयोग गर्न थालेँ । पठाओमा यात्रा गर्न थालेको अहिले डेढ महिना भएको छ । टुटल-पठाओले गर्दा मेरो यात्रा निकै सहज भएको छ । एक दिन सामान्य दुर्घटनामा परेँ । सामान्य चोट लाग्यो । यस्तो दुर्घटना त अन्य सवारीमा यात्रा गर्दा पनि हुन्छ । सरकारले कानुनी मान्यता नदिएका कारण बिमाको व्यवस्था हुन नसकेको सुनेकी छु । यसतर्फ सरकारले ध्यान दिए हामीजस्ता यात्रुले सुरक्षित यात्रा गर्न पाउने थियौँ । अन्य सुरक्षाको हिसाबले भने राइडरको फोन नम्बरसहित सबै जानकारी सम्बन्धित कम्पनीको कार्यालयमा हुने भएकाले त्यति समस्या छैन ।



त्रिशला गुरुङ, डाक्टर

> “एप सञ्चालक कम्पनीहरु कानुनी अड्चन नफुकाउँदासम्म बिमा गर्न सम्भव नभएको बताउँछन् । नियम आएको खण्डमा मात्र बिमामा जाने बाटो खुल्ने उनीहरुको भनाइ छ ।

आफैं हल हुन्छ ।’ टुटलका सहसंस्थापक शिक्षितको भनाइ पनि असिमको जस्तै छ । सरकारले कानुनी रूपमा समस्याको समाधान गर्नासाथ बिमा र करको विषय हल हुने उनको भनाइ छ ।

हाल यात्रु बोकिरहेका दुईपाङ्ग्रे सवारी चालकले सरकारलाई करसमेत तिर्दैनन् । कुनै व्यक्ति, फर्म या कम्पनीले कानुनबमोजिम आम्दानीको निश्चित रकम सरकारलाई करस्वरूप तिर्नुपर्ने हुन्छ । कानुन बनेसँगै त्यसको दायरा पनि निर्धारण हुने जानकारहरू बताउँछन् ।

सवारी साधन तथा यातायात व्यवस्था ऐन, २०४९ मा नसमेटिएका निजी सवारीलाई पनि समेट्ने गरी संघीय सवारी ऐन आउँदै छ । ऐनमा पठाओ र टुटलजस्ता सेवाप्रदायक एपका सम्बन्धमा विशेष व्यवस्था गर्न लागिएको यातायात व्यवस्था विभागको भनाइ छ । विभागका महानिर्देशक गोगन हमाल भन्छन्, ‘हाल रहेको व्यवस्था संशोधन गर्ने भन्दा पनि अब बन्ने संघीय ऐनमा यो समस्यालाई ‘आइटी बेस एग्रीगेट प्लेटफर्म’ का रूपमा समेट्दै छौँ ।’ त्यसका लागि केही समय पर्खनुपर्ने महानिर्देशक हमाल बताउँछन् ।

### रोक्ने प्रयास विफल

टुटल र पठाओलगायतका एप कम्पनी रजिस्टारको कार्यालयमा दर्ता छन् । रजिस्ट्रर कार्यालयमा दर्ता भएर यातायात व्यवस्था ऐन विपरीत दुई पाङ्ग्रे सवारीमार्फत यात्रु बोकेको भन्दै यातायात व्यवस्था विभागले पटक-पटक यी कम्पनीमाथि रोक लगाउने प्रयास गर्दै आइरहेको छ । विभागले सूचना नै जारी गरेर मोबाइल एपमार्फत दुईपाङ्ग्रेमा सवारी बोक्ने काम रोक्न निर्देशन दिएपछि ट्राफिक प्रहरीले केही राइडरमाथि कारबाहीसमेत गरेको थियो । त्यसपछि प्रधानमन्त्री केपी शर्मा ओलीले नै कारबाही रोक्न ठाडो निर्देशन दिनुपरेको थियो । यो गत महिनाको कुरा हो ।

प्रधानमन्त्रीको यस्तो निर्देशनपछि ट्याक्सी व्यवसायी संघले टुटल-पठाओलगायतका राइडिङ एप अवैधानिक रूपमा सञ्चालन भइरहेको भन्दै रोक्नका लागि आन्तरिम आदेश माग गर्दै पाटन उच्च अदालतमा मुद्दा दर्ता गरेको थियो । यातायात व्यवस्था विभाग, ट्राफिक प्रहरी, टुटल र पठाओ कम्पनीलाई विपक्षी बनाएर मुद्दा दायर भएको थियो ।

तर, पाटन उच्च अदालतले राइड सेयरिङ सेवालाई रोक्ने गरी कुनै पनि आन्तरिक आदेश जारी गरेन । अदालतले आन्दरिम आदेश जारी नगरेपछि टुटल र पठाओलगायतका दुईपाङ्ग्रे मोबाइल राइडिङ एपले मुद्धाको फैसला नहुँदासम्म सेवा दिने बाटो खुलेको छ ।

टुटलका सहसंस्थापक शिक्षित भट्ट प्रविधिको प्रयोग र आविष्कार कानुनलाई हेरेर नगरिने बताउँछन् । ‘सर्वसाधारणलाई सहज र सर्वसुलभ छ, त्यसले देशको कुनै गरिमामा

बाँकी पृष्ठ २३ मा

आवरण



चाङहोङ राई, विदेशबाट फर्किएका राइडर

# विदेशमा मजदुरी गर्नुभन्दा देशमै राइडिङ गर्न ठीक

म चार वर्ष कतार बसेर दुई वर्षअघि नेपाल फर्किएको हुँ । घर खोटाङ हो । तर, लामो समयदेखि काठमाडौंमै बस्दै आइरहेको छु । कतारबाट फर्किएपछि केही समय सेक्युरेटी गार्डका रूपमा काम गरेँ । त्यस्तै १०-१२ हजार तलब हुन्थ्यो । साथीहरूले टुटल-पठाओबारे भनेपछि पार्ट टाइम गर्न हिसाबले राइडर बनेको हुँ । पछि यसमै रमाइलो लाग्यो । समय दिन सके पैसा पनि राम्रै कमाइ हुँदो रहेछ । पहिलोपटक यात्रु बोकेर जावालाखेलबाट दरबारमार्गसम्म जाँदा के हो के जस्तो लागेको थियो । पैसा पनि खातामा आउँछ भन्ने भयो । तर, दोस्रो पटकदेखि भने हातमै पैसा आउन थालेपछि ठीक रहेछ जस्तो लाग्यो । पाँच कक्षामा पढ्ने छोरी, श्रीमती र म पेप्सिखोलामा बस्छौं । राइडिङ गरेर परिवारसँग बसेर राम्रै कमाइ भइरहेको छ । दैनिक १०-१२ ट्रिप गरिरहेको छु । हजार-१२ सय कमाइ हुन्छ । यसमै डटेर लाग्ने हो भने त २५ ट्रिपसम्म पनि गर्न सकिन्छ । एकपटक त मैले बिहान ७ बजेदेखि बेलुका ८ बजेसम्म २२ ट्रिपसम्म गरेको छु । २७-२८ सय जति कमाइ भएको थियो । समयमै पुऱ्याउँदै हतार भएका यात्रुहरूले राम्रो भन्नुहुन्छ । हौसला दिनुहुन्छ । जे होस्, सरकारले देशमै रोजगारीको अवस्थाको सिर्जना नगरे पनि राइडिङ एपमार्फत हामीजस्ता विदेसिएकालाई देशमै बसेर काम गर्ने वातावरण मिलेको छ, खुसी लाग्छ । विदेशमा मजदुरी गरेर भन्दा यहीँ बसेर राइडर भएर काम गर्दा खुसी छु । बेलाबेला ऐन-कानुनका कुरा पनि सुन्ने गर्छु । मोटरसाइकलमा पैसा लिएर मान्छे बोक्न पाइँदैन भन्ने पनि सुनिन्छ । के गरेर हुन्छ सरकारले यो समस्याको समाधान गर्नुपर्छ ।

# टुटल चलाएरै पढाइ खर्च जुटाइरहेको छु



सम्राट शाक्य, विद्यार्थी

म अहिले १८ वर्षको भएँ । दुई वर्षअघि साथीहरूबाट टुटल-पठाओबारे थाहा पाएको थिएँ । त्यसपछि राइडर बन्नकै लागि लाइसेन्स निकालेँ । त्यतिबेला एसएलसीको परीक्षा दिइर बसेको थिएँ । एसएलसीपछि म्यानेजमेन्ट विषय लिएर पढेँ । पढाइसँगै टुटलको राइडर बनेर पनि काम गर्न थालेँ । अहिले प्लस टु सकिएको छ । मेरो सम्पूर्ण खर्च टुटलले गर्दा नै व्यवस्थापन भइरहेको छ । कहिलेकाहीँ घरमा तरकारी लाने, आवश्यक सामानहरू लाने गर्दा आमा पनि खुसी हुनुहुन्छ । मेरो बुबाको निधन भइसकेको छ । परिवारमा आमा, दिदी र म छौं । छोरा भएको नाताले ममा पारिवारिक जिम्मेवारी थपिनु स्वाभाविक छ । र, मैले अहिलेसम्म त्यो पूरा गरिरहेको छु जस्तो लाग्छ । दिनमा २०-२२ ट्रिपसम्म गर्न सक्छु । २ हजारदेखि २५ सयसम्म कमाइ हुन्छ । कलेज हुँदा पनि १० देखि १५ ट्रिपसम्म गर्थें । कलेज नभएका बेला सबै समय यतै दिने गर्छु । दैनिक हजार रुपैयाँ नियमित कमाइ भइरहेको छ । कमाइसँगै मेरो काम देखेर धेरैले हौसला पनि दिनुहुन्छ । एक दिन एक जना नर्स दिदीलाई बाइकमा बसाएर उहाँको अस्पतालसम्म पुऱ्याएको थिएँ । त्यस दिन उहाँको जन्मदिन रहेछ । उहाँले तिम्रोजस्तो उमेरमा हामीले केही गर्न सकेका थिएनौं, तिमीले सानै उमेरमा धेरै राम्रो काम गरिरहेका छौ भनेर एक प्याकेट चकलेट नै दिनुभयो । यस्तो कुराले आफूले मोटरसाइकलमा यात्रुलाई बोकेर एकतर्फ कमाइ र अर्कोतर्फ सामाजिक सेवा पनि गरिरहेजस्तो लाग्छ । हामीजस्ता विद्यार्थीका लागि यो राम्रो आम्दानीको स्रोत भएको छ ।

# बेरोजगार थिएँ, राइडिङ एपले जागिरे बनायो

मैले धेरै पढेकी छैन । त्यसैले धेरै ठाउँमा प्रयास गर्दा पनि जागिर पाइनँ । साथीहरूले टुटल-पठाओमा मान्छे बोक्ने काम गर न भन्न थाले । सुरुमा मलाई यसबारे केही थाहा थिएन । बुझ्दै जाँदा ठीकै रहेछ भन्ने लाग्न थाल्यो । सुरुमा पठाओमा काम गरेँ । पछि टुटलले लेडिजलाई शतप्रतिशत रकम दिन्छ भन्ने थाहा पाएपछि त्यसमा पनि काम गर्न थालेँ । अहिले दुवैका लागि काम गरिरहेकी छु । एक वर्ष भयो, स्कुटरमा मान्छे बोक्न थालेको । हामीजस्ता गृहिणीका लागि त निकै सहज रहेछ यो काम । परिवारलाई समय दिनुपर्दा काम नगरे पनि हुने । कहिले कसको जन्मदिन, कहिले बिहे त कहिले कहाँ जानुपर्दा काम नगर्न पाइने । आफ्नो समयअनुसार काम गरेर राम्रो पैसा कमाइ हुने भएपछि म निकै खुसी छु । सामान्यतया बिहान खाना खाएर घरबाट निस्किएपछि साँझ ६ बजेसम्म काम गर्दा १५-१७ ट्रिपसम्म भ्याइन्छ । १५ सयदेखि दुई हजारसम्म कमाइ पनि हुन्छ । श्रीमान् विदेशमा हुनुहुन्छ । छोरी र मेरो खर्च मैले राइडिङ गरेर कमाएको पैसाले नै चलिरहेको छ । श्रीमान् पनि मेरो कामबाट खुसी हुनुहुन्छ । आफ्नै खुट्टामा उभिएर छोरीको जिम्मेवारी पनि पूरा गरिरहेकी छु । धेरै राम्रो गऱ्यौ भन्नुहुन्छ । घरबाट १२ बजे निस्किएर ६ बजेसम्म काम गर्ने हो भने पनि तेल राखेर १२ सय रुपैयाँ आम्दानी भइरहेको छ । यति धेरै पैसा त मैले जागिर गरेर कमाउने सम्भावना नै थिएन । महिला भएकै कारण अहिलेसम्म त्यस्तो समस्या भएको पनि छैन । कतिपयले खुसी भएर बरु धेरै पैसा दिनुहुन्छ । एकपटक एक जना दाइलाई टिचिङ अस्पतालदेखि बौद्धसम्म छाडेकी थिएँ । उहाँले महिला भएर पुरुषले गर्ने काम गरिरहेकी छ्यौ निकै राम्रो भनेर ९० रुपैयाँ उठेकोमा १ सय ५० रुपैयाँ दिएर जानुभयो । कहिलेकाहीँ महिला भएकै कारण यात्रुले राम्रोसँग चलाउन सक्नुहुन्छ नि ? भनेर सोध्नुहुन्छ । म पनि लाइसेन्स लिएको सात वर्ष भइसक्यो, किन नसक्नु भनिदिन्छु ।



सीता लामा, गृहिणी

# पढाउन छाडेर पठाओ चलाउन थालेको छु



हितलाल मुखिया, पूर्वशिक्षक

रौतहटमा मेरो श्री मनकामना इङ्लिस बोर्डिङ स्कुल थियो । लामो समयदेखि मैले त्यस विद्यालयमा संस्थापकका रूपमा काम गरेँ । कारणवश यसै वर्षको बैशाखमा काठमाडौं आउनुपऱ्यो । परिवारले यतै बस्ने भनेपछि मैले नाइँनास्ति गर्न सकिनँ । हामी काँडाघारीमा बस्न थाल्यौं । एक विद्यालयमा ९ र १० कक्षालाई साइन्स विषय पढाएँ । परिवारमा दुई छोरा, एक छोरी, श्रीमती र म गरेर पाँच जना छौं । अध्यापन गरेर आएको तलबबाट परिवार पाल्न धौ-धौ हुन थाल्यो । साथीसँग पार्ट टाइम जागिर खोजिदिन आग्रह गरेँ । साथीले पठाओबारे भन्यो । असारपछि मैले साथीले भनेअनुसार पठाओको एप डाउनलोड गरेर यात्रु बोक्ने काम सुरु गरेँ । राम्रो आम्दानी हुन थाल्यो । त्यसपछि विद्यालयमा पढाउन छाडेर पठाओ चलाउन थालेको छु । अहिले फुल टाइम राइडरका रूपमा काम गरिरहेको छु । दिनमा २० देखि ३० ट्रिपसम्म गर्छु । मासिक ५० हजार रुपैयाँ आम्दानी भइरहेको छ । मासिक १३ हजार कोठा भाडा छ, छोराछोरीको पढाइ खर्च २० हजार हुन्छ । त्यसपछि बचेको पैसाले घरखर्च मज्जाले चलिरहेको छ । सरकारले बेलाबेलामा यो सेवालाई बन्द गर्ने भन्छ । त्यसो भयो भने मजस्ता हजारौं राइडरको भविष्य धरापमा पर्छ । हामी आन्दोलनमा उत्रनुपर्ने अवस्था आउँछ ।

# सरकार ! हाम्रो खुसी नलुट

म आजभोलि प्रायः राइडिङ एपको प्रयोग गरेर दुईपाङ्ग्रे सवारीमा यात्रा गर्छु । साथीहरूले राम्रो एप छ भनेपछि डाउनलोड गरेँ । करिब पाँच महिनादेखि नियमित रूपमा यो सेवा प्रयोग गरिरहेको छु । पहिलो पटक शंखमूलदेखि अनामनगरका लागि बुकिङ गरेको थिएँ । तीन मिनेटभित्र मोटरसाइकल मलाई लिन आइपुग्यो । भाडा ७५ रुपैयाँ उठेको थियो । ट्याक्सीमा आएको भए धेरै उठ्थ्यो । फेरि ट्याक्सी त्यति सजिलै जान पनि मान्दैनन् । मिटरमा जाऊँ भन्दा बार्गेनिङ गर्न खोज्छन् । आपत् परेका बेला पाउनै मुस्किल हुन्छ । छोटो रुटमा त जानै मान्दैनन् । सार्वजनिक यातायातमा यात्रा गर्दा काठमाडौंको जामले पुग्ने कहिले हो थाहा हुँदैन । त्यसैले छिटो, सस्तो र सहजताका हिसाबले मलाई राइडिङ एप नै ठीक लाग्न थालेको छ । मैले ट्याक्सी चालकको विरोध गरेको होइन । तर, उहाँहरूले आफ्नो व्यवहार सुधार गर्नु आवश्यक छ । मिटरमा जाने, व्यवहारमा सुधार गर्ने हो भने ट्याक्सीप्रतिको आकर्षण पनि घट्दैन भन्ने मलाई लाग्छ । अर्को कुरा, सरकारसँग पनि मेरो असहमति छ । यस्ता सेवाप्रदायक कम्पनीमाथि प्रतिबन्ध लगाउने कुरा गर्नु उचित होइन । सक्छौ भने सर्वसाधारणलाई यी एपले दिएजस्तो सेवा देऊ, होइन भने हामीले सेवामार्फत पाइरहेको खुसी नलुट ।



राजन मुकारुङ, साहित्यकार

आवरण



टुटलको कार्यालयमा नाम दर्ता गर्दै नयाँ राइडर ।

हानि पुऱ्याएको छैन भने त आविष्कारअनुसार कानुन बनाउँदै जाने न हो,' उनी भन्छन् ।

### नेपालमा ट्रेन्ड र विदेशमा प्रयोग

२०७२ को भूकम्प र त्यसपछि भारतले लगाएको नाकाबन्दीको समयमा नेपालमा 'लिफ्ट कल्चर' लोकप्रिय बनेको थियो । फेसबुकमा बनेको 'कार्पोल' नामक एक ग्रुपमा राखेको सूचनाका आधारमा दुईपाङ्ग्रे सवारीमार्फत उनीहरूलाई गन्तव्यमा पुऱ्याउने काम भइरहेको थियो । त्यो ट्रेन्डको उद्देश्य केवल सामाजिक सेवा थियो । यही लिफ्ट कल्चरलाई व्यावसायिक रूप दिन अर्को वर्ष टुटल नामक एप कम्पनी आयो, जसको लोकप्रियता छोटो समयमै बढ्यो । त्यसपछि पठाओलगायतका कम्पनीहरूले पनि दुईपाङ्ग्रे यातायात सेवा दिन थाले ।

नेपालभन्दा जस्तै बंगलादेश, भारत, चीन, अमेरिका, युरोपलगायतका देशमा भाडामा यात्रु बोक्ने प्रचलन छ । ती देशहरूमा यस्तो व्यवसायले कानुनी मान्यता पाएको छ भने व्यवसाय सञ्चालनका सीमाहरू पनि निर्धारण गरिएको छ । मोटरसाइलको रंग, राइडरले प्रयोग गर्ने युनिफर्म हेरेर नै यस्ता सवारी चिन्न सकिन्छ । यात्रुलाई हेल्मेट र बिमको पनि अनिवार्य व्यवस्था गरिएको हुन्छ । ती देशहरूमा यो सेवालाई ट्याक्सीमा बढी केन्द्रित गरिएको छ ।

चीनमा सन् १९८०, लन्डनमा १९९०, ब्राजिलमा १९९४, अमेरिकामा २०११ मा यस्तो सेवा सुरु गरिएको थियो । फिलिपिन्स, इन्डोनोसिया, केन्या, स्वीडेन, थाइल्यान्ड, नाइजेरिया, भियतनाममा पनि भाडाका मोटरसाइकल चल्छन् । छिमेकी देश भारतमा अमेरिकाको प्रतिष्ठित कम्पनी उवरले समेत सेवा दिइरहेको छ । पछिल्लो समय भारतका विभिन्न सहरमा यो सेवा विस्तार तथा लोकप्रिय भइरहेको छ ।

### गाउँमा मुन्द्रे यातायात

सार्वजनिक यातायातका साधनको पहुँचभन्दा बाहिरका पश्चिम नेपालका गाउँमा मुन्द्रे यातायातको ट्रेन्ड छ । प्रायः यो सेवा गाउँबाट सहर जान र सहरबाट गाउँ फर्कनका लागि प्रयोग गरिन्छ । सेवा प्रयोग गरेबापत यात्रुले सवारी धनीलाई दूरीका हिसाबले निश्चित रकम दिनुपर्ने हुन्छ । यसको कुनै संगठन र एन नभए पनि एक दशकदेखि मुन्द्रे यातायातले सेवा दिइरहेको जानकारहरू बताउँछन् । मुन्द्रेले स्थानीय स्तरमा आउने पर्यटकलाई समेत सेवा दिइरहेका छन् । महेन्द्रनगरदेखि दोधारा चाँदनीको यात्राका लागि पर्यटक ओसार्नमा मुन्द्रे यातायातको लोकप्रियता छ ।

### ट्याक्सी सेवा पनि लोकप्रियताको पर्खाइमा

टुटल र पठाओले मोटरसाइकल सेवा दिएजस्तै केही कम्पनीले एपमार्फत ट्याक्सी सेवा पनि दिइरहेका छन् । पठाओले पनि केही समयअघि मात्र ट्याक्सी सेवा सञ्चालन गरेको छ भने टुटलले तयारी गरिरहेको छ ।

सारथी नामक एपले २०७३ साल फागुनदेखि क्याप (ट्याक्सी) मार्फत यात्रुहरूलाई सेवा प्रदान गर्दै आइरहेको छ । सरकारले निर्धारण गरेको मिटर शुल्कका आधारमा सारथीले घरसम्मै पुगेर यात्रु बोकिरहेको छ । मिटर पनि यात्रु चढेपछि बल्ल सुरु गरिन्छ । सारथीले चौबीसै घण्टा यात्रुलाई सेवा प्रदान गर्दै आइरहेको प्रमुख व्यवस्थापक अजय पौडेल बताउँछन् । तीन वर्षको अवधिमा सारथीसँग तीन हजार ट्याक्सी जोडिएका छन् ।

यसबाहेक इजी ट्याक्सी नेपाल, अनभर स्मार्ट ट्याक्सी, इडेक्याप, ट्याक्सी फेयर्स नेपाललगायतका एपले पनि ट्याक्सी सेवा सुरु गरेका छन् । तर, यी एपको प्रभावकारिता काठमाडौंबाट भाडामा काठमाडौंबाहिर जान (लामो दूरीको यात्रा) मा देखिएको छ ।

## जागिरेले मोटरसाइकल किन्नैपर्ने बाध्यता हट्दै छ



असीममानसिंह बस्नेत
क्षेत्रीय निर्देशक, पठाओ

पठाओ अमेरिकी कम्पनी हो । पठाओमा धेरै अमेरिकी र थोरै बंगलादेशीको लगानी छ । पठाओ नेपालमा प्रवेश गरेको डेढ वर्ष भयो । हामी आएपछि बजार एकदमै विस्तार भएको छ । मानिसहरूले बिस्तारै हाम्रो सेवाबारे बुझ्दै हुनुहुन्छ । हामीसँग जोडिँदै हुनुहुन्छ । पहिला मोटरसाइकल किन्नेहरू सोखिन र जागिरे हुन्थे । अब जागिरेले मोटरसाइकल नकिने पनि दुईपाङ्ग्रे सवारी एपमार्फ समयमै कार्यालय पुग्न र फर्कन सक्ने अवस्था सिर्जना भएको छ । यसको प्रभाव पाँच वर्षपछि देखिन्छ । बेरोजगारहरूका लागि पनि हातमा लाइसेन्स र साथमा मोटरसाइकल हुँदा आम्दानी गर्ने राम्रो माध्यम बनेको छ । काठमाडौंको मुख्य चुनौती भनेको सवारी चाप हो । अबको १० वर्षमा हाम्रो कारण त्यो चाप पूर्ण रूपमा न्यून हुने सम्भावना छ । गाडी किनेर वर्षमा ५० हजार कर तिर्ने पैसाले त उसले वर्षभरी सहज रूपमा यात्रा गर्न पाउँछ ।

दुई-तीन महिनाअघिसम्म २०४९ सालमा बनेको यातायात व्यवस्था ऐनको आधारमा दुईपाङ्ग्रे सवारी एपमार्फत सेवा दिइरहेका हाम्रा केही साथीहरूलाई प्रहरीले दुःख दिएको समाचार आएका थिए । तर, २७ वर्षअघि देशमा राजतन्त्र भएको समयमा बनेको ऐन प्रजातान्त्रिक प्रणालीमा प्रवेश गरिसकेको अवस्थामा कसरी प्रभावकारी हुन सक्छ ? यतातर्फ पनि हामीले ध्यान दिनुपर्छ । संविधानको धारमा उल्लेख गरिएका नागरिकका आधारभूत आवश्यकता र स्वतन्त्रताका कुरामा पनि ध्यान दिनुपर्छ । अहिले सरकारले यो कुरा बुझिसकेको छ । दुईपाङ्ग्रे सवारीको सम्बन्धमा नयाँ ऐन बनाएर त्यसलाई सम्बोधन गर्ने तयारी सरकारले गरिरहेको सुनेका छौं । अब धेरै समय नलाग्ला । निजी सवारीले पनि यात्रु बोक्न पाउने कुरामा अब त्यति धेरै विवाद छैन । बरु कसरी पाउने भन्ने कुराचाहिँ ऐन आएपछि थाहा होला ।

ऐन आएर कानुन बनेपछि यात्रुको बिमाको बाटो खुल्छ । त्यसबाहेक राज्यलाई मुनाफा हुने अर्को पक्ष भनेको कर हो । अहिले फुल टाइम काम गर्ने एउटा राइडरले मासिक ४०-५० हजार आम्दानी गर्छ । त्यो पैसा कहाँ जम्मा गर्ने भन्ने प्रश्न अहिलेको समयमा जाहेज छ । भविष्यमा बैंकबाट ऋण लिनुपर्दा कर नतिरेको व्यक्तिलाई बैंकले ऋण दिँदैन । कर केको आधारमा तिर्ने थाहा छैन । सरकारले कति प्रतिशत कर लिने भन्ने कुरा ऐनमा स्पष्ट रूपमा आएपछि करको समस्या पनि समाधान हुन्छ ।

अहिले हामीले राइडरहरूबाट २० प्रतिशत कमिसन लिइरहेका छौं । झट्ट हेर्दा मानिसहरूले एउटा एप बनाएको छ, यतिका कमिसन लिन्छ भन्नुहुन्छ । तर त्यसपछाडिको जटिलता कति छ भन्ने कुरा धेरैले बुझ्नुहुन्न । गुगललाई मात्र हामी दिनमा ९ सय डलर तिरिरहेका छौं । एपको सरोवरमा राख्ने पैसा, एप बेलाबेलामा मर्मत र अपडेट गर्नुपर्छ, हामीसँग ५७ जना त प्रत्यक्ष रोजगारीमा जोडिनुभएको छ । हामीले यो सबै खर्च आफ्नो गोजीबाट हाल्न सक्ने अवस्था त हुँदैन नि । फेरि हामीले २० प्रतिशत कमिसन लिँदा कुनै राइडरले किन यति लिएको भन्नुभएको छैन । हाम्रो कारण उहाँहरूले राम्रै आम्दानी गरिरहनुभएको छ । कमिसन लिएर पनि हामी किन पठाओ भयौं त । किन कि हाम्रो सिस्टम निकै राम्रो छ । हामीप्रति राइडर र यात्रुले विश्वास गर्नुभएको छ । र, त्यसका लागि हामीले खर्च गरेका छौं । हामीलाई नराम्रो देखाउन केहीले यस्तो कुरा उठाउनुभएको छ । जसले हामी कुनै पनि रूपमा हतोत्साहित हुँदैनौं ।

## काठमाडौंका यात्रुको छैन कुनै तथ्यांक

आर्थिक वर्ष २०७५-७६ को फागुनसम्मको पछिल्लो तथ्यांकअनुसार बागमतीमा १० लाख मोटरसाइकल, १४ हजार मिनीबस, १३ हजार बस, चार हजार माइक्रोबस र २५ सय टेम्पो छन् । यसमध्ये ९० प्रतिशत यातायातका साधन काठमाडौंमा चल्ने यातायात व्यवस्था विभाग बताउाछ । मोटरसाइकल बाहेक अन्य सवारी साधनले कानुनी रूपमै यात्रु बोक्ने अनुमति पाएका छन् । सवारी साधन तथा यातायात व्यवस्था ऐन २०४९ बजोजिम ती सवारी साधनले भाडामा यात्रुहरू ओसार-पसार गर्न पाउाछन् । तर, सोही ऐनको दफा ८ (२) मा निजी प्रयोजनका लागि दर्ता भएका सवारीले भाडामा यात्रु बोक्न नपाउने व्यवस्था छ । यस विपरीत मोबाइल एपमार्फत दुईपाङ्ग्रे सवारीले यात्रु ओसार्ने काम गरिरहेका छन् । यस्ता एपमार्फत दैनिक ४५ हजार यात्रुले यात्रा गर्ने आाकलन गरिएको छ । तर, दर्ता भएर सञ्चालनमा रहेका यातायातका साधनले कति यात्रु बोक्छन् भन्ने अनुमानित संख्यासमेत तथ्यांक विभागसाग छैन । ट्राफिक प्रहरी पनि आफूहरूसाग काठमाडौं आउने र जाने यात्रुको संख्यामात्र तथ्यांकका रूपमा रहेको बताउाछ । ट्राफिक प्रहरी प्रवक्ता जीवनकुमार श्रेष्ठ भन्छन्, 'हामीसाग त काठमाडौं भित्रने र बाहिरिने यात्रुको तथ्यांकमात्र हुन्छ । हालसम्म काठमाडौं उपत्यकामा यात्रा गर्ने यात्रुको संख्या कति भन्ने कुनै तथ्यांक भएको जस्तो लाग्दैन ।'

यातायात विभागका योजना शाखा अधिकृत अकबर प्रधान विभागसाग यस्तो कुनै तथ्यांक नरहेको बताउाछन् । अधिकृत अकबर र प्रवक्ता श्रेष्ठको भनाइलाई आधार मान्ने हो भने काठमाडौंमा सञ्चालित सम्बन्धित यातायात कम्पनीहरूबाट एक-एक गरेर केलाएमा मात्र यस्तो तथ्यांक सम्भव छ । केही अध्येताले अनुमानित तथ्यांक भने सार्वजनिक गरेका छन् । साझा यातायातका अध्यक्ष कनकमणि दीक्षितसाग काठमाडौंमा दैनिक १० लाख यात्रुले यात्रा गर्ने गरेको अनुमानित आाकडा छ । साझा यातायातको मात्र गत वर्ष एक करोड पटक टिकट काटिएको उनी बताउाछन् ।

विदेश



तस्बिरहरू : सटरस्टकडटकम

# ह्यारी-मेगन बहिर्गमनका तरंग

**बेलायती राजपरिवारको जिम्मेवारीबाट अलग्गिने राजकुमार जोडीको घोषणालाई दरबारभित्र र बाहिर पनि चासोका साथ हेरिएको छ ।**

**नवीन पोखरेल**

यतिखेर पारिवारिक संकटमा छ, बेलायती राजपरिवार । राजकुमार ह्यारी र उनकी श्रीमती मेगनले राजपरिवारको वरिष्ठ सदस्यका रूपमा आफूहरू जिम्मेवारीबाट अलग्गिने र आर्थिक रूपमा आत्मनिर्भर हुन काम गर्ने घोषणा गरेपछि यो विषय अहिले दरबारभित्र मात्र होइन, अन्तर्राष्ट्रिय चासो बनेको छ ।

बेलायतबाट प्रकाशित हुने सबैजसो अखबारका पानामा छाइरहेका छन्, ह्यारी दम्पती । ड्युक तथा डचेस अफ ससेक्सको उपाधिसमेत पाएका दम्पतीले आफ्नो समय बेलायत र उत्तरी अमेरिकामा बिताउने घोषणा गरेका थिए ।

बकिङ्घम राजदरबारसँग सरसल्लाह नगरीकनै उक्त घोषणा भएपछि राजपरिवारका वरिष्ठ सदस्यहरूसमेत दुःखी भएको समाचार आए । ह्यारी दम्पतीले शाही भूमिका परित्याग गर्नेबारे सोमबार छलफल भएको छ । महारानी एलिजावेथ द्वितीयले राजपरिवारका वरिष्ठ सदस्यहरूसँग छलफल गरेकी हुन् । उक्त छलफलमा बेलायती महारानी एलिजावेथ द्वितीयले राजकुमार ह्यारी तथा उनकी श्रीमती मेगन मर्केलले संक्रमणको अवधिभर युके तथा क्यानाडाबीच समय बिताउन सहमति जनाएकी बताइएको छ ।

बेलायती महारानीद्वारा सोमबार जारी वक्तव्यमा त्यस्तो उल्लेख गरिएको छ, तर संक्रमणको अवधि कहिलेसम्म हुने हो भन्नेचाहिँ खुलाइएको छैन । बेलायती महारानीले नयाँ भूमिका निर्वाह गर्ने राजकुमार ह्यारी तथा उनकी श्रीमतीको चाहनाप्रति आफ्नो पूर्ण सहयोग रहने बताएकी छन्, तर उनीहरू दुवै जना पूर्णकालीन रूपमा शाही परिवारको सदस्यका रूपमा रहेको भए राम्रो हुने आफ्नो धारणा रहेको पनि उनले बताएको बीबीसीले जनाएको छ ।

बेलायती महारानीले स्यान्ड्रिङ्म दरबारमा आफ्ना परिवारका वरिष्ठ सदस्यहरूसँग भएको कुराकानी निकै रचनात्मक भएको पनि बताइन् ।

राजकुमार ह्यारी, ड्युक अफ क्याम्ब्रिज राजकुमार विलियम र प्रिन्स अफ वेल्स राजकुमार चार्ल्स उक्त छलफलमा सहभागी भए पनि राजकुमार ह्यारीकी पत्नी मेगन भने क्यानडामा छिन् । गत साता जिम्मेवारीबाट अलग्गिने घोषणा गरेपछि मेगन क्यानडा गएकी हुन् । महारानीको नोर्फकस्थित दरबारमा भएको उक्त बैठकलाई 'स्यान्ड्रिङ्म समिट' नाम दिइएको थियो ।

राजकुमार ह्यारी र मेगन क्यानडामा बस्ने भनिए पनि यसबारे आफूसँग कुनै छलफल नभएको क्यानडेली प्रधानमन्त्री जस्टिन ट्रुडोले बताएका छन् । विशेष गरी शाही दम्पतीको सुरक्षा र क्यानडावासी करदातामाथि पर्ने असर प्रमुख मुद्दा हुन सक्छ । ह्यारी र मेगनले कति कोष प्राप्त गर्ने, उनीहरूको शाही उपाधि रहने कि नरहने र उनीहरूका कस्ता शाही जिम्मेवारीलाई निरन्तरता दिने भन्ने विषय अनुत्तरित छन् । राजकुमार ह्यारी राजगद्दी उत्तराधिकारीको छैटौं वरियतामा छन् । ह्यारी मेगन विवाहलगत्तै उनीहरूलाई १९ मे २०१८ मा ड्युक एन्ड डचेस अफ ससेक्स उपाधि प्रदान गरिएको थियो ।

ती दम्पतीले कैयौं महिनाको आन्तरिक छलफलपछि शाही भूमिका परित्यागको निर्णयमा पुगेको बताएका थिए । आफ्नो छोराको पठनपाठन तथा नयाँ कल्याणकारी काम सुरु गर्न पछिल्लो निर्णयले सहयोग पुग्ने आशा उनीहरूको छ । उनीहरूको पहिलो सन्तान आर्ची ह्यारिसन जन्मेको नौ महिना मात्रै भएको छ ।




### के हुन सक्छ कारण ?

राजकुमार ह्यारी (३५) र मेगन (३८) को सम्बन्ध राजपरिवारका अन्य सदस्यहरूसँग चिसिँदै गएको खबर बेला-बेला आउने गरेका थिए । केही बेलायती मिडियामा ह्यारी र दाइ विलियमबीच सम्बन्ध बिग्रिएको समाचार आएपछि दाजुभाइले संयुक्त वक्तव्य जारी गरी समाचारको खन्डन गरेका थिए । यद्यपि त्यो दम्पतीले ह्यारी दाजु-भाउजूद्वारा सञ्चालित 'ड्युक एन्ड डचेस अफ क्याम्ब्रिज फाउन्डेसन' सँग गत जुनमा मनमुटाव भएपछि आफ्नै 'ससेक्स रोयल च्यारिटी' खोल्ने तयारी गरेका थिए । गत डिसेम्बरमा ह्यारी मेगनले ससेक्स रोयल ब्रान्ड ट्रेडमार्कका लागि निवेदन समेत दिएका बताइन्छ ।

उनीहरू मिडियाबाट पनि सताइएको खबर आएका थिए । गत अक्टोबरमा ह्यारी मेगनले लगातार सञ्चारमाध्यमहरूको ध्यान आफूहरूमाथि केन्द्रित भइरहँदा जीवनमाथि परेको दबाव र तनावबारे चर्चा गरेका थिए ।

त्यसलगत्तै ह्यारीले केही मिडियाले गैरकानुनी रूपमा आफ्नो 'भ्वाइस मेसेज' सुनेको आरोप लगाउँदै बेलायतबाट प्रकाशित हुने सन तथा डेली मिरर समाचारपत्रविरुद्ध कानुनी कारबाही सुरु गरेका थिए । १० हरफ लामो वक्तव्य लेख्दै ह्यारीले ट्याबलोइड पत्रिकाहरूले आफ्नी आमा स्वर्गीय डायनाले भोगेजस्तो पीडा दोहोऱ्याउन खोजेको आरोप लगाएका थिए ।

उनकी श्रीमती मेगनले पनि मेल अखबारविरुद्ध आफ्ना पितालाई लेखेको गोप्य पत्र प्रकाशित गरेको आरोप लगाउँदै मुद्दा दायर गरेकी थिइन् ।

## ह्यारीको नेपाल कनेक्सन

प्रिन्स ह्यारीको साइनो नेपाल र गोर्खा सैनिकहरूसँग निकट छ । महाभूकम्पलगत्तै नेपाल भ्रमण गरेका राजकुमार ह्यारीले उत्तरी गोर्खाको लापु गाउँ विकास समितिस्थित प्रभातकिरण निमाविको पुनर्निर्माणमा सघाएका थिए । उनले अन्नपूर्ण हिमश्रृंखला तथा बर्दिया राष्ट्रिय निकुन्जको प्राकृतिक सौन्दर्यको दृश्य कहिल्यै नभुल्ने बताएका थिए ।

कुनै बेला अफगानिस्तान युद्धमा सँगै रहेका ह्यारीले गोर्खा सैनिकहरूसँगको सम्बन्धबाट खुसी र गर्व महसुस गर्ने गरेको उनी बताउँछन् । राजकुमार ह्यारीले गोर्खालीहरूको साहस, निःस्वार्थ त्याग र व्यावसायिकताको प्रशंसा गर्दै आएका छन् ।

बेलायती राजपरिवारको लोकप्रियता विश्वमै उच्च छ । बेलायती महारानी एलिजावेथ बस्ने लन्डनस्थित बकिङहम प्यालेस हेर्न बर्सेनि करिब डेढ करोड पर्यटक दरबार पुग्ने गरेका छन् ।

भिजिट ब्रिटेनका अनुसार बेलायती पर्यटनको प्रमुख आधार शाही आवास गृह बकिङहम प्यालेस र विन्डसोर क्यासल हुन् । कन्सल्टेन्सी ब्रान्ड फाइनान्सको तथ्यांकमा सन् २०१७ मा बेलायती राजतन्त्रले अर्थतन्त्रमा १ दशमलव ८ बिलियन पाउन्ड योगदान गरेको थियो । यसमध्ये ५ सय ५० मिलियन पाउन्ड शाही पर्यटनबाट भएको थियो ।

# जसले दरबार छाडे

## राजपरिवारको सम्भ्रान्त जीवनबाट स्वतन्त्र हुन चाहने धेरैले प्रेम सम्बन्धका कारण दरबारको सुखसयल त्यागेका छन्

बेलायती राजपरिवारलाई विश्वमा सर्वाधिक सम्मानित राजपरिवार मानिन्छ। राजपरिवारले पाउने सुख र आर्थिक सुविधा कहिलेकाहीं व्यक्तिगत स्वतन्त्रताभन्दा कम रहेको उदाहरण बेलाबेलामा देखिने समेत गर्छ। पछिल्लो पटक त्यहाँका युवराज हयारी र उनकी श्रीमती मेगान मार्केलले 'ड्युक अफ ससेक्स' र 'डचेज अफ ससेक्स'को उपाधि त्यागेर बेलायत र उत्तर अमेरिकामा स्वतन्त्र जीवनयापन गर्ने निर्णय गरे। उनीहरूले उक्त निर्णय लामो समय आपसी परामर्श गरेर गरेको बताए पनि यसले बेलायती राजपरिवारभित्रको कलहलाई बाहिर ल्याउन मद्दतसमेत गरेको छ।

हयारी र मेगानको यो पछिल्लो निर्णयभन्दा अगाडि केही बेलायती राजपरिवारले पनि आफ्नो पद त्यागेका थिए भने अरू देशका राजपरिवारका सदस्यले पनि पद त्यागेका छन्। प्रेमिका, श्रीमती, आर्थिक हैसियत, स्वतन्त्रताजस्ता विषयलाई लिएर विश्वका धेरै राजपरिवारका सदस्यहरूले पदवी त्याग गरेको इतिहास रहे पनि हामीले केही उदाहरण यहाँ प्रस्तुत गरेका छौं।



### राजकुमारी डायना

बेलायती राजपरिवारकी सर्वाधिक चर्चित राजकुमारी डायनाले पनि 'प्रिन्सेस अफ वेल्स' को पदवी त्याग गरेकी थिइन्। बेलायती राजकुमार चार्ल्ससँग सन् १९८१ मा विवाह बन्धनमा बाँधिएकी डायनाले चार्ल्सबाट दुई छोरा विलियम र हयारीको जन्म दिएकी थिइन्। राजकुमार चार्ल्स अर्कै महिला केमिलासँग नजिक भएका सम्बन्धहरूको चर्चा आउन थालेपछि राजकुमारी डायनाको युवराजसँगको वैवाहिक सम्बन्ध बिग्रिएको थियो। मानवीय सहायता र जीवन रक्षाका विभिन्न संस्थासँग आबद्ध भएर काम गरेकी राजकुमारी डायनालाई त्यो बेलामा 'जनताको राजकुमारी' उपनाम पनि दिइएको थियो। डायनाले सन् १९९६ मा चार्ल्ससँग पारपाचुके गरेर सामान्य नागरिक सरहको जीवन बिताउने निर्णय गरेकी थिइन्। राज परिवारको पद त्याग गरेपछि उनको सम्बन्ध अरू पुरुषहरूसँग जोडिन गएको पनि थियो। सञ्चारकर्मीको विशेष चासोमा परिरहेकी डायनाको पेरिसको एक भूमिगत बाटोमा तीव्र गतिमा हुइँकिएको सवारी दुर्घटनामा परेर सन् १९९७ मा ३६ वर्षको उमेरमा निधन भएको थियो।



### अधिराजकुमार धीरेन्द्र

राजा महेन्द्रको कान्छो छोरा धीरेन्द्र वीरविक्रम शाहको विवाह राजा वीरेन्द्र वीरविक्रम शाहको कान्छी साली अर्थात् रानी ऐश्वर्यको कान्छी बहिनी प्रेक्ष्यासँग भएको थियो। अधिराजकुमार धीरेन्द्रको युवावस्था युवतीहरूप्रतिको आशक्ति र अवैध कारोबारमा बढी हुने गरेको थियो। राजपरिवारको आडमा उनले आफ्नो युवावस्थामा धेरै नै उदण्ड काम गरेका थिए, जसका कारण राजपरिवारको छवि पनि धमिलिँदै गएको थियो। विभिन्न महिलासँग विवाह गरेका धीरेन्द्रको पदवी भने विदेशी महिलासँग विवाह गरेपछि खोसिएको थियो। क्यानाडामा जन्मेकी बेलायती मोडल सुर्ले गुइनेलाई राजदरबारमा ल्याउन थालेपछि रानी ऐश्वर्यले आफ्नो बहिनीको घर बिग्रिएको रिसमा अधिराजकुमारको पदवी खोस्न लगाएकी थिइन्। धीरेन्द्रको नारायणहिटी हत्याकाण्ड २०५८ सालमा हुँदा मृत्यु भएको थियो।



### एडवार्ड आठौं


बेलायती राजकुमारका रूपमा 'राजकुमार एडवार्ड आठौं' रहेका थिए। महारानी भिक्टोरियाका जेठो नाति एडवार्ड आठौंलाई 'ड्युक अफ विण्डसोर'को उपाधिसमेत दिइएको थियो। उनले बेलायतको राजगद्दीमा छोटो समय मात्र राज गरे। राजकुमार रहेका बेला बेलायती राजपरिवारको पहिलो पाइलटसमेत रहेका एडवार्ड सन् १९३६ को जनवरी २० मा राजगद्दीमा बसेका थिए। पाइलट पेसामा रहने क्रममा उनको प्रेम अमेरिकामा दुई पटक पारपाचुके गरेकी महिला वालिस सिम्पसनसँग भएको थियो। पारपाचुके गरेको महिलालाई साथै राख्ने वा राजगद्दी छोड्नुपर्ने दबाब राजप्रसादको कानुनले व्याख्या गरेपछि सोही वर्षको डिसेम्बर ११ तारिखमा एडवार्डले राजगद्दी त्यागेर सिम्पसनसँग बाँकी जीवन बिताउने निर्णय गरेका थिए।






### आयाको मोरिया

जापानी राजपरिवारकी राजकुमारी आयाको मोरियाले सर्वसाधारणसँग विवाह गरेकै कारण राजपरिवारबाट पाएको पदवी परित्याग गरेकी थिइन्। नोरिहितो, राजकुमार ताकामादोकी कान्छी छोरीका रूपमा 'राजकुमारी आयाको अफ ताकामादो' को जन्म सन् १९९० मा भएको थियो। जोसाई युनिभर्सिटीबाट सामाजिक सेवामा स्नातक गरेकी आयाको भेट उनकै आमा हिसाको टोटोरी 'प्रिन्सेस ताकामोदो' ले केई मोरियाको परिवारसँग गराएकी थिइन्। केईको परिवार र हिसाको बीच पारिवारिक चिनजान समेत रहेको थियो। केई युनिभर्सिटीबाट ग्र्याजुएट मोरिया त्यो बेला एक पानीजहाज कम्पनीमा उपल्लो तहमै काम गर्थे। उनीहरूबीच भएको प्रेमले सन् २०१८ को अगस्टमा वैवाहिक रूप धारण गऱ्यो। जापानी राजपरम्पराअनुसार राजघरानाका सदस्यले सर्वसाधारणसँग विवाह गरेमा राजपरिवारको उत्तराधिकारी पद त्याग्नुपर्ने परम्पराअनुसार राजकुमारी आयाकोले सोही वर्षको अक्टुबरमा पदत्यागको घोषणा गरिन्।



### राजकुमार एण्ड्र्यु

बेलायतकी महारानी एलिजावेथ द्वितीयकी माइलो छोरा राजकुमार एन्ड्र्युले पनि राजपरिवारको उपाधि त्याग गरेका थिए। राजकुमार एन्ड्र्यु 'ड्युक अफ योर्क' राजगद्दीको दोस्रो उत्तराधिकारीका रूपमा रहेका थिए। उनी जलसेनाको उच्च तहमा बसेर काम गरिसकेका थिए भने फल्कल्यान्ड युद्धमा बेलायती सेनाको अग्र मोर्चामा समेत रहेका थिए। राजकुमार एन्ड्र्युले सन् १९८६ मा सराह फर्गुसनसँग विवाह गरेर सन् १९९६ मा अलग भएका थिए। सन् २०१९ मा उनी माथि यौन उत्पीडनको अभियोग लागेको थियो। अमेरिकामा यौनपेसामा कार्यरत महिला जेफ्री इप्सटेनविरुद्ध लागेको यौन अभियोगलाई बीबीसी टेलिभिजनले प्रसारण गरेपछि एन्ड्र्युले आफ्नो पदवी त्याग गरेको घोषणा गरेका थिए।



### राजकुमार फिलिप

बेलायती राजपरिवारकै महारानी एलिजावेथ द्वितीयका श्रीमान् राजकुमार फिलिपले पनि सन् २०१७ देखि आफ्नो राजपरिवारको कामबाट अवकाश लिएका छन्। 'ड्युक अफ एडिनवरा'को उपाधि पाएका फिलिपले उमेर हदका कारण ९६ वर्षको उमेरमा अवकाशको घोषणा गरेका हुन्। विगत ७० वर्षदेखि बेलायती राजपरिवारको महत्त्वपूर्ण व्यक्तिका रूपमा काम गरेका फिलिप अहिले महारानी एलिजावेथसँगको सार्वजनिक समारोहमा मात्र देखा पर्ने गर्छन्।

### प्रिन्सेस मार्था लुइस

नर्वेका राजा हेराल्ड पाँचौं र रानी सोन्जाकी जेठी छोरी प्रिन्सेस मार्था लुइस रोलक्रमअनुसार राजगद्दीको उत्तराधिकारीमै पर्थिन्। लेखक तथा भ्युजल आर्टिष्ट एरी बेनसँग २००२ मा विवाह गरेकी मार्थाको वैवाहिक जीवन लामो समय भने चलेन। सन् २००७ मा पारपाचुके गरेकी मार्थाको अधिकांश समय व्यापार व्यवसायमा केन्द्रित हुन्थ्यो भने उनी थेरापिस्ट पनि थिइन्।



पारपाचुकेपछि उनले आफैं थेरापिस्टको एक सेन्टर पनि सञ्चालन गरिन्, जसलाई उनले 'एन्जल स्कुल' नामकरण गरेकी थिइन्। यो स्कुल मृतात्माहरूसँग कुरा गर्ने काममा बढी केन्द्रित थियो। उनको यो कामको एकातर्फ विरोध हुन थालेपछि सन् २००२ मा उनको पदवी 'रोयल हाइनेस' लाई खोसिएको थियो।

### राजकुमारी ऐनी

बेलायती महारानी एलिजावेथ द्वितीयकी दोस्रो सन्तानका रूपमा जन्मिएकी एक्लो छोरी राजकुमारी एनीले पनि राजपरिवारको पदवी त्याग गरेर सामान्य जीवन बिताउने निर्णय गरेकी थिइन्। कल्याणकारी काममा बढी सक्रिय एनि 'प्रिन्सेस रोयल' २ सयभन्दा बढी अन्तर्राष्ट्रिय सामाजिक संस्थाहरूमा आबद्ध रहेकी छिन्। घोडचढीको राम्रो खेलाडीसमेत रहेकी एनीले घोडचढीको



युरोपियन च्याम्पियनसिपमा सन् १९७१ मा स्वर्ण पदक जितेकी थिइन्। ओलम्पिक प्रतियोगितामा सहभागी हुने पहिलो राजपरिवारकी सदस्यसमेत एनी नै थिइन्। एनीले सन् १९७३ मा सेनाका क्याप्टेन मार्क फिलिपसँग विवाह गरेकी थिइन्। दुई सन्तान भएपछि एनि र फिलिपले सन् १९९२ मा पारपाचुके गरे। सोही वर्ष एनीले सेनाकै कमान्डर सर टिमोथी लाउरेन्ससँग दोस्रो विवाह गरिन्।

जीवनशैली



# जाडोबाट जोगिऔँ

**जाडोमा तापमान घट्ने भएकाले धेरै मानिसमा रुघाखोकी लाग्ने तथा घाँटी खसखस हुने समस्या देखिन्छ । भाइरल तथा चिसोका कारण यतिबेला धेरैलाई यस्तो समस्या हुने गर्छ । उचित रेखदेख गरी न्यानो बस्ने तथा तातो खानेकुरा खाने गरे रुघाखोकी आफैं निको हुन्छ भने कतिपय अवस्थामा औषधी नै सेवन पनि गर्नुपर्ने हुन्छ । यसका साथै जाडो मौसममा मुटुरोग, दम, निमोनियाँ, हाडजोर्नीलगायतका रोगले पनि बढी नै दुःख दिने गरेको छ ।**

- धेरै चर्को घाम (११ बजेदेखि ३ बजेसम्म) मा बस्नु हुँदैन । घामको सम्पर्कमा आउनुअघि सन स्किन क्रिम लगाउनुपर्छ ।
- नियमित रूपमा मनतातो पानीले नुहाउनुपर्छ ।
- शरीरमा देखिने सुक्खापन कम गर्न मोस्चराइजर साबुनको प्रयोग गर्नुपर्छ । नुहाउनासाथ नरम रुमालले पुछेर मोस्चराइजर लगाउनुपर्छ । आफ्नो रुमाल अरूसँग सेयर गर्नु हुँदैन ।
- एसी हिटरबाट हुने सुक्खापन कम गर्न ह्युमिडिटी फायर राख्नुपर्छ ।
- अनुहारमा नन ड्राइङ फेस वासको प्रयोग गर्नुपर्छ ।
- फङ्सको संक्रमण हुन नदिन भित्र सुतीका पहिरन लगाउनुपर्छ । यसल पसिना सोस्नुका साथै शरीरमा शीतलता प्रदान गर्छ । भित्री पहिरन नियमित परिवर्तन गर्नुपर्छ ।
- चिल ब्लेनबाट बच्न हिटर ताप्नु हुँदैन । चिसो चलाउनुपरेमा पन्जाको प्रयोग गर्नुपर्छ ।
- सन्तुलित स्वस्थ खाना खानुपर्छ । पानी प्रशस्त मात्रामा पिउनुपर्छ ।

### खानपान

शरीर स्वस्थ रहन खानेकुराको महत्त्वपूर्ण भूमिका हुने भएकाले मौसम परिवर्तनसँगै उचित खाद्यवस्तु छनोट गर्नुपर्छ । जाडो मौसममा बाहिरी तापक्रम कम हुने भएकाले शरीरलाई चिसो महसुस गर्न नदिन पोषण तत्त्वयुक्त खानेकुरा खानु प्रभावकारी हुने डाइटिसियन विपिन कार्की बताउँछन् । कार्कीका अनुसार जाडोमा खाना बढी रुच्ने भएकाले उपयुक्त क्यालोरी खपत हुने किसिमका खानेकुरा खानुपर्छ । शरीरले बढी क्यालोरी खपत गरेको खण्डमा मोटोपनाको समस्या पनि निम्तन सक्छ । त्यसैले यो मौसममा कम क्यालोरी भएका खानेकुरा थोरै तर पटक-पटक खाइरहनुपर्छ ।

- जाडो मौसममा घाममा बसेर सुन्तला, अनार, भोगटेजस्ता भिटामिन सीयुक्त फलफूल खान सकिन्छ । यसको सेवनले शरीरमा ऊर्जा प्राप्त हुनुका साथै छालालाई चम्किलो बनाउने, रेटिनाको कार्यक्षमता समेत बढाउँछ । साइट्रस फलफूलको सेवनले खराब कोलेस्टेरोल कम गराई रोग प्रतिरोधात्मक क्षमता बलियो बनाउँछ ।
- जाडो मौसममा मेथी, पालक, तोरीको साग, ब्रोकाउली तथा धनियाँ खानु लाभदायक हुन्छ । भिटामिन ए तथा केयुक्त हरिया सागपात खाँदा शरीरमा फाइदा पुग्छ ।
- जाडोमा शरीरलाई न्यानो बनाउन गेडागुडी, मसरुम तथा चिकेन सुप पनि सेवन गर्न सकिन्छ । तातो सुप तथा झोलिला खानेकुराले शरीरको तापक्रम सामान्य बनाउँछ ।
- ज्वानोको रस, अदुवाको चिया, बेसार, दालचिनी, मह र ल्वाङ मनतातो पानीमा दैनिक बिहानी अथवा बेलुकीपख जाडोयाममा प्रयोग गर्दा टन्सिल, रुघा, फ्लु, ज्वरो, निमोनियाँजस्ता जटिलताबाट छुटकारा पाउन सकिन्छ ।
- हाडजोर्नीका बिरामीले क्याल्सियमयुक्त खानेकुरा दूध, चिज, साल्मोन, प्राउन, अन्डा खानु उपयुक्त हुन्छ ।

> “ निमोनियाँ जाडोमा मात्र हुन्छ भन्ने भ्रम धेरैमा छ । गर्मी तथा जाडो दुवै मौसममा निमोनियाँ उत्तिकै देखा पर्छ । बालबालिकालाई हुने यो रोगमा ज्वरो आउने, कोखा हान्ने, खोकी लाग्ने, छिटो-छिटो सास फेर्ने जस्ता लक्षण देखिन्छन् ।

### बालबालिकालाई चिसोबाट कसरी बचाउने ?

त्रि.वि. शिक्षण अस्पतालकी बालरोग विशेषज्ञ डा. सुरभी अर्यालका अनुसार मौसम परिवर्तन हुँदा रोग प्रतिरोधात्मक क्षमता घट्ने हुनाले बालबालिकालाई रोगले छिटो संक्रमण गर्छ ।

**रुघाखोकी** : जाडोका बेला नाक बन्द हुने, खोकी लाग्ने, टन्सिल पाक्ने र हल्का ज्वरो आउने समस्या धेरै देखिन्छ । यो सबै उमेरका बालबालिकालाई हुन सक्छ । यसबाट बच्न बालबालिकालाई रुघाखोकी लागेको मानिसको नजिक जान दिनु हुँदैन, मास्क लगाउनुपर्छ र हात राम्रोसँग धुनुपर्छ । रुघा खोकी लाग्दा झोल पदार्थ धेरै सेवन गर्नुपर्छ ।

**ब्रोन्काइटिस** : आरएसभी भाइरसले गराउने ब्रोन्काइटिस हावाबाट सर्ने रोग हो । दुई वर्षमुनिका बालबालिकालाई लाग्ने यो रोगमा खोकी लाग्ने, स्वाँस्वाँ हुने, घ्यार-घ्यार आवाज आउने र हल्का ज्वरोसमेत आउने हुन्छ । यसबाट बच्नका लागि रुघाखोकी लागेको मानिसबाट टाढै बस्नुपर्छ । बच्चालाई सास फेर्न अप्ठ्यारो भएमा चिकित्सककहाँ लैजानुपर्छ ।

**इन्फ्लुएन्जा** : सामान्य भाषामा फ्लु भनिने यो रोग भाइरल हो । यसमा कडा रुघाखोकी लाग्ने, धेरै ज्वरो आउने, शरीर दुख्ने, टाउको दुख्ने गर्छ । यो रोग एउटाबाट अर्कोमा सजिलै सर्छ । यसबाट बच्नका लागि वर्षको एकपटक इन्फ्लुएन्जा खोप लगाउनुपर्छ ।

**झाडाबान्ता** : विशेष गरी जाडो महिनामा भाइरल झाडाबान्ता हुन्छ । रोटा भाइरसले गराउने यो रोग एक वर्षमुनिका बालबालिकामा देखा पर्छ । सुरुमा बान्ता आएपछि दिसा लाग्नु यसको लक्षण हो । साना बच्चालाई दिसा रोक्ने औषधी दिन नहुने भएकाले जीवनजल खुवाउनु उपयुक्त हुन्छ । सरकारले यसबाट बच्ने खोप छिट्टै राष्ट्रिय खोप तालिकामा समावेश गर्दैछ ।

**दम** : पहिले नै दम भएका बालबालिकालाई जाडोमा दम अझ बढ्न सक्छ । त्यसैले दम बढेका बेला लिने औषधी सधैं साथमा राख्नुपर्छ ।

**निमोनियाँ** : निमोनियाँ जाडोमा मात्र हुन्छ भन्ने भ्रम धेरैमा छ । गर्मी तथा जाडो दुवै मौसममा निमोनियाँ उत्तिकै देखा पर्छ । बालबालिकालाई हुने यो रोगमा ज्वरो आउने, कोखा हान्ने, खोकी लाग्ने, छिटो-छिटो सास फेर्ने जस्ता लक्षण देखिन्छन् । बच्चाको कोखा



> मौसम परिवर्तन हुँदा रोग प्रतिरोधात्मक क्षमता घट्ने हुनाले बालबालिकालाई रोगले छिटो संक्रमण गर्छ ।
>
> डा. सुरभी अर्याल





जाडोमा खाना बढी रुच्ने भएकाले उपयुक्त क्यालोरी खपत हुने किसिमका खानेकुरा खानुपर्छ । शरीरले बढी क्यालोरी खपत गरेको खण्डमा मोटोपनाको समस्या पनि निम्तन सक्छ ।

विपिन कार्की, पोषणविद्





जाडोमा धूम्रपानको सेवन बढेमा बाथ बढ्छ, किनकि धूम्रपानले जोर्नीबाट बाथ गराउने तत्व निकाल्छ ।

डा. श्वेता नकर्मी



“जाडो मौसममा कम नुहाउँदा संक्रमण भई लुतो पनि देखा पर्न सक्छ । यस्ता लुतो खटिराजस्तो हुन्छ, खु । तथा शरीरमा देखिन्छ । यो रातको समयमा धेरै चिलाउँछ ।



हानेमा या नीलो भएमा तुरुन्त अस्पताल लैजानुपर्छ । यसबाट बच्नका लागि निमोनियाँविरुद्धको खोप लगाउनुपर्छ ।

## जोर्नीको पीडा

जाडो मौसममा स्वास्थ्यसम्बन्धी विभिन्न समस्या देखा पर्छन् । यतिबेला वृद्धवृद्धा, हाडजोर्नी दुख्ने समस्याबाट पीडित हुने गर्छन् । बाथका रोगीलाई पनि बढी नै पीडा हुन्छ ।

## बाथरोगीलाई बाथरोग विशेषज्ञ डा. श्वेता नकर्मीको सुझाव

जाडोमा चिसोका कारण वायुमण्डलको प्रेसर कम हुने भएकाले जोर्नीभित्र पनि प्रेसर बढ्छ । यसले गर्दा जोर्नी बढी सुन्निने, दुख्ने तथा अररो हुने गर्छ । त्यसैगरी यतिबेला छालाको बाथको समस्या पनि बढ्न सक्छ । हात तथा खुट्टाका औंला चिसोमा पर्दा रंग परिर्वतन हुनुलाई ‘रेनड्स फेनोमिना’ भनिन्छ । यो जाडो महिनामा बढ्ने सम्भावना हुन्छ । जाडोमा धूम्रपानको सेवन बढेमा बाथ बढ्छ, किनकि धूम्रपानले जोर्नीबाट बाथ गराउने तत्त्व निकाल्छ ।

## के खाने ?

युरिक एसिडका बाथ रोगीले बाहेक अन्यले धेरै खाना बार्नु पर्दैन । सबैले स्वस्थ रहन चिनी, नुन तथा चिल्लो कम भएको खानेकुरा खान सकिन्छ । क्याल्सियम तथा भिटामिन डी हड्डी तथा मांसपेशीका लागि अत्यन्त जरुरी कुरा भएकाले क्याल्सियमयुक्त खाना बढी खानुपर्छ । दूध तथा दूधबाट बनेका परिकार, दाल, गेडागुडी, बदाम, तोफु पनि खान सकिन्छ । घामबाट भिटामिन डी प्राप्त हुन्छ । त्यसैले छालामा घाम पर्ने गरी हरेक दिन १५ मिनेट बस्नुपर्छ । साल्मोन, टुना, कलेजो, अन्डामा पनि भिटामिन डी केही मात्रामा पाइन्छ ।

युरिक एसिडका रोगीले रक्सी, बियर, वाइन, कलेजो, मिर्गौला, गिदी जस्ता खानेकुरा खानु हुँदैन । यसैगरी रातो मासु (खसी, राँगा, सुँगुर), नुन, चिनी, चिनी भएको पेय पदार्थ, सेल फिस, गंगटो, बट्टामा भएको जुस कम खानुपर्छ । जुनसुकै बाथरोगीले पनि धूम्रपान तथा मध्यपान सेवन गर्नु हुँदैन ।

## छालाको समस्या

जाडो महिनामा बालाजुकी सविता पौडेलको हातखुट्टाका औंला सुन्निएर रातो हुन्छ । हातखुट्टाका औंला चिलाउँदा र रातो हुँदा उनलाई जाडो महिना नआए पनि हुन्थ्यो जस्तो लाग्छ । सविताको जस्तो समस्या धेरैलाई पर्न सक्छ । हातखुट्टाका औंला सुन्निने तथा चिलाउने समस्यालाई ‘चिल ब्लेन’ भनिन्छ ।

डर्मापर्फेक्ट स्किन लेजर एन्ड प्लास्टिक सर्जरी सेन्टरकी डर्मेटोलोजिस्ट अपर्णा शाहका अनुसार जाडो महिनामा एसी र हिटरमा लामो समय बस्दा छालाको चिल्लोपन कम हुन जान्छ । यसले गर्दा छाला सुख्खा हुन्छ, यसलाई ‘जिरोसिस’ भनिन्छ । यसैगरी छाला सुक्खा भएर चिलाउने, पोल्ने तथा कत्ला देखिने पनि गर्छ । यसलाई एक्जोटिक भनिन्छ । यसैगरी यो मौसममा छालाको साइड-साइडमा, छातीको बीच भागमा, गालामा रातो दाग, धब्बा देखा पर्छ, यसलाई सेबोरिक डर्म्याटाइटिस भनिन्छ । अनुहार मा चाया पोतोको समस्या पनि धेरै पाइने गरेको छ ।

जाडो भएर ऊनीका पहिरन धेरै लगाउने गर्दा पसिना आउँदा फङ्स संक्रमण पनि हुन सक्छ ।

जाडो मौसममा कम नुहाउँदा संक्रमण भई लुतो पनि देखा पर्न सक्छ । यस्ता लुतो खटिराजस्तो हुन्छ, खुट्टा तथा शरीरमा देखिन्छ । यो रातको समयमा धेरै चिलाउँछ । यसैगरी धेरैको हातमा पैसाजस्तो दाग पनि देखिन्छ । लुतो र दाद भने एकबाट अर्कोमा सर्न सक्छ । यतिबेला सबैलाई घाम प्यारो हुन्छ । चर्को घाममा बस्दा पनि एलर्जी हुन सक्छ । घामको एलर्जीका कारण अनुहार, घाँटी तथा छाती रातो हुने गर्छ, यसलाई फोटो डर्म्याटाइटिस भनिन्छ । जाडो मौसममा चिन्ता धेरै लिएमा, चुरोट, रक्सी धेरै सेवन गरेमा कत्ले रोग बढ्छ । यो वंशाणुगत रोग हो । घुँडा, कुहिना तथा अन्य ठाउँमा सेतो कत्लाजस्तो देखिन्छ । यो निकालेपछि रातो देखिन्छ । कतिपयको केशमा समेत यस्ता कत्ला देखा पर्छन् । जाडोमा धेरैलाई केशमा चायाको समस्या पनि धेरै नै देखा पर्छ ।

## बालबालिका तथा वृद्धाका लागि खानपान

बालबालिका र वृद्धावस्थामा इन्फ्लुयन्जा रुघाखोकी तथा निमोनियाँ हुने सम्भावना भएकाले छाती तथा शरीर न्यानो पार्ने खानेकुरा खानु उपयुक्त हुन्छ । डाइटिसियन विपिन कार्कीका अनुसार अन्डामा पर्याप्त मात्रामा भिटामिन डी हुने भएकाले यसको सेवनले छातीको संक्रमण कम गर्छ । यतिबेला झोलिलो गेडागुडी, मासुको रस तथा मसरुमको सुप सेवन गर्नु प्रभावकारी हुन्छ । यसले शरीरको तापक्रम सामान्य अवस्थामा ल्याउन मद्दत पुऱ्याउँछ । बालबालिकाले उसिनेको अन्डा, चिकेन, मह तथा अदुवाको रस खाएमा शरीर न्यानो हुन्छ । वृद्धावस्थामा शरीर कमजोर हुने र जाडोमा प्रर्याप्त मात्रामा पोषण तत्त्व नपुग्दा जाडो महसुस हुन्छ । न्यानोपनका लागि मासु, अन्डा, सागसब्जी, सुन्तला, कागती, पुदिना, तुलसी पानी, ओखर, चना र केराउको रस सेवन गर्नु उपयोगी हुन्छ । तीलको लड्डु, तरुल राजमाको तरकारी खानाले शरीरमा कार्बोहाइड्रेट परिपूर्ति हुन्छ । यसका साथै मासु, अन्डा तोफु, ओखर तथा बदाम खानाले सम्पूर्ण पोषण तत्त्वको मात्रा सन्तुलित हुनुका साथै जाडो मौसममा शरीरलाई आवश्यक तापक्रम प्राप्त हुन्छ ।

प्रस्तुति : उपासना घिमिरे



जाडो महिनामा एसी र हिटरमा लामो समय बस्दा छालाको चिल्लोपन कम हुन जान्छ । यसले गर्दा छाला सुख्खा हुन्छ, जसलाई ‘जिरोसिस’ भनिन्छ ।

डा. अपर्णा शाह




KMG
KANTIPUR MEDIA GROUP
WITHOUT FEAR OR FAVOUR
The road to the truth is difficult.
A path filled with division, diversion and danger.
A path filled with validation and temptation.
There are voices to be heard and stories to be told.
The road is long and the road is hard.
But this is the road we walk.
Without fear or favour.
THE KATHMANDU POST

# यौन जिज्ञासा



डा. राजेन्द्र भद्रा

म ३३ वर्षको स्वस्थ विवाहित पुरूष हुं । मेरा निम्न यौन समस्या छन् । यौन चलचित्र वा चित्र हेरेर म प्राय:जसो दिनको दुई पटक हस्तमैथुन गर्छु । यौनसम्पर्क गरेको बेलामा वीर्य झर्दैन र यौनसम्पर्कपछि हस्तमैथुन गरेर निकाल्नुपर्छ । मेरो पिसाब गरिसकेपछि फर्केर बस्दा पिसाबको एक–दुई थोपा झर्ने गर्छ, जसले गर्दा मेरो अन्डरवेयर भिज्ने र गन्हाउने गर्छ । यी समस्याको समाधान के हुनसक्छ ? यी दुई समस्याको बीचमा सम्बन्ध छ कि छैन ?

आर.

### विवाहित जीवन र हस्तमैथुन ?

किशोरावस्थामा हुँदा आफ्नो यौन तनाव कम गर्ने कुनै अन्य उपाय नहुँदा हस्तमैथुनको नै सहारा लिनुपर्ने स्थिति भए पनि विवाहपछि यौनसम्पर्कको माध्यमबाट नै यौन आनन्द पाउन सकिने भएकाले पनि सामान्यतया विवाहित व्यक्तिहरूमा हस्तमैथुन गर्ने कार्यमा केही कमी आउने गर्छ । तर, विवाह हुँदैमा हस्तमैथुन गर्न भने बन्द गर्छ । विवाहित व्यक्तिहरूले विभिन्न परिस्थिती र विशेष गरी नियमित रूपमा यौनसम्पर्क राख्न नपाएको स्थितिमा आफ्नो यौन चाहना पूरा गर्न हस्तमैथुनको सहारा लिने गर्छन् र यो एकदमै सामान्य प्रक्रिया हो ।

हस्तमैथुन गर्ने कार्यमा अभ्यस्त भएपछि कतिपय व्यक्तिले कसरी आफू सजिलै यौन चरमसुखको स्थितिमा पुग्ने भन्ने कुरा सिक्छन् र यसको बारम्बार प्रयोग गर्न थाल्छन् । तपाईंले विवाह गर्नुभन्दा पहिले हस्तमैथुन गर्ने क्रममा यसो गर्दा सजिलै यौनआनन्द पाउन सकिने कुरा पक्कै पनि सिक्नुभएको हुनुपर्छ । तपाईंले विवाहभन्दा पहिले हस्तमैथुन गर्ने क्रममा यौन चरम सुखसम्म पुग्न सिक्नुभएको कुराभन्दा श्रीमतीसँगको यौनसम्पर्क त फरक पर्ने गर्छ । हस्तमैथुन आफूले चाहेअनुसार छोटो समयमा चरमसुखको स्थितिमा पुग्न सकिन्छ र सबै नै कार्य आफ्नो नियन्त्रणमा हुन्छ जुन अर्को व्यक्तिको सम्पर्कमा नहुनसक्छ । यस्तै कारणले हस्तमैथुनकै निरन्तरताप्रति तपाईं आकर्षित हुनुभएको देखिन्छ ।

मूल समस्या भनेको तपाईंको श्रीमतीसँग यौनसम्पर्क गर्दा यौन उत्तेजनाको निरन्तरतालाई चरमसुखसम्म पुर्‍याउन सक्नु नभएको देखिन्छ । तपाईंले त्यसमा आवश्यक शारीरिक परिश्रम गर्ने कार्यमा कमी भएर होस् वा श्रीमतीसँगको यौनसम्पर्कको एकनासेपनले होस् वा अन्य कारणले होस् वीर्य स्खलन तथा चरमसुखको स्थितिमा पुग्न नसकेको हुन सक्छ । यसका बारेमा तपाईं नै जानकार हुनुहुने भएको हुनाले त्यसको विविध पक्षको बारेमा विचार गर्न अनुरोध गर्छु ।



हस्तमैथुन गरे पनि आफ्नो यौन साथी (श्रीमान् वा श्रीमती) को यौनचाहना पूरा गरे दुवैको यौन जीवनमा खासै फरक पर्दैन । तर, आफ्नो यौन चाहनामा मात्रै केन्द्रित भएर हस्तमैथुन गर्नेतिर मात्र ध्यान दिइयो र श्रीमान् वा श्रीमतीसँगको यौनेच्छा पूरा गर्नेतिर ध्यानदिएर र यौन क्रियाकलापमा संलग्न भइएन भने त्यसले यौन जीवनमा मात्रै होइन, वैवाहिक तथा पारिवारिक जीवनमा नै नकारात्मक असर पर्न सक्छ । त्यस्तो नहोस् भनेर दुवै जना मिलेर कसरी यौन आनन्द बढी लिन सकिन्छ भन्ने कुरामा कुराकानी गरेर विभिन्न प्रयोग गरेर दुवै जनालाई आनन्ददायी उपायको अवलम्बन गर्न सक्नुहुन्छ । यस्ता उपायहरूको निरन्तर रूपमा खोजी गरिए वैवाहिक जीवनमा लामो समयसम्म यौन सुखलाई राम्ररी उपभोग गर्न सकिन्छ ।

अर्को महत्त्वपूर्ण पक्ष के हो भने श्रीमान्–श्रीमतीबीचको यौन क्रियाकलाप लिङ्ग–योनि सम्पर्कमा मात्रै सीमित हुनुपर्छ भन्ने छैन । यसमा विविधता ल्याउन सकिन्छ । एक अर्काको यौनाङ्ग हातले चलाउने वा हस्तमैथुनमा सघाउने जस्ता कुरा पाक्क्रीडाको दौरानमा ल्याउन सक्नुहुन्छ । श्रीमतीलाई पनि तपाईंको हस्तमैथुन गर्ने क्रममा संलग्न गराउनु राम्रो उपाय हुनसक्छ । तपाईंले गर्नुहुने हस्तमैथुनको मूकदर्शक नबनाई यो सबै प्रक्रियालाई तपाईंले पाक्क्रीडासँग गाँसेर श्रीमतीको संलग्नता गराउन सक्नुहुन्छ । हस्तमैथुन गर्दा तपाईंले जसरी आनन्द पाउन् हुन्थ्यो ती कुरा तपाईंको श्रीमतीले गरिदिनु हुने स्थिति भएमा तपाईंले यौन सुख पाउन सजिलो त हुने नै भयो र यो क्रिया पनि श्रीमतीसँगको यौनसम्पर्क साथ साथैको क्रियाकलापको रूपमा अगाडि एकैसाथ बढ्ने भयो ।

### पिसाबको केही थोपा नझर्ने के गर्ने ?

तपाईंले दिनुभएको सीमित जानकारीका आधारमा कुरा गर्दा तपाईंको स्थिति प्राय: धेरैजसो पुरुषमा पिसाब फेरिसके पछि अन्त्यमा एक दुई थोपा पिसाब झर्ने सामान्य स्थिति जस्तो बुझिन्छ । मूत्रनलीमा भएको केही पिसाब बाहिर निस्कँदा यस्तो हुन्छ ।

तपाईंले जिज्ञासाको कुरा भित्री लुगामा लागेर भिज्ने र गन्हाउने भन्नुभएकाले आउने पिसाबको मात्रा बढी नै छ जस्तो बुझिन्छ । यस अर्थमा यो Post Micturition Dribble हो कि होइन भन्ने लाग्छ । यस्तो स्थितिमा पिसाब फेरि सकेपछि स्वत: केही थोपा वा मात्रामा पिसाब बाहिर निस्कन्छ र सो पनि धेरैजसो स्थितिमा चर्पीबाट बाहिर निस्केपछि । सबै नै पिसाब निखियोस् भने केही बेर पर्खिएर लिङ्गलाई हल्लाएर पिसाब झार्दा पनि यो समस्या रहन सक्छ ।

यस्तो विशेषत:मूत्रनलीको वरिपरि हुने pelvic floor का मांसपेशी कमजोर हुनु यसको कारण मानिन्छ । पौरुष ग्रन्थीको शल्यक्रिया, कब्जियतको समस्या भए जहिले पनि धेरै बल लगाउनुपर्ने स्थिति, दीर्घ खोकी, अधिक तौल, स्नायुमा भएको क्षति अनि धेरैजसो स्थिति भारी उठाउनुपर्ने काम जस्ता कुराले सो मांसपेशीलाई कमजोर बनाउन सक्छ । पुरुषले पनि सो मांशपेशी बलियो बनाउन Kegel's Exercise गर्नु वेश हुन्छ । तपाईंको सन्दर्भमा भने यो समस्या रहिरहेमा मूत्ररोग विशेषज्ञसँग एकपल्ट सल्लाह लिनुहोला ।

# यो साताको राशिफल



रामप्रसाद सिटौला

(फलित ज्योतिष)

माघ ६ गते
षट्तिला एकादशी

## मेष

कार्य सफल बनाउन थप मेहनत गर्नुपर्नेछ । प्रेमिका नौलो उपहारको अपेक्षामा छिन्, भावना बुझ्दा उत्तम हुनेछ । मित्रको सल्लाहबाट विदेशमा अध्ययनको अवसर जुर्न सक्छ, विलम्ब नगर्नुहोला । झन्झटिला कार्यहरूको बोझ आइलाग्दा सचेत भई कार्य सम्पन्न गर्नुपर्नेछ । कालो रंगको सवारी साधन चलाउँदा सचेत रहनुहोला ।

## वृष

भौतिक साधनको उपयोगबाट अरूको मन लोभ्याउन सकिनेछ । मन पराउने साथीको भावनालाई कदर गर्दा उचित हुनेछ । नयाँ एवं पुराना कार्यको प्रतिफलले अन्य योजना बनाउन सहयोग पुर्‍याउनेछ । सामूहिक लगानीमा नयाँ कार्यको प्रारम्भ गर्ने मत मिल्नेछ । सुनौलो रंगको अनुसरणले परिणाम नजिक पुगिनेछ ।

## मिथुन

प्रतिस्पर्धाबाट प्राप्त उपलब्धिले विदेशको यात्रा तय गर्नेछ । सहयोगीले दिएको सुझावको उपेक्षा नगर्दा लाभ पुग्न सक्छ । खरिद गरिएका सामान छुट्न सक्छन्, होस पुर्‍याउनुहोला । विलासिताका सामग्रीको खरिदमा पारिवारिक मत मिल्नेछ । भोजभतेरमा संयमपूर्वक मनोरञ्जन गर्नुहोला । बढी विश्वासले बेफाइदा नै हुन सक्छ ।

## कर्कट

यो साता तपाईंको राशिले शुभ फल दिनेछ । आकर्षक रोजगारी हात लाग्नाले चर्चित भइनेछ । ठूलो लगानी गरी व्यवसाय प्रारम्भ गर्दा विदेश यात्राको अवसर प्राप्त हुनेछ । मनोरञ्जनात्मक क्रियाकलापमा सहभागी हुँदा विवेक पुर्‍याउनुपर्नेछ । घरायसी सजावटमा नवनिर्मित सामग्री खरिद गरी अरूको प्रशंसा बटुल्न सकिनेछ ।

## सिंह

आफ्नो प्रतिभा प्रस्तुत गरी इनाम प्राप्त गर्न सक्नुहुनेछ । तथ्य कुरा पत्ता लगाई असहज परिस्थितिको सामना गर्न सकिनेछ । उथलपुथल पारिवारिक वातावरणबाट अनन्त साथ पाइनेछ । मन मिल्ने साथीको सुझावलाई मात्र विश्वास गर्नाले पछि परिएला । प्रेमको नाटक गरी भुक्याउनेसँग सचेत हुनुपर्नेछ ।

## कन्या

ठूला खाले व्यावसायिक योजना तर्जुमा गर्दा फजुल धन खर्च हुन सक्छ । लगानीको क्षेत्रबाट सोचेभन्दा कमै प्रतिफल हात पर्नेछ । प्रेमिकासँगको खटपटमा वादविवाद नगर्दा नै फलिफाप हुनेछ । काममा बेवास्ता गर्नाले अवसर अरूले लिन सक्छन् । गोष्ठी, समारोहमा समावेश हुँदा नेतृत्वदायी भूमिका पाइनेछ ।

## तुला

प्रशस्त आम्दानी हुने कार्य गर्दा परिवारबाट प्रशंसा पाइनेछ । भावी कार्ययोजना प्रेमिकाले बढी नै मन पराउनेछिन् । गोपनीयता अवलम्बन गरे सहज महसुस होला । दान तथा पुण्य कार्यले तपाईंको व्यवसाय स्वत: उचाइमा पुगी रोकिएका कामसमेत बन्न सक्छन् । साताको अन्त्यतिर स्वास्थ्यमा ध्यान दिनुपर्नेछ ।

## वृश्चिक

व्यवसायमा प्रबल नेतृत्व गर्ने अवसरको जिम्मेवारी प्राप्त गरिनेछ । कार्य सञ्चालनमा यथाकदा अवरोध तथा कठिनाइ भने महसुस हुनेछन् । कार्य व्यस्ततामा रुमल्लिँदा प्रेमिका चिढिन सक्छिन्, विचार पुर्‍याउनुहोला । रोजगारीका नयाँ अवसर हात पार्न थप मेहनत गर्नुपर्नेछ । विपक्षीको छलकपट र जालझेलमा भने सावधानी अपनाउनुपर्नेछ ।

## धनु

अध्ययनको सिलसिलामा विदेशमा पाइला टेकिनेछ । भ्रमणका क्रममा नातेदार तथा कुटुम्भसित भेट भई मनोरञ्जन लिँदा खर्चले पिरोल्नेछ । व्यावसायिक क्षेत्रमा सुधार भई धातुको कारोबारबाट मुनाफा हात लाग्ने सम्भावना छ । पहेलो रंग अवलम्बन गर्नाले बोलीको थप प्रभाव पर्नेछ । परोपकार तथा दान–पूण्यले थप मानसिक शान्ति पाइनेछ ।

## मकर

पारिवारिक मनमुटाव तथा खटपटमा निराशा छाउँदा प्रेमिकाले थप ऊर्जा दिलाउनेछिन् । अध्ययनमा गरिएको वैदशिक लगानी खेर जानेछैन । मित्रहरूको आर्थिक सहयोग ढिलो प्राप्त भई अवसर गुम्दा मन खिन्न हुनेछ । सवारी साधन चलाउँदा र मनोरञ्जन गर्दा सावधानी अपनाए बेस नै हुनेछ ।

## कुम्भ

प्रेमिकासँगको भ्रमणले अरूको मन लोभ्याउनेछ । राज्यस्तरमा थालिएका प्रशासनिक कार्यबाट सहयोग नै मिल्नेछ । बिनायोजना पहिरन तथा गहना खरिद गर्दा खर्चले पिरोल्न सक्छ । पारिवारिक सल्लाहले चुनौतीलाई परास्त गर्न सहज हुनेछ । साताको अन्त्यतिर दान–पुण्यमा सहभागी हुँदै मठ–मन्दिर परिक्रमा गरिनेछ ।

## मीन

साता सामान्य तवरले गुज्रनेछ । परिस्थिति पहिचान गरी पुरुषार्थ गरेमा प्रतिष्ठा पाइनेछ । मित्रले दिएको वचन पूरा नगर्दा आर्थिक हैरानी बेहोर्नुपर्ला । अनुकूल तथा प्रतिकूल अवस्थामा अरूको मुख ताक्नाले पछि परिएला । राजनीतिक विचार परिवर्तन भई परोपकार तथा पुण्य आर्जन गर्न संलग्न भइनेछ ।

खेलकुद

# किन हुन्छ झडप ?



हालै सहिद स्मारक लिग फुटबल प्रतियोगितामा मनाङ-मर्स्याङ्दी क्लब र मछिन्द्र बहाल क्लबका खेलाडीहरूबीच खेल मैदानभित्रै झडप भयो । यो घटनाले खेलकुदजस्तो मर्यादित र अनुशासित क्षेत्रमा हुने झगडा फेरि सतहमा आएको छ । यस्ता घटनाले खेलाडीलाई विवादित बनाइरहेको पाइन्छ । दर्शकहरूलाई भने यस्ता झडप किन हुन्छन् भन्ने चासो भइरहन्छ ।

खेलकुद प्रतियोगिताले धैरै देशका राजनीतिक द्वन्द्वलाई समेत समाप्त गरेको इतिहास छ । तर, खेलकुदकै मैदानमा किन खेलाडीहरूबीच झडप र झगडा हुन्छन् ? कतिपय अवस्थामा यस्ता झगडाले दर्शकहरू र खेलाडीका फ्यानलाई समेत उत्तेजित गरेर ठूलै क्षतिसमेत निम्त्याएको पाइन्छ ।

खेल मैदानमा हुने झगडाबारे हाम्रो देशमा खासै शोध भएको छैन । अन्तर्राष्ट्रिय खेल मैदानमा हुने झगडालाई आधार बनाएर केही अनुसन्धान भने भएका छन् । अब्दल हकले सन् १९८९ मा प्रकाशित गरेको शोधअनुसार खेलकुदमा हिंसा हुनुका मुख्य कारण प्रस्तुत गरेका छन् । उनको शोधअनुसार पहिलो कारणमा खेलाडीहरू पराजयको अवस्थामा पुग्ने बेलामा उनीहरूको मानसिकतामा आउने बिभिन्न किसिमको बिद्रोहका कारण खेलाडीहरू प्रतिद्वन्द्वीप्रति आक्रमणमा उत्रन्छन् । अब्दलकै शोधको दोस्रो कारण, खेलका रेफ्रीले आफ्नो अनुकूल निर्णय नगरेको ठानेर निस्किने आवेशले गर्दा उनीहरूबीच झगडा गर्ने स्थिति पैदा गर्छ । तेस्रो कारण, खेलाडीहरू एक अर्कामा झगडा भएको ठानेर हौवामा विपक्षी खेलाडीहरूमाथि बिना शोधखोज आक्रमणमा उत्रिँदा पनि झडप हुने गर्छ ।

खेलकुद क्षेत्रमा सर्वाधिक झडप हुने खेलमा फुटबल, रग्वी फुटबल, आइस हक्की, अमेरिकन फुटबल, बक्सिङ, मार्सल आर्टका खेलहरू, कुस्ती र वाटर पोलोजस्ता खेलहरूमा हुन्छन् । यी खेलमा हुने झडप केबल खेलाडीहरूबीच मात्र नभएर प्रशिक्षक र दर्शकबीच पनि हुने गर्छ । मैदानभित्रको आक्रोशलाई लिएर दर्शकहरूबीच रंगशाला र रंगशाला बाहिर हुने भिडन्त भने सबैभन्दा हिंसात्मक हुन्छ । यही कारण फुटबलका बेलायती र रसियन दर्शकलाई सर्वाधिक हुल्याहा मानिन्छ । युरोपमा आयोजना हुने फुटबल प्रतियोगितामा यस्ता हुल्याहा दर्शकको पहिचान गरेर आयोजक देशमा प्रवेश गर्नसमेत निषेध गर्ने गर्छन् ।

खेलकुदमा हुने हिंसाको विषयमा युनिभर्सिटी प्रेस अफ अमेरिकाका फ्र्यांक सालामोनीले केही कारण खुलाउने प्रयास गरेका छन् । जसमा उनी भन्छन्- मानिसको विकास नै हिंसाबाट भएको हो । मानिसले सामाजिक परिवेशमा आफूलाई बलियो देखाउन हिंसाकै साहारा लिने गर्थे यही कारणले पनि खेलकुदमा आफ्नो अस्थित्व बलियो देखाउन हिंसाको साहारा लिने गर्छन् । अर्को कारणमा फ्र्यांक भन्छन्- खेलकुद भनेको एउटा नियम र अनुशासनमा बसेर आफ्नो अस्थित्व देखाउने माध्यम हो । कहिलेकाँही खेलाडीहरूले यो नियमको परिधि पार गर्दा हिंसा हुन्छ ।

केही खेलको प्रकृति नै हिंसा बढाउने खालको हुन्छ । यस्ता खेलमा बक्सिङ र मार्सल आर्ट आदिलाई लिन सकिन्छ । यी खेलमा खेलाडी खेलकै नियममा बसेर पनि हिंसात्मक हुनै पर्ने अवस्था हुन्छ । यस्तो बेलामा खेलाडीले आफूले पाउने अंकमा कमी भएमा वा आफूले कम आंकलन गरेका खेलाडीले खेल जितेमा उनीहरू हिंसात्मक हुने सम्भावना बढी हुन्छन् । खेलकुदलाई हिंसात्मक बनाउन दर्शकको पनि भूमिका हुन्छ । दर्शक मदिरासेवन गरेर दर्शकदीर्घामा बसेका छन् वा विपक्षी टिमका समर्थकहरू छन् भने उनीहरू हिंसात्मक घटना निम्त्याउन सधैं अग्रसर भइरहेका हुन्छन् । यो कुरालाई मध्यनजर गरेर आयोजकले सधैं समर्थक टिमका दर्शकलाई अलग अलग राख्ने ब्यवस्था मिलाए पनि रंगशाला बाहिर गएर भए पनि उनीहरू झगडामा उत्रिने गर्छन् ।



# फुटबल होइन, मुक्कामुक्की

मनाङ-मर्स्याङ्दी र मछिन्द्रबीच यसपल्टको सहिद स्मारक लिग ए डिभिजनमा भएको खेललाई धेरैले पछिसम्म पनि सम्झिनेछन् । पाँचौं चरणको यो खेल २-२ को बराबरीमा टुंगिएको थियो । खेलअगाडि नै प्रतिस्पर्धा तनावपूर्ण हुने अनुमान गर्न सकिन्थ्यो, किनभने मछिन्द्रले लिग जित्ने महत्त्वकाक्षांसहित मनाङका आधा दर्जनभन्दा बढी खेलाडी आफ्नोमा भित्र्याएको थियो, तर त्यति धेरै तनावपूर्ण हुने सोचिएको थिएन, जति आखिरमा दशरथ रंगशालामा देखियो ।

खेल सकिएलगत्तै दुवै टिमका खेलाडी मैदानमै भिड्न थालेका थिए । मुक्कामुक्कीको स्थिति तयार भएको थियो । धेरैले यसलाई निको मानेनन् । आखिरमा लिग आयोजना कमिटीले कारबाहीको ठूलै निर्णय पनि गऱ्यो । यो झगडामा मनाङकै खेलाडी बढी दोषी थिए, त्यसैले यही टिमका खेलाडी बढी कारबाहीमा परे । जगजित श्रेष्ठलाई ५ र अशोक बराललाई ६ खेलको प्रतिबन्ध लगाइयो । यस्तै रञ्जन विष्टलाई २ खेलका लागि निलम्बन गरियो । मनाङकै किट्स म्यानेजर शिव लामा त पूरा लिगकै लागि निलम्बनमा परे ।

यस्तै मछिन्द्रका तर्फबाट दीपक राई, देवेन्द्र तामाङ र विजय धिमाल कारबाहीमा परे, दुई-दुई खेलको निलम्बनसहित । खेल सकिएलगत्तै जगजितले दीपकलाई कुहिनाले प्रहार गरेपछि झगडा सुरु भएको थियो ।

मध्यपुरले एकैपल्ट मात्र ए डिभिजनको लिग खेलेको छ र त्यो २०६९ सालमा हो । मध्यपुरले लिगमा राम्रो सुरुवात त लियो, तर लामो समय समान लयमा खेल्न सकेन र अन्ततः रेलिगेसनमा पऱ्यो । जुन दिन मध्यपुर रेलिगेसनमा परेको थियो, त्यस दिन त्यस क्लबका पदाधिकारीले निकै उपद्रो मच्चाए । अझ त्यसलाई मिल्दो हुने गरेर मध्यपुरका समर्थकले पूरा रंगशालामै कहालीलाग्दो स्थिति सिर्जना गरे ।

मध्यपुरका अध्यक्ष उपेन्द्रमान सिंहलाई सबै खाले फुटबल गतिविधिबाट एक वर्षका लागि प्रतिबन्ध लगाइयो ।

नेपाली लिग फुटबलमा सबैभन्दा सफल क्लब हो– मनाङ । यही क्लबसँग एउटा यस्तै ठूलो भिडन्तको इतिहास पनि जोडिएको छ । फ्रेन्ड्स युनियनले २०२४ सालमा ए डिभिजन लिग जितेको थियो । अहिले यसको अस्तित्व छैन, यसको नयाँ रूप थ्रीस्टार हो । त्यही बेला एउटा खेलमा फ्रेन्ड्स युनियन र ठमेल-११ भिडेका थिए । त्यसमा पनि यस्तै खेलाडीहरूबीच मुक्कामुक्की चलेको थियो । त्यस दिनको खेलमा खासमै के भएको थियो, त्यसबारे बताउने पनि धेरै अब रहेनन् ।

तर भनिन्छ, दुवै टिमका समर्थक र खेलाडीले आफ्ना प्रतिद्वन्द्वी खेलाडीलाई लखेटेर कुट्ने प्रयास गरेका थिए । त्यस घटनाबारे सुनेकाहरू केसम्म भन्छन् भने त्यति बेलाजस्तो भिडन्तको स्थिति दशरथ रंगशालाको इतिहासमै देखिएको थिएन । नतिजा, ठमेल-११ माथि प्रतिबन्ध नै लाग्यो र पछि जन्मियो– तिनै मनाङ मर्स्याङ्दी । त्यही कारणले गर्दा अहिलेसम्म पनि मनाङ र थ्रीस्टार भिड्नुपर्छ, खेल तनावपूर्ण हुन्छ नै ।

अन्तर्राष्ट्रिय फुटबलमा देखेको यस्तै तनावपूर्ण स्थिति भने सन् १९९७ को साफ च्याम्पियनसिपको बेला थियो, जति बेला माल्दिभ्स र श्रीलंका सेमिफाइनलमा भिडेका थिए । त्यो खेल माल्दिभ्सले २-१ ले जितेको थियो । सेप्टेम्बर १० मा भएको त्यस खेलमा माल्दिभ्सले ८९ औं मिनेटमा निर्णायक गोल गरेको थियो । खेल सकिएलगत्तै दुवै टिमका खेलाडी र पदाधिकारी तनावमा आए र एक-अर्काविरुद्ध झगडा गर्न थाले । निकै तनावको स्थिति बनेको थियो र दुवै टिमलाई छुट्याउन पनि लामै समय लागेको थियो ।

खेलकुद

# सन्तोषले कोरेको चुनौती

हिमेश

यसपल्टको सहिद स्मारक लिग ए डिभिजनमा कोही खास खेलाडीको सबैभन्दा बढी चर्चा भएको छ भने त्यो सन्तोष साहुखलकै हो। उनको लगातार चर्चा चलिरहेको छ र यो लिग सकिएपछि मात्र सेलाउनेछ। लिगको छैटौं चरणमा उनको क्लब च्यासलले एपीएफको सामना गरेको थियो र त्यसको नतिजा रह्यो, गोलरहित बराबरी। खेलपछि सबैको प्रश्न थियो– किन सन्तोषले गोल गर्न सकेनन् त ? एपीएफले पनि एउटै रणनीति बुनेको थियो– सन्तोषलाई रोक्ने।

त्यसै त खेलको दोस्रो हाफमा च्यासलले पनि सन्तोषलाई मिडफिल्डतिर झारेर अर्कै खेलाडीलाई अगाडि पठाएको थियो, किनभने एपीएफको डिफेन्सले पूर्णतः आफ्नो ध्यान सन्तोषमा केन्द्रित गरेको थियो। एपीएफका प्रशिक्षक राजेन्द्र तामाङले के भने भने उनको टिम औसत खालको मात्र छ, त्यसैले यस्तो खेलमा सन्तोष निर्णायक हुन सक्छन्। कारण स्पष्ट छ, नेपाली फुटबलमा दुई दशकभन्दा केही कम समय बिताइसक्दा पनि सन्तोषको खेल अझै प्रतिद्वन्द्वी टिमका लागि भारी हुने गर्छ।

त्यसैले त च्यासलले पनि उनलाई केन्द्रमा राखेर टिम बनाएको छ। संयोगले च्यासलका प्रशिक्षक बालगोपाल साहुखल सन्तोषका आफ्नै दाइ हुन्। बालगोपालको यो रणनीतिका कारण जति बेला सन्तोष चम्किने गर्छन्, टिम जित्छ। जति बेला सन्तोष गोल गर्न सक्दैनन्, टिम स्वतः दबाबमा आउने गर्छ। च्यासलले धेरैभन्दा धेरै एकै खेलाडीमा मात्र ध्यान केन्द्रित गरेको हुनाले पनि आफ्नो स्वाभाविक प्रदर्शन गर्न सकेको छैन। खासमा सन्तोष खेलाडी नै यस्तै हुन्।

उनको उदय २०६० सालयता भएको हो, त्यसयता उनले लगातार खेलिरहेका छन्। चार वर्षदेखि उनी जापानमा छन्, तर लिग खेल्नका लागि दुई वर्षयता नेपाल आइरहेका छन्। पछिल्लो १८ वर्षमा उनी नेपाली घरेलु नेपाली फुटबलका सबैभन्दा बढी गोल गर्ने खेलाडी हुन्। उनको समयमा नेपाली फुटबलमा तीन फरवार्डले नाम कमाए। एक हुन्– जुमनु राई। अर्का– अनिल गुरुङ। यो समयमा यिनै तीन फरवार्डको वर्चस्व रह्यो।

जहाँ जुमनु र अनिलले नेपाली राष्ट्रिय टिमका लागि धेरै अवसर पाए, त्यहीं सन्तोषले भने पाएनन्। तर, एउटा तथ्य के निश्चित छ भने यिनै दुई खेलाडीको तुलनामा सन्तोष घरेलु फुटबलमा भने निकै प्रभावशाली रहे। हामीसँग ठ्याक्कै तथ्यांक छैन, किनभने नेपाली खेलकुदमा इतिहास राख्ने काम खासै हुँदैन। तर एउटा तथ्य के स्पष्टसँग दाबी गर्न सकिन्छ भने उनी घरेलु नेपाली फुटबलमा सर्वाधिक गोल गर्ने खेलाडीको सूचीमा पक्कै पनि सबैभन्दा अगाडि छन्, सम्भवतः उनले ३ सयको हाराहारीमा गोल गरिसकेका छन्।

सके, त्योभन्दा पनि बढी। त्यसमध्ये एकतिहाइ त लिगमै भयो। यसपल्टको लिगमै हो, उनले आफ्नो सय गोल पूरा गरेको। उनले यो कोसेढुंगा के हात पारे, स्वाभाविक रूपमा सबैको ध्यान उनमै केन्द्रित भयो। पुलिसविरुद्धको खेलमा उनले दुई गोल गरे र यो पाँचौं चरणको खेल थियो। त्यसमध्ये पहिलो गोलसँगै उनले आफ्नो सय गोल पूरा गरे भने त्यसपछि आफ्नो गोल संख्यालाई १ सय १ पुर्‍याए। पुलिसविरुद्धको त्यो सयौं ऐतिहासिक गोल १८ औं मिनेटमा सम्भव भएको थियो।

सन्तोषले आफ्नो खेलजीवनमा सबैभन्दा बढी थ्रीस्टारका लागि खेले, त्यसपछि च्यासल नै भयो। त्यसबाहेक उनले एपीएफ र मनाङ-मर्स्याङ्दीका लागि पनि खेले। संयोगले उनी आफ्नो प्रतिद्वन्द्वी पुलिस हुनुपर्छ, गोल गरिहाल्छन्। यसपल्ट पनि यस्तै भयो, लगातार दुई खेलमा गोल गर्न चुकेपछि पुलिसविरुद्ध सजिलै गोल गरे। पुलिसविरुद्ध सबैभन्दा बढी गोल गर्नेमा उनी नै अगाडि छन्। सन्तोषविरुद्ध खेलेका र अहिले पुलिसका प्रशिक्षक भइसकेका अनन्त थापाले पनि खेलपछि माने, सय गोलको उपलब्धि ख्याल-ठट्टा गर्न लायक होइन।

अनन्तकै भाषामा यो अद्वितीय छ। सन्तोषको यो उपलब्धिलाई हेर्ने दुई दृष्टिकोण छन्। पहिलो त भयो, उनको खेलप्रतिको लगाव र त्यसका लागि उनले गरेको मेहनत। जति बेला उनले भर्खर-भर्खर फुटबल खेल्न सुरु गरेका थिए, त्यति बेला उनी 'टिनएज' को मध्य समयबाट गुज्रिरहेका थिए। स्कुल सकेर ड्रेसमै दशरथ रंगशालामा आउने गर्थे र थ्रीस्टारका लागि मैदानमा उत्रन्थे। त्यो समय नेपाली घरेलु फुटबलमा थ्रीस्टारको पुनरोदयको काल थियो र यसमा सन्तोषको राम्रै योगदान छ।

सुरेन्द्र तामाङ र सन्तोषको फरवार्ड जोडी खुबै घातक सावित भएको समय थियो। त्यसयता उनले लगातार खेलिरहे। एक प्रकारले जुमनु हराइसके, अनिल पनि सुस्ताइसके, तर सन्तोषको प्रभाव अझै उत्तिकै छ। अझ सन्तोषकै भनाइ मान्ने भने हो त उनी आजभोलि पहिलेको तुलनामा बढी फिट छन्, उत्तिकै अनुशासित जीवन पनि बिताइरहेका छन्। भनिन्छ, सुरुवाती दिनमा उनी आफ्नो खेललाई लिएर खुबै हेलचेक्र्याइँ गर्थे।

आफूलाई चित्त बुझेन भने जानाजान राम्रो खेल्न छाड्थे। उनको व्यक्तिगत जीवन पनि व्यवस्थित थिएन, के खानुपर्छ र खेलाडीले के गर्नुपर्छ र के गर्नु हुँदैन, त्यो उनलाई हेक्का थिएन्। त्यही बेला उनी आफ्नो खेल जीवनलाई लिएर गम्भीर र व्यवस्थित हुन्थे त उनको नाममा अझ बढी गोल हुन्थ्यो, त्यो निश्चितजस्तै छ। जापान गएयता भने उनले एउटा फुटबल खेलाडीको जीवन कस्तो हुनुपर्छ, त्यो सबै बुझे र त्यसअनुसार काम पनि गरे।

उनी जापानमा काम पनि गर्छन्, फुटबल पनि खेल्छन्। अचेल उनी खालि फुटबलमा मात्र ध्यान दिन्छन्। उनलाई आजभोलि यी सबै तथ्यको राम्रो हेक्का छ, कति बेला उठ्ने र सुत्ने, कस्तो खाने र कस्तो नखाने। खाने पनि कति खाने र कस्तो सम्मिश्रण बनाएर खाने। यसलाई डाइट प्लान भनौं अनि समयमै अभ्यासका लागि मैदान पुग्ने। मैदानमा पुग्न ढिला गरेर कुनै बहाना पनि नबनाउने। अब त उनको योजना नै छ, यी सबै आफूले सिकेका पाठ आफूभन्दा जुनियर र नयाँ खेलाडी भाइहरूलाई सिकाउने।

सन्तोष अचेल हाकाहाकी भन्छन्, 'फुटबल खेलाडी हुने हो भने यसमा गम्भीर बन, होइन भने अरू नै पेसा रोजे राम्रो। यसपल्टको लिगमा सबैभन्दा बढी अनुभव गरिएको तथ्य के हो भने नेपाली खेलकुदमा स्ट्राइकरको ठूलो अभाव छ। लिगमा गोल नै भइरहेका छैनन् र गोल गर्न सक्ने खेलाडीको ठ्याक्कै अभाव देखिन्छ। यसलाई नेपाली फुटबलले सामना गरेको सबैभन्दा ठूलो समस्या धध भने हुन्छ।

यसै पृष्ठभूमिमा यसपल्टको लिगमा अहिलेसम्म सबैभन्दा सफल स्ट्राइकर अरू कोही होइन, यिनै सन्तोष हुन्। उनले ५ गोल गरिसके। सबैभन्दा बढी गोल गर्ने खेलाडीको सूचीको शीर्ष स्थानमा छन्। एक त सन्तोषको खेलजीवन अन्त्यतिर पुगिसकेको छ, उनी जापानमा काम पनि गर्छन् र फुटबल खेल्छन्, त्यो पनि निकै तल्लो डिभिजनमा।

यिनै खेलाडी फरवार्डमा खेल्नेमध्ये सबैभन्दा राम्रा देखिएका छन्। यसमा दुःख मान्ने कि सन्तोषलाई प्रशंसा मात्र गरिरहने ? सन्तोष पनि भन्छन्, यो त राम्रो होइन, उनलाई पनि खुसी हुनेछ, यदि नेपाली फुटबलमा राम्रा-राम्रा फरवार्ड निस्कने हो भने। अनि सन्तोष के पनि मान्छन् भने नयाँ र युवा खेलाडीले उनको सय गोलको उपलब्धिलाई उछिन्न प्रयास गर्छ भने त्यसले पनि अन्ततः नेपाली फुटबललाई फाइदा गर्नेछ। सन्तोषले नेपाली फुटबलमा कोरेको चुनौती यही हो।



तस्बिर : हेमन्त श्रेष्ठ

जाँदा-जाँदै



तस्बिर : महेश प्रधान

# ‘हाम्रो भलिबलको स्तर सुधार भएको छ’

**२०६४ सालमा पहिलो पटक सुदूरपश्चिमको महिला भलिबल टिममा खेलाडी नपुगेपछि सरस्वती चौधरी गणतान्त्रिक राष्ट्रिय भलिबल प्रतियोगिता खेल्न काठमाडौं आइन् । कैलाली धनगढी प्रगतिटोलकी सरस्वती त्यही प्रतियोगितामा भलिबल प्रशिक्षक बलराम क्षेत्रीको आँखामा परिन् । ६ फिट १ इन्च अग्ली सरस्वतीमा सम्भावना देखेपछि प्रशिक्षक क्षेत्रीले पोखराको फिस्टेल एकेडेमीमा पढ्ने र भलिबल खेल्ने व्यवस्था गरिदिए । फिस्टेलको टिमबाट उनले पाँच वर्ष भलिबल खेलिन्, पढाइ पनि सँगसँगै अगाडि बढाइन् । २०७० सालमा सरस्वतीमाथि एपीएफको विभागीय टिमको नजर पर्‍यो । त्यहीं उनको खेल कौशल तिखारियो । राष्ट्रिय महिला टिमबाट ओपन स्पाइकरको भूमिकामा खेल्ने २४ वर्षीया सरस्वती विभागीय टिम एपीएफबाट भलिबल खेल्छिन् । हालै सम्पन्न न्यू डायमण्ड महिला भलिबल प्रतियोगितामा एपीएफलाई च्याम्पियन बनाउन उनको महत्त्वपूर्ण भूमिका रह्यो । उनी सर्वोत्कृष्ट खेलाडीका साथै प्रतियोगिताको उत्कृष्ट सर्भर समेत घोषित भइन् । सरस्वतीसँग साप्ताहिकका जनक तिमिल्सिनाको जम्काभेटमा भएको कुराकानी :**

**न्यू डायमन्ड महिला भलिबल प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी हुनुभयो, कस्तो अनुभव भइरहेको छ ?**

एकदमै खुसी लाग्यो । पहिलो कुरा त व्यक्तिगत एवार्डभन्दा पनि टिम निरन्तर च्याम्पियन बन्न सफल रह्यो । बेस्ट प्लेयर र वेस्ट सर्भरको एवार्ड पाउँदा अझ धेरै खुसी लाग्यो ।

**भलिबलमा कसरी आउनुभयो ?**

पहिले खेलकुदमा रुचि थिएन । परिवारका कोही खेलकुदमा थिएनन् । ०६४ सालमा सुदूरपश्चिमाञ्चलबाट खेल्ने खेलाडी नपुगेपछि विष्णु चौधरी दाइले मेरो हाइट देख्नुभयो । उहाँले नै ‘तिमी भलिबल खेल, तिम्रो हाइट पनि राम्रो छ, राम्रो खेल्न सक्छौं’ भनेर ममा खेल्ने आँट भरिदिनुभयो । एक हप्ताको प्रशिक्षण गरेपछि म गणतान्त्रिक राष्ट्रिय खेलकुद खेल्न आएँ ।

**भलिबल खेल्ने निर्णयमा परिवारको समर्थन थियो ?**

सुरुमा भलिबल खेल्न मलाई नै रुचि थिएन । विष्णु दाइले नै मेरो परिवारलाई पनि कन्भिन्स गर्नुभएको हो । उहाँहरूले छोरीलाई राम्रो हुन्छ भने ठीकै छ भनेर पठाउनुभयो । बुवाआमाको त्यो निर्णयले अहिले म नेपालको राष्ट्रिय खेलाडी बन्न पाएँ, एकदमै खुसी लाग्छ । अहिले झन् राम्रो गर्नुपर्छ भन्ने लाग्न थालेको छ । बुवाआमा मेरो खेलबाट गौरव महसुस गर्नुहुन्छ ।

**माल्दिभ्समा भलिबल लिग खेलेर आउनुभयो । त्यहाँको अनुभव कस्तो रह्यो ?**

पहिलेदेखि नै माल्दिभ्समा लिग खेल्न मलाई बोलाउनुहुन्थ्यो । तर, कहिले परीक्षा पर्थ्यो, कहिले नेपालमै आन्तरिक टुर्नामेन्टहरूमा व्यस्त भइरहेकी हुन्थें । त्यही कारण जान पाएकी थिइनँ, यस पटक पहिलो पटक माल्दिभ्समा लिग खेल्ने अवसर जुर्‍यो । हाम्रो टिम लिगमा तेस्रो भए पनि त्यहाँ मैले व्यक्तिगत रूपमा राम्रो अनुभव बटुल्ने अवसर पाए ।

**विदेशी लिगहरूमा के फरक हुँदो रहेछ ?**

राष्ट्रिय टिमहरूको तुलना गर्ने हो भने माल्दिभ्सको भन्दा नेपालको टिम बलियो छ । लिगमा विदेशी खेलाडीहरू एक-दुई जनाले खेलिरहेका हुन्छन् । त्यसैले उनीहरूको स्पाइक, डिफेन्सका साथै टेक्निकहरू पनि फरक हुन्छ । बाहिर गएर खेल्दा त्यहाँबाट राम्रो प्लेयरहरूको टेक्निक सिक्ने अवसर मिल्छ । हामी थाइल्यान्डमा खेलेर फर्कियौं, माल्दिभ्समा लिग पनि खेलेर आएँ । त्यहाँको राम्रो पक्ष स्कुलको जुनियर तहदेखि भलिबल खेलाइन्छ, सिकाइन्छ । त्यसैले उनीहरू सेकेन्डरी लेभलमै राम्रो भइसकेका हुन्छन् । प्रायः त्यहाँ इन्डोर मात्रै भलिबल खेलिन्छ । तर, हामी बाहिरै प्रशिक्षण गर्छौं, त्यसैले अन्तर्राष्ट्रिय प्रतियोगिता इन्डोरमा खेल्दा कहिलेकाहीं गाह्रो पर्छ ।

**साग महिला भलिबलमा रजत पदक जित्नुभयो । दोस्रो हुनेलाई पुरस्कार घोषणा भएको छैन । कसरी हेरिरहनुभएको छ ?**

पुरस्कार घोषणा हुँदा हामीलाई ठूलो आशा थियो । हामीले के प्राइज पाउँला भनेर उत्साहित थियौं । अहिले पनि हामीलाई दिने प्राइजको अन्योलता नै छ । तर, सिंगल गेम्सका खेलाडीहरूलाई दिइएजस्तै हामी सामूहिक गेम्सका खेलाडीलाई पनि पुरस्कार दिए अझ राम्रो हुन्थ्यो । किनभने खेलाडीहरूको उस्तै इफोर्ट हुन्छ, भलिबल खेल्दा ६ जनाकै बराबर इफोर्ट हुन्छ । सिंगल र टिम गेम्सको पुरस्कार राशि बराबर गरिदिए हुन्थ्यो ।

**भलिबलको विकासका लागि भएका सरकारी प्रयास पर्याप्त छन् ?**

पहिलाको तुलनामा हाम्रो भलिबलको स्तर इम्प्रुभ भएको छ । भलिबलमा राम्रो इम्प्रुभमेन्ट देखिन थालेको छ । सागलाई हामीले म्याच एक्स्पोजरका लागि थाइल्यान्ड गएर प्रशिक्षण गर्‍यौ । बंगलादेशमा भएको सेन्ट्रल जोन जितेपछि हामीमा झन आत्मविश्वास बढ्यो । अबका दिनमा अझै धेरै फ्रेन्ड्ली म्याच खेल्न पाए भारतलाई पनि जित्छौं जस्तो लाग्छ । भारतलाई हराउने मात्र होइन, एसियन गेम्समा पनि हामी राम्रो नतिजा ल्याउँथ्यौं । अब राम्रा खेलाडीहरू राइज गर्नका लागि राज्यले स्कुल तहदेखि नै भलिबललाई प्राथमिकतामा राखेर योजनाहरू बनाउनुपर्छ ।

**क्रिकेटमा अहिले धेरै लिगहरू भइरहेका हुन्छन्, तर भलिबलमा त्यति धेरै देखिँदैन् नि ?**

हो, त्यस्ता घरेलु लिगहरू भएका भए नयाँ खेलाडीहरू अझ धेरै जन्मिन्थे । भलिबलको क्रेज पनि बढ्थ्यो । यसबाहेक फुटबल र क्रिकेटमा राष्ट्रिय खेलाडीहरूको निश्चित तलबको व्यवस्था छ । भलिबलमा राष्ट्रिय खेलाडीहरूको हकमा पनि त्यो गरेको भए हुन्थ्यो । अहिले नेपालमा भलिबल खेलाडीहरू करिअरका हिसाबले पनि विभागीय क्लबहरूलाई रोज्छन् । बाहिरका क्लबहरूबाट खेल्दा भलिबल खेललाई नै करिअरका रूपमा अगाडि बढाउन गाह्रो छ । त्यसको असर खेलाडीको प्रशिक्षण र डाइटजस्ता कुराहरूमा पर्छ, जसको अभावमा राम्रो सम्भावना भएका प्लेयर पनि हराउँदै जान्छन् । त्यसैले भलिबलमा पनि राष्ट्रिय खेलाडीलाई तलबको व्यवस्था गरेमा त्यसले परिणाम राम्रो ल्याउन टेवा पुर्‍याउँछ ।

**भलिबल राष्ट्रिय खेल पनि हो । यसले आफ्नो गौरव जोगाइरहेको देख्नुहुन्छ ?**

भलिबललाई राष्ट्रिय खेल बनाएदेखि सबै भलिबल खेलाडी खुसी भएका छन् । राष्ट्रिय खेललाई कसरी अगाडि बढाउने भन्ने विषयमा संघले पनि सोचिरहेको छ । खेलाडीहरूमा पनि यसले छुट्टै जोस थपेको छ । सेन्ट्रल जोनमा च्याम्पियन भयौं, सागमा रजत जित्यौं । दर्शकको पोजेटिभ प्रतिक्रिया र साथले थप उत्साहित बनाएको छ ।

**राष्ट्रिय भलिबल टिमलाई सुन्दरीहरूको टिम पनि भनिन्छ नि ?**

यसोभन्दा एकदमै खुसी लाग्छ । भलिबल खेलाडीसँगै सौन्दर्यको पनि प्रशंसा गर्नुहुन्छ, त्यसले खेलाडीका रूपमा भन्दा हामीमा थप उत्साह भर्ने काम गर्छ ।

**तपाईंलाई खेल्न मन पर्ने भूमिकाचाहिँ के हो ?**

मलाई ब्लक गर्न एकदमै मन पर्छ । पहिले आफ्नो क्विक स्पाइकिङ एकदमै मन पर्थ्यो । त्यसपछि अहिलेसम्म मलाई आफूले हानेको केही पनि मन पर्दैन । हाइटका कारणले पनि होला, ब्लक गर्न भने एकदमै रमाइलो लाग्छ ।

**सामाजिक सञ्जालतिर फ्यानहरूले कत्तिको पछ्याउँछन् ?**

फेसबुकतिर उत्साह भर्ने खालका कमेन्टहरू आइरहेका हुन्छन् । त्यसले प्रेरणा भर्ने काम गरिरहेको हुन्छ, खुसी हुन्छु ।

**भलिबल खेलाडीहरूका समस्या के देख्नुहुन्छ ?**

हामीले अन्तर्राष्ट्रिय टुर्नामेन्टका लागि वर्षभरि नै प्रशिक्षण गरिरहेका हुन्छौं । अस्ति-अस्तिसम्म अन्तर्राष्ट्रिय टुर्नामेन्ट खेल्न पाइँदैन्थ्यो । पछिल्लो केही समय हामीले दुईवटा अन्तर्राष्ट्रिय टुर्नामेन्ट खेल्न पायौं । यस्तै अझै धेरै अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्ने अवसर जुराइदिएमा हाम्रो एक्स्पोजर पनि राम्रो हुन्थ्यो जस्तो लाग्छ । सधैं क्लबबाट मात्रै खेलेर हुँदैन, अन्तर्राष्ट्रिय स्तरमा पनि देशको राम्रो छाप बनाउनुपर्छ ।

**अब के गर्ने योजनामा हुनुहुन्छ ?**

खेल्न सकुन्जेल राम्रो खेल्ने योजनामा छु । पढाइलाई पनि सँगसँगै अगाडि बढाइरहेकी छु ।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, सम्पादक : **राजाराम गौतम**